सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२३ कात्तिक २०८१, शुक्रबार (8 Nov 2024, Friday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २०१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

निगमको वाइडबडी ७१ दिनदेखि इटालीमै अलपत्र

एक महिनामा फर्किने गरी मर्मतका लागि पठाइएको थियो जहाज



अन्तर्राष्ट्रिय उडानका लागि निगमसँग चार जहाज छन् । तर, एउटा वाइडबडी र दुई न्यारोबडी जहाज हाल सञ्चालनमा छन् । इटालीमा रहेको वाइडबडी जहाज ग्राउन्डेड हुँदा हालसम्म ५२ करोड रुपैयाँको व्यावसायिक घाटा भइसकेको स्रोतको भनाइ छ । 'एउटा जहाज अभावका कारण अन्तर्राष्ट्रियतर्फका सबै उडान प्रभावित भइरहेका छन् । एयरपोर्ट लाउन्ज प्रयोग, यात्रुलाई होटेलमा राख्दाको खर्च, टिकेट रि-रुटिङ गर्नुपर्दा संस्थालाई दैनिक ५० लाखहाराहारी नोक्सानी भइरहेको छ,' स्रोतले भन्यो । इटालीमा अलपत्र जहाजका कारण भारतमा दैनिक दुई उडान रहेकोमा अहिले एउटा मात्र भइरहेको छ । कमाइ हुने मुख्य सिजनमा जहाज अभाव हुँदा थप नोक्सानीतर्फ धकेलिएको छ ।



● **रमेश पौडेल**
प्रवक्ता, वायुसेवा निगम

एक महिनामा सि-चेक गरेर फर्काउने गरी जहाज इटाली पठाएको हो, तर अहिलेसम्म फर्किएको छैन । कहिलेसम्म आइपुग्छ भन्ने यकिन पनि भएन । इटालियन कम्पनीले जहाज मर्मत गर्दै छौं, काम हुँदै छ, सकेसम्म चाँडै मर्मत सकेर दिन्छौं भनेको छ ।

नवीन अर्याल/नयाँ पत्रिका

पर्यटकीय सिजन सुरु भइसकेकाले विश्वभर बढ्ने यात्रुको संख्यालाई सेवा दिने गरी उडान तालिका थप्न यतिबेला सबै देशका एयरलाइन्स व्यस्त छन् । तर, एक महिनामा फर्किने गरी सामान्य मर्मत (सि-चेक)का लागि गत १२ भदौमा इटाली पठाइएको नेपाल वायुसेवा निगमको जहाज भने अहिलेसम्म उतै अलपत्र छ ।

अन्तर्राष्ट्रिय उडानलक्षित २७४ सिट क्षमताको वाइडबडी जहाज मर्मतका नाममा ७१ दिनदेखि इटालीमै अलपत्र हुँदा पनि झिकाउन निगम व्यवस्थापनले पहल नगरेको स्रोतको भनाइ छ । इटालियन कम्पनी एटिटेकसँग भएको सम्झौताबमोजिम सि-चेक सकेर जहाज ११ असोजमै आइपुनुपर्ने हो ।

निगम प्रवक्ता रमेश पौडेल मर्मत सकेर जहाज कहिले आइपुग्छ भन्ने अझै यकिन भइनसकेको बताउँछन् । 'एक महिनामा सि-चेक गरेर फर्काउने गरी जहाज इटाली पठाइएको हो, तर अहिलेसम्म फर्किएको छैन,' उनले भने, 'इटालियन कम्पनीले जहाज मर्मत गर्दै छौं, काम हुँदै छ, सकेसम्म चाँडै मर्मत सकेर दिन्छौं भनेको छ ।'

जहाज इटाली उडेको भोलिपल्टै १३ भदौमा निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीले संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा एक महिनाभित्र जहाज

» पृष्ठ २ मा क्रमशः

यसअघि पठाइएको वाइडबडी फर्किन पनि लागेको थियो ८२ दिन

■ त्यसबारे छानबिन समितिले भनेको थियो-

इटालियन कम्पनीलाई मर्मतको जिम्मेवारी दिनु नै त्रुटिपूर्ण

नागरिक उड्डयन प्राधिकरण (क्यान)का पूर्वमहानिर्देशक त्रिरत्न मानन्धरको संयोजकत्वमा वायुसेवा निगमको कामकारबाहीका सम्बन्धमा छानबिन गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले समिति गठन गरेको थियो । सो समितिले बुझाएको प्रतिवेदनमा निगम नेतृत्वले वाइडबडीको सि-चेकका लागि गरिएको एमआरओ छनोट प्रक्रियामाथि नै प्रश्न उठाएको छ ।

असारमा ९ एन-एएलवाई कलसाइन भएको अर्को वाइडबडी जहाज मर्मतका लागि पठाएकोमा ८२ दिनपछि मात्रै आइपुगेको थियो । जहाज मर्मतमा भएको ढिलाइबारे सो समितिले गरेको अध्ययनपछि प्रतिवेदनमा भनिएको छ, '९ एन-एएलवाई मर्मतसम्भार संस्था (इटालियन कम्पनी एटिटेक)मा लैजानुअघि निगमको आर्थिक विनियमावली, २०६५ तथा सार्वजनिक खरिद ऐन नियमका प्रावधानहरू पूर्ण रूपमा पालना भएको देखिएन ।' त्यस्तै, सोही प्रतिवेदनकै सिफारिस तथा सुझावहरू खण्डको 'ख' बुँदामा भनिएको छ, 'इटालीको एटिटेकसँग गरिएको ठेक्का प्रक्रिया त्रुटिपूर्ण देखिएको हुँदा त्रुटि सच्याउन विद्यमान प्रावधानबमोजिमको प्रक्रिया अवलम्बन गर्न मनासिव देखिएको छ ।' तर, त्रुटि सच्याउन निगम नेतृत्व तयार भएको छैन भने मन्त्रालयले पनि कुनै हस्तक्षेप गर्न सकेको छैन ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ निवर्तमान मन्त्री मुछिएको मानव तस्करी प्रकरण

जापान जान तीन युवाले बुझाएका थिए १० देखि १३ लाखसम्म

मन्त्रीसँगै टोकियो पुगेका र त्यहाँबाट डिपोर्ट गरिएका तीन युवाले दिए जापान जान १३ लाखसम्म बुझाएको बयान

● **एसएसपी सानुराम भट्टराई**
प्रमुख, काठमाडौं उपत्यका
अपराध अनुसन्धान कार्यालय



विमानस्थलको अध्यागमनले जिम्मा लगाएपछि हामीले घटनाको प्रारम्भिक अनुसन्धान गर्‍यौं । जापान जाने प्रयोजनमा युवाहरूले रकम नै बुझाएका छन् । घटनामा अन्य पनि संलग्न रहेको देखिन्छ ।

■ **घटना सार्वजनिक भएपछि आन्तरिक मामिलामन्त्रीबाट राजीनामा दिएका अधिकारीमाथि प्रहरी अनुसन्धान जारी**



लीलाबल्लभ अधिकारी, कोशी प्रदेशका निवर्तमान आन्तरिक मामिला तथा कानुनमन्त्री

टेकराज थामी/नयाँ पत्रिका

मानव तस्करीमा मुछिएपछि बुधबार मात्रै पदबाट राजीनामा दिएका कोशी प्रदेशका निवर्तमान आन्तरिक मामिला तथा कानुनमन्त्री लीलाबल्लभ अधिकारीसँग जापान गएका तीन युवाले तस्करलाई प्रतिव्यक्ति १० लाखदेखि १३ लाख रुपैयाँका दरले बुझाएको खुलेको छ । धादिङको त्रिपुरा-सुन्दरी गाउँपालिका- ६ का महेश पाण्डेलाई जनही १० लाखदेखि १३ लाख रुपैयाँका दरले रकम बुझाएको पक्राउ परेकाहरूले बयान दिएका हुन् । उक्त रकम अधिकारीकहाँ पुगे-नपुगेको विषयमा भने अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

अनुसन्धानमा संलग्न प्रहरीले भने, 'जापानसम्म पुऱ्याउने, टिकटको व्यवस्था गर्ने, नक्कली कागजात बनाउने, भिसा उपलब्ध गराउनेसम्मको प्रयोजनका लागि महेशले युवाबाट प्रतिव्यक्ति १० देखि १३ लाख रुपैयाँका दरले रकम असुलेको देखिन्छ । यसको हिस्सा निवर्तमान मन्त्री अधिकारीकहाँ पुग्यो-पुगेन भन्ने विषयमा अनुसन्धान भइरहेको छ ।'

जापानको राजधानी टोकियोस्थित टोकियो महानगरपालिकामा आयोजना हुने भनिएको सांस्कृतिक कार्यक्रममा सहभागी हुन भन्दै अधिकारीसँगै खोटाङ ऐँसेलुखर्क गाउँपालिका- २ घर भई काठमाडौं बुढानीलकण्ठ नगरपालिका- ११ बस्ने दावा शेर्पा, खोटाङकै केपिलासगढी गाउँपालिका- ४ घर भई बुढानीलकण्ठ- ११ मै बस्ने जनक राई र रसुवा कालिका गाउँपालिका- ५ घर भई काठमाडौं मनमैंजु बस्ने कञ्चन देवकोटा १३ कात्तिकमा उडेका थिए । तर, अधिकारीसँगै तीन युवालाई टोकियो अन्तर्राष्ट्रिय विमानस्थलस्थित

» पृष्ठ २ मा क्रमशः

प्रदेश मन्त्री मानव तस्करीमा मुछिएको विषयमा के भन्छन् सत्तारूढ कांग्रेस-एमाले ?

मानव तस्करीमा मुछिएपछि कोशी प्रदेशका एमाले सांसद लीलाबल्लभ अधिकारीले उन्मुक्तिका लागि आन्तरिक मामिला तथा कानुनमन्त्रीबाटै राजीनामा दिएका छन् । उनीसँगै जापान पुऱ्याइएका तीन युवाको तस्करी भएको प्रहरीको प्रारम्भिक अनुसन्धानमा पनि खुलिसकेको छ । तर, सत्तासाझेदार कांग्रेस र एमाले भने यस विषयमा मौन छन् । नयाँ पत्रिकाको जिज्ञासामा एमाले उपमहासचिव प्रदीप ज्ञवालीले प्रहरी अनुसन्धानमा सघाउने बताए । एमालेले ढाकछोप नगर्ने र दोषी देखिए कारबाही हुने दाबी गरे । 'प्रहरीले अनुसन्धान गरिरहेको छ । त्यसमा हामी हस्तक्षेप गर्दैनौं । अनुसन्धानबाट गल्ती हो या होइन पत्ता लाग्छ । उहाँ (अधिकारी)ले एक ढंगले भन्नुभएको छ, तथ्य अर्कै देखिएको छ,' उनले भने, 'हामी गल्ती गर्नेलाई बचाउँदैनौं । अनुसन्धानको क्रममा दोषी देखियो भने कारबाहीको भागीदार हुनुपर्छ भन्नेमा एमाले स्पष्ट छ ।' एमालेले पनि आफ्नोतर्फबाट छानबिन गर्ने उनले बताए । त्यस्तै, कांग्रेस प्रवक्ता प्रकाशशरण महतले पनि सत्तारूढ दलको नेता भएकै कारण उन्मुक्ति नपाउने दाबी गरे । 'मौनता साधुपर्ने कारण छैन । प्रहरीले अनुसन्धान गरिरहेको छ । दोषी देखिए कारबाही हुन्छ । सत्तारूढ दलको नेता भनेर उन्मुक्ति दिने भन्ने कुरा हुँदैन,' उनले भने ।

छानबिन गर्न माओवादीको माग, राजीनामा गराएर उन्मुक्ति दिन खोजिएको दाबी

मन्त्री पदमा आसीन व्यक्ति प्रदेश सरकारको आचारसंहिता र भ्रमण निर्देशकाविपरीत जापान जानु र मानव तस्करीमा जोडिनुले प्रदेशवासीकै शिर निहुरिएको भन्दै प्रमुख प्रतिपक्षी माओवादीले घटनाको गहन छानबिन गर्न माग गरेको छ । 'जिम्मेवार मन्त्री सरकारी कार्यक्रमको नाममा सामान्य प्रक्रियासमेत पूरा नगरी विदेश भ्रमणमा जाँदा मुख्यमन्त्री र प्रदेश सरकार कसरी बेखबर रहे ? मन्त्रीजस्तो जिम्मेवार पदमा रहेको व्यक्तिसँगै मानव तस्करहरूको गिरोहमार्फत सरकारी कागजात किर्ते गरेका व्यक्तिहरू जापान प्रवेश गर्न खोज्नु गम्भीर विषय हो । त्यसमाथि प्रदेशको मन्त्रीलाई जापान सरकारले विमानस्थलबाट डिपोर्ट गरेर फिर्ता गरेको लज्जास्पद घटनाबारे एक सातासम्म प्रदेश सरकार रमिते बन्नु खेदजनक छ भने यो प्रकरणमा राजीनामा गराएर उन्मुक्ति दिने प्रयास गरिएको आशंका बढेको छ,' माओवादी कोशी संसदीय दलका प्रमुख सचेतक गीता तिम्सिनाले बिहीबार जारी गरेको विज्ञप्तिमा भनिएको छ । मन्त्रीसँगै गएका व्यक्तिहरूसँग मन्त्रालयकै कर्मचारीको नक्कली परिचयपत्र हुनु, त्यसको आधारमा एउटै कार्यक्रममा सहभागी हुन मन्त्री र ती व्यक्तिहरूको भिसासहितको हवाई टिकटको प्रबन्ध हुनु रहस्यमयी देखिएको विज्ञप्तिमा उल्लेख छ ।

साढे तीन महिनामा प्रधानमन्त्री– मन्त्रीका ३० वैदेशिक भ्रमण स्वीकृत



गत साउनदेखि १३ कात्तिकसम्ममा मन्त्रिपरिषद् बैठकबाट प्रधानमन्त्रीसहितका दुईवटा र २८ वटा मन्त्रीहरूको भ्रमण स्वीकृत भएका छन् । ८ कात्तिकको मन्त्रिपरिषद् बैठकले मात्र तीनवटा वैदेशिक भ्रमण स्वीकृत गरेको थियो ।

थितिको उल्लंघन माथिबाटै भएपछि कसले नियन्त्रण गर्ने ?

● **सुकदेव खत्री भट्टराई,** पूर्वकार्यवाहक महालेखापरीक्षक



प्रधानमन्त्री नै संयुक्त राष्ट्रसंघको कार्यक्रममा डप्फा बोकेर जानुहुन्छ र लामो समय बिताएर आउनुहुन्छ । त्यसको बजेट रकमान्तर गरेर मिलाउनुहुन्छ । थितिको उल्लंघन माथिबाटै भएपछि कसले नियन्त्रण गर्ने ? अपवादबाहेक मन्त्री र सचिवका लागि भनेर तोकेर भ्रमणको निम्ता आउँदैन, तर विज्ञ र सम्बन्धित क्षेत्रका व्यक्तिलाई आएको भ्रमणमा हस्तक्षेप गरेर मन्त्री, सचिवहरू नै जाने गरेका छन् ।

■ जति धेरै वैदेशिक भ्रमण, उति धेरै आर्थिक व्ययभार

■ परराष्ट्रमन्त्री डा. राणाको भ्रमण सबैभन्दा बढी

सुवास भट्ट/नयाँ पत्रिका

पछिल्लो साढे तीन महिनामा प्रधानमन्त्री केपी ओलीसहित मन्त्रीहरूका ३० वटा वैदेशिक भ्रमण मन्त्रिपरिषद्बाट स्वीकृत भएका छन् । यीमध्ये केही भ्रमण हुन बाँकी छन् ।

मातहतका कर्मचारी गए पनि हुने ठाउँमा समेत हस्तक्षेप गरेर मन्त्रीहरू नै वैदेशिक भ्रमणमा जाने गरेका छन् । यसले वैदेशिक भ्रमणको थिति मात्र बिग्रेको छैन, अनावश्यक खर्च पनि बढाएको छ । कतिपय भ्रमण अनावश्यक र लामासमेत देखिएका छन् । गत साउनदेखि १३ कात्तिकसम्मका क्याबिनेटबाट मन्त्रीहरूका वैदेशिक भ्रमण स्वीकृत भएका

» पृष्ठ २ मा क्रमशः

ललितपुर र भक्तपुरका सामुदायिक विद्यालयले पनि लगाएका छन् जग्गा र सटर भाडामा

ललितपुरका ४० मध्ये ८ र भक्तपुरका ३५ मध्ये ६ सामुदायिक विद्यालयका जग्गा र सटर भाडामा

(विस्तृत पृष्ठ ३)

कर्नर किक

● रवि मिश्र



माघदेखि घरजग्गा किनबेच गर्न, बैंक खाता खोल्न र सिमकार्ड लिन राष्ट्रिय परिचयपत्र अनिवार्य

नयाँ पत्रिका

आगामी १ माघदेखि घरजग्गा किनबेच गर्न, बैंकमा खाता खोल्न र सिमकार्ड लिनका लागि राष्ट्रिय परिचयपत्र (एनआइडी) अनिवार्य हुने भएको छ । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले यसको कार्यान्वयनका लागि सम्बन्धित निकायसँग छलफल अघि बढाएको छ ।

गत १० असारमा यससम्बन्धी सूचना राजपत्रमा प्रकाशित भइसकेको छ । त्यसैलाई कार्यान्वयन गरी सरकारी सेवा प्रवाहलाई सहज, व्यवस्थित र त्रुटिरहित बनाउन राष्ट्रिय परिचयपत्रको उपयोगिता बढाउन लागिएको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक युवराज कटेलले बताए ।

'नेपाल राष्ट्र बैंकले सबै बैंक तथा वित्तीय संस्थालाई खाता खोल्दा राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य लिनेबारे परिपत्र नै गरिसकेको छ,' उनले भने, 'अन्य निकायसँग पनि कार्यान्वयनका लागि छलफल गरिरहेका छौं ।' बैंकिङ क्षेत्रमा परिचयपत्र नम्बर कार्यान्वयनका लागि विभागका महानिर्देशकको नेतृत्वमा बैंकरसमेत रहेको सहजीकरण समितिसमेत गठन गरिएको छ ।

» पृष्ठ २ मा क्रमशः



● **युवराज कटेल,** महानिर्देशक,
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग



बैंक तथा वित्तीय संस्थामा खाता खोल्न, घरजग्गा किनबेच गर्न र सिमकार्ड लिन माघदेखि परिचयपत्र नम्बर अनिवार्य हुन्छ । यसका लागि नेपाल राष्ट्र बैंकले समेत बैंकहरूलाई परिपत्र गरिसकेको छ । अन्य निकायसँग पनि कार्यान्वयनका लागि समन्वय गरिरहेका छौं । यो प्रणालीले ग्राहकलाई समेत सहज हुने र किर्ते कामहरू बन्द हुने विश्वास छ ।

सर्वोच्चको आदेशविरुद्ध सरकार भ्याकेटमा जाने तयारीमा

सार्वजनिक सेवा लिनका लागि राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य नगर्न सर्वोच्चको अन्तरिम आदेशविरुद्ध सरकारले सर्वोच्चमा भ्याकेट दर्ता गर्ने भएको छ । भ्याकेटका लागि महान्यायाधिवक्ता कार्यालयमा पत्राचार भइसकेको र एक-दुई दिनमै दर्ता हुने विभागका महानिर्देशक युवराज कटेलले बताए ।

सार्वजनिक सेवाबाट वञ्चित नहुने गरी यसलाई कार्यान्वयन गर्न लागिएको र यसबाट देश तथा नागरिक सबैको हित हुने विभागको दाबी छ । हालसम्म एक करोड ६० लाख नागरिकले परिचयपत्र नम्बर पाइसकेको र ७७ जिल्लामा तत्कालै नम्बर उपलब्ध गराउने गरी काम भइरहेकाले नम्बर नहुँदैमा कोही पनि सेवाबाट वञ्चित नहुने विभागका अधिकारी बताउँछन् । साथै, ८० वर्षमाथिका ज्येष्ठ नागरिक र बालबालिकाको हकमा भने यो अनिवार्य गरिएको छैन ।

गत १० असारमा सरकारले राजपत्रमा सूचना प्रकाशन गरी यो उपयोगिता सुरु गरेको थियो । राजपत्रको सो सूचनाविरुद्ध परेको रिटमा सर्वोच्च अदालतका न्यायाधीशद्वय डा. मनोजकुमार शर्मा र तिलप्रसाद श्रेष्ठको इजलासले एनआइडी नम्बर अनिवार्य नगर्न अन्तरिम आदेश दिएको थियो ।

सो आदेशपछि सामाजिक सुरक्षा भत्तामा एनआइडी नम्बरलाई स्वेच्छिक गरिएको छ । तर, केही समयपछि यसलाई अनिवार्य गर्ने सरकारको तयारी छ । सोही कारण अन्तरिम आदेशविरुद्ध सरकार भ्याकेटमा जान लागेको हो । परिचयपत्र प्रणालीका लागि १७ अर्ब रुपैयाँभन्दा धेरै खर्च भइसकेको छ । हरेक नागरिकको जैविक विवरणसहितको परिचयपत्र उपलब्ध गराउने र सबै सरकारी परिचयपत्र त्यसमै समावेश गर्ने सरकारको तयारी छ ।

■ अस्ताउँदो सूर्यलाई अर्घ्य, आज सकिँदै छठ



वीरगन्जमा **तिवारी यादव**

वीरगन्जको मुरली पोखरीको छठघाटमा अस्ताउँदै गरेको सूर्यलाई बिहीबार अर्घ्य दिँदै व्रतालु । करिब ४० घण्टासम्म भोकै बस्ने व्रतालुले घण्टौंसम्म पानीमा उभिएर अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ्य दिन्छन् । बिहीबार साँझ व्रत बसेका श्रद्धालु भक्तजनले अस्ताउँदो सूर्यलाई अर्घ्य दिएका छन् । शुक्रबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि विधिवत् रूपमा छठ सम्पन्न हुनेछ ।

व्रतालुले औंसी तिथि लागेसँगै माछामासुसहित शाकाहारी भोजन त्याग गर्छन् । तिहारको चौथो दिन नित्यकर्मपछि व्रत बस्नेहरू शुद्ध शाकाहारी खाना, खिर, दुध, केरा खान्छन् । पञ्चमी तिथिमा दिनभरि निराहारपछि राति गर्ने पूजा र फलाहारको यस दिनलाई खर्ना भनिन्छ । षष्ठीका दिन व्रत बस्नेहरूले जलसमेत ग्रहण गर्दैनन् । केही दशक अघिसम्म नेपालको तराई-मधेश क्षेत्रमा मनाइने छठ फैलँदै गएको छ । अहिले देशैभरि मनाउन थालेका छन् ।

खाद्यमा धान बेच्ने किसान न्यून



धनगढीमा **तेजराज भट्ट**

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले कैलालीका चार ठाउँबाट सरकारले तोकेको न्यूनतम समर्थन मूल्यमा धान खरिद सुरु गरेको छ। तर, धान बिक्रीका लागि थोरै किसान मात्र खाद्यमा पुगेका छन्। गत १० कात्तिकबाट खाद्यले धनगढीको मोहनपुर, टीकापुर तथा टीकापुरकै शक्तिबाट खरिद केन्द्र सञ्चालन गरेर धान खरिद सुरु गरेको थियो। चारवटा खरिद केन्द्रबाट हालसम्म करिब साढे तीन हजार क्विन्टल धान मात्र खरिद गरिएको खाद्यको प्रादेशिक कार्यालय धनगढीले जनाएको छ। करिब ७० हजार हेक्टर क्षेत्रमा धान खेती हुने कैलालीमा खाद्यले यस वर्ष ५५ हजार क्विन्टल मोटो धान खरिद गर्ने लक्ष्य राखेको छ। मोटो धान प्रतिक्विन्टल तीन हजार ४१०.५१ रुपैयाँका दरले धान खरिद गरिरहेको छ।

माघदेखि...

पृष्ठ १ बाट क्रमशः

यो प्रणालीले ग्राहकलाई समेत सहज हुने र किर्ते कामहरू बन्द हुने महानिर्देशक कटेलको भनाइ छ। यो प्रणाली लागू भएपछि ग्राहकले बैंकमा खाता खोल्दा केवाइसी (नो योर कस्टमर) फर्म भर्नुपर्ने छैन। राष्ट्रिय परिचयपत्रको प्रणालीबाट औंठाछापसहितको विवरण बैंकहरूले प्रयोग गर्न पाउनेछन्। यसबाट एकजनाको नाममा अरूले खाता खोल्ने, नक्कली कागजपत्रका आधारमा खाता खोल्ने प्रवृत्ति रोकिनुका साथै परिचयपत्र नम्बर राख्नेबित्तिकै कुनै व्यक्तिको कहाँ-कहाँ खाता छ भनेर थहा हुने महानिर्देशक कटेल बताउँछन्। बैंकमा खाता रहेकाको हकमा पनि केवाइसी अपडेट गर्दा नम्बर अनिवार्य गर्न लागिएको छ। यसले सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुर तथा राजस्व छलीजस्ता अपराध नियन्त्रण पनि सहज हुने विभागका अधिकारी बताउँछन्।

त्यस्तै, घरजग्गा कारोबारमा अनिवार्य गर्नका लागि पनि विभागले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग र टेलिफोन तथा सिमकार्डमा अनिवार्य गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँग समन्वय गरिरहेको छ। यसले किर्ते काम रोक्नुका लागि अपराध नियन्त्रणमा पनि सहज हुने महानिर्देशक कटेल बताउँछन्। १ माघदेखि सामाजिक सुरक्षा कोषसम्बन्धी सेवा लिन पनि परिचयपत्र नम्बर अनिवार्य चाहिने राजपत्रको सूचनामा उल्लेख छ।

यसअघि सामाजिक सुरक्षा भत्ता, पेन्सन र स्वास्थ्य बिमासम्बन्धी सेवाका लागि २८ जिल्लामा गत १ साउनदेखि नै परिचयपत्र नम्बर अनिवार्य गरेको थियो। यद्यपि, बाढीपहिरोको असर तथा अदालतको आदेशका कारण त्यो पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन। त्यसबाट खासगरी सामाजिक सुरक्षा भत्ता लिने केहीलाई समस्या हुने भएपछि धेरैले प्रश्न उठाएका थिए। सर्वोच्च अदालतले पनि अनिवार्य नगर्न अन्तरिम आदेश दिएको थियो। सामाजिक सुरक्षा भत्तामा अनिवार्य नगरिए पनि पेन्सन र कम्पनी दर्तामा भने कार्यान्वयन गरिएको छ। त्यसविरुद्ध सर्वोच्चमा थप रिट दर्ता भएका छन्।

सामाजिक सुरक्षा भत्तामा अनिवार्य नगरिए पनि नवीकरणका क्रममा परिचयपत्र नम्बर भएकाहरूको हकमा त्यससम्बन्धी विवरणसमेत अपडेट गर्न थालिएको छ। यसबाट सामाजिक सुरक्षा भत्तामा हुने सम्भावित अनियमितता रोकिएको विभागको दाबी छ। परिचयपत्र प्रणाली लागू गरेपछि एकैपटक दुई लाख ३६ हजार सेवाग्राही गायब भएका छन्। यसबाट प्रणालीगत सुधार हुँदै गएकाले यसको उपयोगिता बढाउँदै लैजानुपर्नेमा विभागका अधिकारी जोड दिन्छन्।

जापान जान...

पृष्ठ १ बाट क्रमशः

अध्यागमन कार्यालयले 'डिपोर्ट' गरेपछि उनीहरू गत १७ कात्तिकमा नेपाल फर्किएका थिए।

घटनाको अनुसन्धानमा संलग्न काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एसएसपी सानुराम भट्टराईले जापान जाने प्रयोजनमा युवाले रकम बुझाएको देखिएको, तर यसको थप अनुसन्धान जिल्ला प्रहरी परिसर काठमाडौंले गरिरहेको हुँदा विस्तृत जानकारी नभएको बताए। 'विमानस्थलको अध्यागमनले जिम्मा लगाएपछि हामीले घटनाको प्रारम्भिक अनुसन्धान गर्‍यौं। जापान जाने प्रयोजनमा युवाहरूले रकम बुझाएको नै देखिन्छ। घटनाको विस्तृत अनुसन्धान जिल्ला प्रहरी परिसर काठमाडौंले गरिरहेको छ। बाँकी तथ्य उतै बुझ्दा ठिक होला,' उनले भने।

जापान जाने प्रयोजनमा दावा, जनक र कञ्चनको कागजातसमेत नक्कली बनाइएको थियो। प्रहरीका अनुसार जनक र कञ्चनसँग सहायक कर्मचारी लेखिएको कोशी प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयको परिचयपत्र भेटिएको थियो भने दावासँग ऐसेलुखर्क गाउँपालिकाको वडासदस्य उल्लेखित परिचयपत्र फेला परेको थियो। उनीहरू सबैका परिचयपत्र महेशले बनाइदिएको खुलेको छ। सोही परिचयपत्रका आधारमा उनीहरूको जापान जाने भिसा लागेको थियो।

घटनामा संलग्न रहेको भन्दै प्रहरीले पाण्डेसँगै नुवाकोटको विदुर नगरपालिका- ७ घर भई सामाखुसी बस्ने जुगल रिजाल र दोलखाको जिरी नगरपालिका- ९ घर भई काठमाडौं- १६ बस्ने वीरबहादुर सुनुवारलाई पनि पक्राउ गरेको छ। घटनामा अन्य पनि संलग्न रहेको अपराध अनुसन्धान कार्यालयका प्रमुख एसएसपी भट्टराईले बताए। उनले भने, 'घटनामा अन्य पनि संलग्न रहेको देखिन्छ। प्रहरीले अनुसन्धान गरिरहेको छ । थप पक्राउ पर्दै जालान्।'

घटनाको थप अनुसन्धानमा संलग्न काठमाडौं परिसरका प्रवक्ता एसपी नवराज अधिकारीले भने जानकारी दिन अस्वीकार गरे। उनले भने, 'अपराध अनुसन्धान कार्यालयले अनुसन्धान गरेको हो। उनीहरूले फाइल हामीकहाँ बुझाएका छन्, तर यस विषयमा बुझ्न नै पाएका छैनौं। त्यसो हुँदा यस विषयमा थप जानकारी पछि सार्वजनिक होला।'

जापान जाने प्रयोजनार्थ मन्त्री अधिकारीको पासपोर्ट योगराज गौतम भनिने गोपाल गौतमले लिएका थिए। योगराज एमालेका स्थानीय कार्यकर्ता हुन्। विराटनगरका उनी अहिले भने सिंहदरबारभित्र सरसफाइ गर्ने प्रयोजनार्थ मजदुर वितरण गर्ने गर्छन्। मन्त्री अधिकारीलाई जापान जान उनले नै प्रस्ताव गरेका थिए। सोही प्रस्तावपछि मन्त्री अधिकारीले पासपोर्ट उनलाई दिएका थिए। प्रदेश सरकारको विनाअनुमति जापान हिँडेका अधिकारी मानव तस्करीमा मुछिएपछि बुधबार नै मन्त्री पदबाट राजीनामा दिएका छन्।

अध्यागन स्रोतका अनुसार अधिकारी टोकियो महानगरपालिकामा हुने सांस्कृतिक कार्यक्रममा भाग लिने तयारीमा थिए। तर, टोकियो विमानस्थलस्थित अध्यागमन कार्यालयले डिपोर्ट गर्ने निर्णय गरेपछि अप्ठ्यारोमा परेका थिए। १४ कात्तिकमै हडकङ हुँदै जापान पुगेका उनले कार्यक्रममा सहभागी हुन सक्दो प्रयास गरेका थिए। तर, असफल भएपछि उनी पुनः हडकङ फर्किएका थिए। त्यसपछि पनि उनले कार्यक्रममा सहभागी हुन कोसिस गरेका थिए। सबै प्रयत्न असफल भएपछि उनी तीन युवासँगै १७ कात्तिकमा नेपाल फर्किएका थिए।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ओर्लनासाथ विमानस्थलस्थित अध्यागमन कार्यालय पुगेर सँगै गएका युवालाई आफूले नचिन्ने र उनीहरूको गतिविधि शंकास्पद रहेको भन्दै पक्राउ गर्न अध्यागमन कर्मचारीलाई भनेका थिए। त्यसलगतै, अध्यागमनका कर्मचारीले जनक, दावा र कञ्चनलाई पक्राउ गरी प्रहरीलाई बुझाएको थियो।

निगमको...

पृष्ठ १ बाट क्रमशः

मर्मत भएर आउने जानकारी गराएका थिए। अध्यक्ष अधिकारीले मर्मतका लागि उडेको जहाजका लागि सम्भावित पार्टपुर्जाहरू तयार गरेर राखिएकाले एक महिनाभित्रै आइपुग्ने र दसैंअघिबाटै अन्तर्राष्ट्रिय उडान थाल्ने दाबीसमेत गरेका थिए। त्यस बैठकमा उनले भनेका थिए, 'हिजो राति (१२ भदौमा) दुबई हुँदै इटाली पठाएको जहाज समयमै मर्मत हुनेछ। किनभने यो जहाज मर्मतका लागि आवश्यक पार्टस्हरू पहिले नै अर्डर गरेर तयारी अवस्थामा राखिएको छ। हामी जहाज छिटोभन्दा छिटो मर्मत गरेर अन्तर्राष्ट्रिय उडानतर्फ राम्रो गर्ने प्रयासमा छौं।'

अध्यक्ष अधिकारीको दाबीविपरीत जहाज अहिलेसम्म इटालीमै अलपत्र छ भने संसद्को पर्यटन समितिले पनि त्यसयता बैठक राखेर ताकेता गरेको छैन। मर्मतसम्भारमा सर्तविपरीत ३९ दिन विलम्ब भइसक्दा पनि निगम व्यवस्थापनले एटिटेकलाई तोकिएभन्दा धेरै समय होल्ड गरेकाले जरिवाना तिराउनेलगायतका कुनै पनि चेतावनीयुक्त सन्देशसमेत दिन सकेको छैन। बरु, वेला-वेला मर्मतको अवस्थाबारे बुझ्ने नाममा कर्मचारीहरूलाई दुबई र इटाली घुमफिरमा पठाइरहेको छ। यसअघि सि-चेकके लागि अर्को वाइडबडी पनि इटाली पठाइएकोमा ८२ दिनपछि २५ भदौमा मात्रै आइपुगेको थियो। सोही नियति पुनः अर्को जहाजमा दोहोरिएको हो।

आजदेखि त्रिभुवन विमानस्थल दैनिक १० घण्टा बन्द

क्षमता विस्तारका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल शुक्रबार रातिदेखि दैनिक १० घण्टा बन्द हुने भएको छ। नेपाल नागरिक उड्डयन प्राधिकरण (क्याान)ले राति १० बजेदेखि बिहान ८ बजेसम्म विमानस्थल बन्द गरेर ट्याक्सी वे, एप्रोनलगायत विस्तारका काम गर्न लागेको हो।

करिब पाँच महिनासम्म त्रिभुवन विमानस्थल बिहान ८ बजेदेखि राति १० बजेसम्म दैनिक १४ घण्टा मात्र सञ्चालन हुनेछ। अहिले विमानस्थल बिहान ६ बजेदेखि राति २ बजेसम्म २१ घण्टा सञ्चालन हुँदै आएको छ। दैनिक सात घण्टा उडान आवर घटेपछि करिब २९ प्रतिशत अन्तर्राष्ट्रिय र ३५ प्रतिशत आन्तरिक उडान कटौती हुने क्यानका सहप्रवक्ता ज्ञानेन्द्र भुलले बताए।

अन्तर्राष्ट्रियतर्फ दैनिक चार वा तीनवटा उडान गर्ने वायुसेवा कम्पनीको ५० प्रतिशत उडान कटौती भएका छन्। सातामा औसत ४१८ अन्तर्राष्ट्रिय उडान हुने गरेकोमा मर्मत अवधिभर १२३ उडान कटौती भई २९५ उडान हुने क्यानको भनाइ छ।

मर्मत अवधिभर विशेष सहुलियत दिएर भैरहवा र पोखरामा उडान सार्न अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीलाई आग्रह गरे पनि अहिलेसम्म थाई एयर एसिया, जजिरा र फ्लाई दुबईबाहेक अन्यले स्वीकार गरेका छैनन्। उडान कटौती हुने भएपछि अन्य विमान कम्पनीसँगै नेपाल एयरलाइन्सले पनि उडान तालिका फेरबदल गरेको छ। अहिलेसम्म काठमाडौं-नारिता उडान राति ११:५० बजे हुने गरेकोमा अब ९:१५ बजे हुने भएको छ। नारिताबाट बिहान ११:२५ (स्थानीय समय)मा उड्ने जहाज अब ९:२५ मा उड्ने तालिका छ। काठमाडौं-दोहाको उडान राति ११ बजे हुँदै आएकोमा ९:३० बजे हुने गरी तालिका परिमार्जन गरिएको निगमले जनाएको छ। दोहाबाट काठमाडौंका लागि बिहान ३:२५ मा (स्थानीय समय) उड्ने जहाजले २:२५ बजे नै उडान गर्ने भएको छ। त्यस्तै, काठमाडौं-दुबई उडान राति ११:१५ बजे हुने गरेकोमा अब ९:३५ मा हुनेछ। दुबईबाट काठमाडौंका लागि ४:१० (स्थानीय समय)मा उडान गर्नेछ।

साढे तीन महिनामा...

पृष्ठ १ बाट क्रमशः

छन्। त्यसमा दुई वटा प्रधानमन्त्रीसहितको र बाँकी २८ वटा मन्त्रीहरूको वैदेशिक भ्रमण स्वीकृत भएका छन्। पछिल्लो मन्त्रिपरिषद् बैठक (८ कात्तिक) ले मात्र तीनवटा वैदेशिक भ्रमण स्वीकृत गरेको छ।

पूर्वकार्यवाहक महालेखापरीक्षक सुकदेव खत्री भट्टराई संसद्मा नीति, कार्यक्रम र बजेट पेस गर्दा सरकारी खर्चमा मितव्ययिता, पारदर्शिता र जवाफदेहिता कायम गर्ने भनिए पनि त्यसको उल्लंघन उच्चपदस्थ पदाधिकारीबाट नै भएको बताउँछन्। 'प्रधानमन्त्री नै संयुक्त राष्ट्रसंघको कार्यक्रममा डप्फा बोकेर जानुहुन्छ र लामो समय बिताएर आउनुहुन्छ। त्यसको बजेट रकमान्तर गरेर मिलाउनुहुन्छ,' उनी भन्छन्, 'थितिको उल्लंघन माथिबाटै भएपछि कसले नियन्त्रण गर्ने ?' राष्ट्रप्रमुखहरू सानातिना कार्यक्रममा जान नहुने उनी बताउँछन्।

मन्त्रालयहरूमा बजेटको उद्देश्य, नीति र सिद्धान्तविपरीत ठुलो मात्रामा अबन्डामा बजेट राखेर, त्यसैलाई रकमान्तर गरी भ्रमणमा खर्च गरिएको देखिएको र यो गलत भएको उनको भनाइ छ। 'सामान्यतया वैदेशिक भ्रमणमा जाने भनेको महाशाखा प्रमुख हो, सम्बन्धित विषयको विज्ञ र अनुभवी कर्मचारी जाने हो,' उनी भन्छन्, 'सचिवसम्म पनि जानु आवश्यक छैन।' अपवादबाहेक मन्त्री र सचिवका लागि भनेर तोकेर भ्रमणको निम्ता नआउने भए पनि विज्ञ र सम्बन्धित क्षेत्रका व्यक्तिलाई आएको भ्रमणमा हस्तक्षेप गरेर मन्त्री, सचिवहरू नै जाने गरेको देखिएको उनको अनुभव छ। 'भोलि प्रश्न उठ्छ भनेर मन्त्री, सचिवको नाममा निम्ता पठाउन लगाउने चलाख्याइँ गरेर उनीहरू विदेश भ्रमणमा गएका देखिएका छन्,' उनी भन्छन्।

धेरै वैदेशिक भ्रमण स्वीकृत भएकामा परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा र स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल छन्। राणाको क्यानडा, कतार र भारत तथा पौडेलको जर्मनी, इन्डोनेसिया र भारतका लागि विदेश भ्रमणको स्वीकृति मन्त्रिपरिषद्बाट भएको देखिन्छ। त्यस्तै, उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई अमेरिका र उज्बेकिस्तानको भ्रमण स्वीकृत भएको छ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालका लागि फिलिपिन्स र साउदी अरब गरी दुई वैदेशिक भ्रमण स्वीकृत भएका छन्। महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिसोर साह सुडीलाई पनि कतार र कोलम्बियाका लागि भ्रमण स्वीकृत भएको छ। युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीलाई रसिया र फ्रान्सका लागि भ्रमण स्वीकृत भएको छ। वन तथा वातावरण मन्त्रालयमा मन्त्री ऐनबहादुर शाही ठकुरीलाई कोलम्बिया तथा राज्यमन्त्री रूपा विकलाई अजरबैजान र इन्डोनेसियाका लागि वैदेशिक भ्रमण स्वीकृत भएको देखिन्छ। श्रम तथा रोजगार मन्त्री शरतसिंह भण्डारीको जापान र स्पेनको भ्रमण स्वीकृत भएको छ।

यसैगरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे र उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीलाई भारतका लागि दुई/दुईवटा भ्रमण स्वीकृत भएका छन्।

यस अवधिमा प्रधानमन्त्री केपी ओलीको अमेरिकाको भ्रमण भइसकेको छ। १७ देखि २० मंसिरसम्म चीन जाने गरी प्रधानमन्त्रीको भ्रमण पनि तय भएको छ। उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहको इजिप्टको भ्रमण स्वीकृत भएको छ। यसका अतिरिक्त कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीको मेक्सिको, ऊर्जामन्त्री दीपक खड्काको भारत, वनमन्त्री ऐनबहादुर शाही ठकुरीको कोलम्बिया र कानुनमन्त्री अजयकुमार चौरसियाको थाइल्यान्ड भ्रमण स्वीकृत भएको छ।

आफ्नै घोषणा र मापदण्ड उल्लंघन

नगई नहुने अत्यावश्यकबाहेक विदेश भ्रमण नगर्ने सम्बन्धमा सरकारले हरेकजसो बजेट र नीति तथा कार्यक्रममा घोषणा गर्दै आएको छ। प्रधानमन्त्री र मन्त्रीको भ्रमणमा वैदेशिक भ्रमणसम्बन्धी मापदण्ड र कानुन उल्लंघन हुँदै आएको छ। 'सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउनेसम्बन्धी मापदण्ड, २०७८' ले वैदेशिक भ्रमणलाई कडाइ गरेको छ।

अनिवार्य रूपमा प्रतिनिधित्व गर्नुपर्नेबाहेक कर्मचारीको विदेश भ्रमण सरकारी खर्चमा नगर्ने निर्णय ०७९ वैशाखमा सरकारले गरेको थियो। त्यसअघि ०७९ कात्तिकमा सरकारले ल्याएको 'सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउनेसम्बन्धी मापदण्ड, २०७८' ले पनि वैदेशिक भ्रमणलाई कडाइ गरेको थियो। मापदण्डमा नेपाल सरकारको स्रोत तथा वैदेशिक ऋणबाट खर्च व्यहोर्ने गरी वैदेशिक अवलोकन, तालिम वा अध्ययन भ्रमणमा मनोनयन नगरिने व्यवस्था गरेको थियो। विदेशस्थित गैरसरकारी संस्थाबाट प्राप्त निमन्त्रणाका आधारमा भ्रमण गर्दा नेपाल सरकारको स्रोतको उपयोग गर्न नपाइने व्यवस्था पनि मापदण्डमा छ।

द्विपक्षीय तथा बहुपक्षीय वार्ता वा अन्तर्राष्ट्रिय संगठनबाट आयोजना हुने बैठकमा मुलुकको प्रतिनिधित्व हुनुपर्ने विषयमा वा कुनै अत्यावश्यक कामका लागि वैदेशिक भ्रमणमा मनोनयन गर्नुपरेमा अर्थ मन्त्रालयको पूर्वस्वीकृति लिई मनोनयन गर्नुपर्ने मापदण्डमा उल्लेख छ। विशिष्ट व्यक्तिले नेतृत्व गर्नेबाहेक अर्थ मन्त्रालयको पूर्वस्वीकृतिबेगर नेपाल सरकारको प्रतिनिधित्व गरेर विदेश जाने प्रतिनिधिमण्डलमा तीनजना भन्दा बढी व्यक्ति समावेश गर्न नपाइनेसमेत भनिएको छ।

धेरै वैदेशिक भ्रमणमा मन्त्रीसहित निजामती र सचिवालयका कर्मचारीलाई पनि लगिने गरेको छ। यसले अनावश्यक आर्थिक भार बढाउँछ। मन्त्रालयमा अबन्डा बजेट राखेर त्यसबाट रकमान्तर गरी भ्रमणको खर्च हुने गरेको देखिएको छ।

भ्रमण खर्च नियमावली, २०६४ मा विदेश जाने कर्मचारी र पदाधिकारीले पाउने भत्तासम्बन्धी व्यवस्था छ। नियमावलीको अनुसूची ५ मा विदेश भ्रमण गर्दा पाउने दैनिक भत्तादरसम्बन्धी व्यवस्था छ। अति विशिष्टलाई २५०, विशिष्टलाई २२५, प्रथम तह (सहसचिव)लाई १७५, द्वितीय तह (उपसचिव) लाई १५०, तृतीय तह (शाखा अधिकृत) लाई १२५ र त्यसभन्दा मुनिका तहलाई दैनिक सय अमेरिकी डलर भत्ता सुविधा दिने उल्लेख छ।

तर, युरोपेली मुलुक, अस्ट्रेलिया, न्युजिल्यान्ड, अमेरिका, क्यानडा, कुवेत, कोरिया, जापान, हङकङ, रुस, कतार, जाम्बिया, युएई, सिंगापुर, लेबनान र बहराइनका हकमा यो दरमा ३३ प्रतिशत थप भत्ता पाउने व्यवस्था छ। त्यस्तै, भारतको चेन्नई, हैदराबाद, बेंग्लोर, मुम्बई, दिल्ली, कोलकाता र बंगलादेशको ढाका र चटगाउँबाहेक अन्य स्थानमा रात बिताउनुपर्दा पूरा रकमको ५० प्रतिशत मात्र भत्ता सुविधा पाउने व्यवस्था छ।

दर्ता नं. २३७/०६२/०६३

बृहत प्रतिफल बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
BRIHAT PRATIPHAL MULTIPURPOSE CO-OPT. LTD.
गोदावरी नगरपालिका, वडा नं. ११, चापागाउँ, ललितपुर, फोन नं. ५२६५६६४

कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/०७/२३ गते शुक्रबार नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न शिर्षक अन्तर्गत कर्जा लिई सो वापत बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना रकम समेत लिखतमा उल्लेखित भाखाभित्र तिर्नु बुझाउनु पर्नेमा नतिरी, नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक लिखित, मौखिक तथा व्यक्तिगत सम्पर्क गरी ताकेता गर्दा पनि कर्जा रकम तिर्ने, बुझाउने तर्फ कुनै चासो नदिई बेवास्ता गर्नु भएकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज, हर्जाना तथा अन्य दैदस्तुर रकम तिरी, बुझाई कर्जा चुक्ता गर्नु हुन यसै सूचना मार्फत् अनुरोध गरिन्छ । अन्यथा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, यस संस्थाको ऋण व्यवस्थापन नीति तथा अन्य प्रचलित कानून बमोजिमको प्रक्रिया अपनाई संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

ऋणीको विवरण	धितो तथा जमानी बस्नेको विवरण
 नाम:- रेवती प्रसाद न्यौपाने ना.प्र.नं. १६६/८५०८८/सिन्धुपाल्चोक मिति:- २०५४/०५/१६ बाबु:- विष्णु प्रसाद न्यौपाने बाजे:- हेमनाथ न्यौपाने ठेगाना:- सिन्धुपाल्चोक जिल्ला, ठोकर्पा-९ हाल गोदावरी न.पा. ५, लेले, ल.पु. ।	धितोको विवरण:- ललितपुर जिल्ला, गोदावरी न.पा. वडा नं. ५ साविक लेले गाविस वडा नं. ५(क), कित्ता नं. ३७३, क्षेत्रफल ०-५-०-१.५ जग्गा तथा सोमा बनेको घर र चर्चेको लिगलगापात समेत ।
 नाम:- प्रकाश मान तामाङ ना.प्र.नं. ७७९८९/ललितपुर मिति:- २०५२/०९/२३ बाबु:- नर बहादुर तामाङ बाजे:- मान बहादुर तामाङ ठेगाना:- गोदावरी न.पा. ७, देवीचौर, ललितपुर ।	 नाम:- रीता तामाङ ना.प्र.नं. ९८९०९/ललितपुर मिति:- २०५५/१२/१५ ससुरा- नर बहादुर तामाङ पति:- प्रकाश मान तामाङ धितोको विवरण:- ल.पु., छम्पी ८ग कित्ता नं. २४३, क्षे.फ. ०-३-२-०
 नाम:- बलराम तामाङ ना.प्र.नं. ४००४०/ललितपुर मिति: २०४५/१०/२७ बाबु:- विष्णु बहादुर तामाङ बाजे:- लाल बहादुर तामाङ ठेगाना:- गोदावरी न.पा. १०, चापागाउँ, ललितपुर ।	 नाम:- प्रेम तामाङ ना.प्र.नं. २८-०१-०६८-०२८४८/ल.पु. मिति:- २०६८/०३/२४ बाबु:- बलराम तामाङ बाजे:- विष्णु बहादुर तामाङ ठेगाना:- गोदावरी न.पा. १०, चापागाउँ, ललितपुर ।
 नाम:- रामचन्द्र सञ्जेल ना.प्र.नं. ५२७३७/ललितपुर मिति: २०४८/०२/१६ बाबु:- चेतनाथ सञ्जेल बाजे:- भवनाथ सञ्जेल ठेगाना:- शंखु ६, हाल ल.पु.म.न.पा. हरिसिद्धि, ललितपुर ।	नाम:- अनिल सञ्जेल बाबु:- रामचन्द्र सञ्जेल बाजे:- चेतनाथ सञ्जेल ठेगाना:- शंखु-६, हाल ल.पु.म.न.पा. हरिसिद्धि, ललितपुर ।
 नाम:- मञ्जु कुँवर ना.प्र.नं. ५८९५१/ललितपुर मिति:- २०४२/०१/०१ ससुरा:- लक्ष्मण कुँवर पति:- कृष्ण कुँवर ठेगाना:- गोदावरी न.पा. ११, साविक चापागाउँ-९, ललितपुर ।	 नाम:- कृष्ण कुँवर बाबु:- लक्ष्मण कुँवर बाजे:- भीम बहादुर कुँवर ना.प्र.नं. ४८२१८/ललितपुर मिति:- २०४७/०३/१२ ठेगाना:- गोदावरी न.पा. ११, साविक चापागाउँ-९, ललितपुर ।
 नाम:- उर्मिला कायस्थ ना.प्र.नं. ६०१६/९५ ललितपुर मिति:- २०४५/०१/०९ ससुरा:- मोहन मेहेर कायस्थ पति:- शान्त मेहेर कायस्थ ठेगाना:- गोदावरी न.पा. ११, चापागाउँ, ललितपुर ।	 नाम:- मन्दिरा श्रेष्ठ कायस्थ ना.प्र.नं. १२२४९८/काभ्रे मिति:- २०६०/०८/०१ ससुरा:- शान्त मेहेर कायस्थ पति:- उमेश मेहेर कायस्थ ठेगाना:- गोदावरी न.पा. ११, चापागाउँ, ललितपुर ।
 नाम:- शिलुकाजी महर्जन ना.प्र.नं. ३३०/काठमाडौं मिति:- २०४६/०३/१८ ससुरा:- सानु भाई महर्जन बाजे:- सतु महर्जन ठेगाना:- का.म.न.पा.१८, नरदेवी हाल नागार्जुन न.पा. ६, फस्को, पद्मा कोलोनी	 नाम:- सरस्वती महर्जन ना.प्र.नं. ८७/काठमाडौं मिति:- २०५४/०४/०२ ससुरा:- सानुभाई महर्जन पति:- शिलुकाजी महर्जन ठेगाना:- का.म.न.पा.१८, नरदेवी हाल नागार्जुन न.पा. ६, फस्को, पद्मा कोलोनी
 नाम:- पूर्ण लक्ष्मी मालाकार ना.प्र.नं. २७७०५/ललितपुर मिति:- २०४९/०५/३१ बुबा:- बीर जगत कर्माचार्य बाजे:- बीर मान कर्माचार्य पति:- राम गोपाल मालाकार ठेगाना:- गोदावरी न.पा. ११, चापागाउँ, ललितपुर ।	

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं।

बोलपत्र आह्वान सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८१।०७।२३

यस कार्यालयबाट सञ्चालन हुने तपसिल अनुसारको कार्य गर्नको लागि इजाजत प्राप्त आपूर्तिकर्ता/व्यवसायीहरुबाट रितपूर्वक बोलपत्र प्रस्ताव गर्न बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशित गरिएको छ । सोको विस्तृत विवरण सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp र यस कार्यालयको वेवसाइट www.kageshworimanoharamun.gov.np मा गई हेर्न सकिने छ।

Details of Works

S. No.	Contract Identification No.	Name of Project	Estimate Amount (Including VAT)	Bid Security Amount NRs.	Bid Document Fee (Non – refundable) NRs.
1	Sanitarypad/G/NCB/ 06/ 2081-82	Supply and Delivery of Sanitary Pad.	30,05,995.34	75,500.00	3000.00

प्रमुख प्रशासकिय अधिकृत

प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बेलाटारी, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

शिलबन्दी दरभाउ पत्र स्वीकृतिको लागि आशयको सूचना

सूचना प्रकाशित मिति :- २०८१/०७/२३

उपरोक्त सम्बन्धमा गाउँकार्यपालिकाको कार्यालय, नवलपरासीको मिति २०८१/०६/३० गते "नयाँ पत्रिका" मा प्रकाशित सूचना अनुसार तोकिएको मिति र समय भित्र यस कार्यालयमा दर्ता हुन आएका शिलबन्दी दरभाउ पत्रहरुको रित पूर्वक दर्ता भई मिति २०८१/०७/२० गते खोलिएका शिलबन्दी दरभाउपत्रहरुको मूल्याङ्कन गर्दा तपशिल बमिजिमका शिलबन्दी दरभाउ पत्रहरु न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भएकाले, सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि ७ दिने सूचना प्रकाशित गरिएको छ।

सि. नं.	ठेक्का नं.	कार्यको नाम	आशय दिइएको बोलपत्रदताको नाम, ठेगाना	कबोल ठेक्का अंक (ढुवानी समेत)	कैफियत
१	PRM/GOODS/SQ/ AG-04/2081/082	खाद्यान्न बालीको बिउ उपयोगमा अनुदान कार्यक्रम	रामग्राम सिड कम्पनी प्रा.लि., रामग्राम-१६, नवलपरासी	८९.५० प्रति के.जी.	

प्रमुख प्रशासकीय अधिकृत

ललितपुर र भक्तपुरका सामुदायिक विद्यालयले पनि लगाएका छन् जग्गा र सटर भाडामा

ललितपुरका ४० मध्ये ८ र भक्तपुरका ३५ मध्ये ६ सामुदायिक विद्यालयका जग्गा र सटर भाडामा, संघसंस्था तथा व्यक्तिको मनपरी, स्थानीय सरकार मौन



● **सुनील प्रजापति**, मेयर, भक्तपुर नगरपालिका

केही विद्यालयले सटर तथा जग्गा भाडामा लगाएका छन्, त्यो आवश्यकता हो वा होइन भन्नेबारे खोज्दै छौं, भाडा उठाएको रेकर्ड पनि माग गरिरहेका छौं ।



● **महेन्द्रबहादुर क्षेत्री**, शिक्षा महाशाखा प्रमुख, ललितपुर महानगरपालिका

विद्यालयको पठनपाठन गर्ने ठाउँ अभाव भए पनि भाडामा दिइएको छ, यसमा मेयरसापले कसरी सम्झौता फिर्ता ल्याउन सकिन्छ भनेर कानुनी बाटो पनि खोज्नुभएको छ । अन्य विद्यालयको पनि सटर र जग्गा भाडाबारे खोजी गर्दै छौं ।



ललितपुरको पाटनढोकामा रहेको पाटन माविले भाडामा लगाएका सटरहरू । तीन रोपनी जग्गामा ३२ वटा सटर निर्माण गरी तीन वर्षका लागि भाडामा लगाएको छ ।



सार्वजनिक शैक्षिक गुठीबाट सञ्चालित सातदोबाटोस्थित महेन्द्र आदर्श विद्याश्रमले भाडामा लगाएका सटरहरू । **तस्बिरहरू : दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

शिवहरि घिमिरे/नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले सटर हटाएर शैक्षिक वातावरण सहज पारे पनि ललितपुर र भक्तपुरका पालिकाले भने विद्यालयका संरचनामा सटर नै निर्माण गरी भाडा लगाएका छन् । विद्यालयले सटर तथा जग्गा भाडामा लगाउँदा साँघुरा कक्षाकोठासँगसँगै विद्यार्थीले खेलमैदानको अभाव झेलिरहेका छन् ।

ललितपुर महानगरमा ४० वटा सामुदायिक विद्यालयमध्ये आठवटाले सटर तथा जग्गा भाडामा लगाएका छन् । भक्तपुर नगरपालिकाका ६ सामुदायिक विद्यालयले सटर तथा जग्गा भाडामा लगाउँदै आएका छन् । ललितपुर महानगरपालिकाभित्र मुख्यतः तीनवटा सामुदायिक विद्यालयको जग्गामा संघसंस्था तथा व्यक्तिको रजगज छ । सातदोबाटोमा रहेको महेन्द्र आदर्श विद्याश्रम, पुल्चोकको मदन स्मारक मावि र पाटनढोकामा रहेको पाटन उच्च माविले जग्गा तथा सटर भाडामा लगाएका छन् । विद्यालयलाई खेलमैदान तथा अतिरिक्त क्रियाकलाप गर्ने ठाउँ अभाव भए पनि यी विद्यालयले ३० वर्षसम्मका लागि जग्गा भाडामा लगाएका छन् ।

सार्वजनिक शैक्षिक गुठीबाट सञ्चालनमा रहेको सातदोबाटोस्थित महेन्द्र आदर्श विद्याश्रमले ३० वर्षका लागि ३२ रोपनी जग्गा आठ वर्षअघि नै भाडामा दिएको थियो । मुख्य सडकको नजिकै रहेको यो विद्यालयको भौतिक संरचना भने नाजुक छ । कक्षाकोठा साँघुरा छन् । खेलमैदानका लागि ठाउँ छैन । तर, मासिक ६ लाख भाडा उठाउने गरी विद्यालयले 'ज्यापु कम्पनी'लाई भाडामा दिएको छ । यो विद्यालयमा हाल ५५० हाराहारी विद्यार्थी छन् । कक्षा १२ सम्म पढाइ हुने विद्यालयले साँघुरो कक्षाकोठामा पठनपाठन गराउँदै आएको छ । तर, विद्याश्रमकी प्रधानाध्यापक अर्चना रिजालले यसबारे आफूलाई जानकारी नभएको बताइन् । 'यसबारे अहिले जानकारी छैन, विद्यालय खुलेपछि कागजात हेरेर मात्रै थाहा होला,' उनले भनिन् ।

ललितपुरको पाटन माविले तीन रोपनी जग्गामा ३२ वटा सटर निर्माण गरी तीन वर्षका लागि भाडामा लगाएको छ । ०८१ साउनदेखि लागू हुने गरी विद्यालयले नयाँ भाडा सम्झौता गरेको थियो । ३२ वटा सटर भाडामा लगाएर विद्यालयले मासिक दुई लाखसम्म आम्दानी गर्छ । एक हजार दुई सय विद्यार्थी संख्या रहेको यो माविको जग्गा क्षेत्रफल नौ रोपनी छ । त्यसमध्ये तीन रोपनी भाडा दिए पनि विद्यालयलाई पुग्दो ठाउँ छैन । विद्यालयका प्रधानाध्यापक कुमार चौलागाईंले महानगरपालिकाले तोकेको दररेटअनुसार भाडामा लगाएको दाबी गर्दै भाडाबाट उठेको रकम विद्यालयको प्रयोजनमा खर्च हुने बताए । 'सरकारले दिएको रकम पुग्दो हुँदैन, आन्तरिक स्रोतबाट शिक्षक, सहयोगी, मसलन्द सामान खरिद, मर्मतसम्भारलगायत काम हुन्छ,' उनले भने, 'यदि यो स्रोत हुने थिएन भने दूरदराजका विद्यार्थीले सस्तोमा शिक्षा पाउने अवस्था हुने थिएन ।'

विद्यालयको जग्गा तथा सटरकोठा भाडामा दिँदासमेत नजिकै रहेको महानगरपालिकाले अनुगमनसमेत गरेको देखिँदैन । ललितपुर महानगरपालिकाका शिक्षा महाशाखा प्रमुख महेन्द्रबहादुर क्षेत्रीले ०७४ अघि नै विद्यालयले वर्षौंसम्मका लागि जग्गा भाडामा दिएकाले त्यसलाई फिर्ता ल्याउन कठिन भइरहेको बताए । 'विद्यालयको पठनपाठन गर्ने ठाउँ अभाव भए पनि भाडामा दिइएको छ, यसमा मेयरसापले कसरी सम्झौता फिर्ता ल्याउन सकिन्छ भनेर कानुनी बाटो पनि खोज्नुभएको छ,' उनले भने, 'अन्य विद्यालयको पनि सटर र जग्गा भाडाबारे खोजी गर्दै छौं ।' उनले यी तीनबाहेक अन्य विद्यालयको विवरण खोज्ने दाबी गरे ।

■ सर्वोच्चले रद्द गरिदियो मदन स्मारकको सम्झौता

ललितपुरको पुल्चोकस्थित मदन स्मारक माविले जग्गा भाडामा दिएर भाडा उठाउनेतिरै ध्यान दिँदै आएको थियो । तर, टोल सुधार समितिले सर्वोच्चमा रिट हालेपछि विद्यालयको जग्गा भाडा सम्झौता नै खारेज भएको छ । ०६४ देखि नै जग्गा भाडामा दिँदै आएको माविले १० रोपनी एक आना जग्गाको सम्झौता रद्द गर्ने तयारी गरेको छ । सर्वोच्चको फैसलासँगै ठेक्का रद्द गर्न गत १६ असोजमा विद्यालयले सूचना जारी गरेको विद्यालयका प्रधानाध्यापक गोविन्द पौडेलले जानकारी दिए । उनका अनुसार पछिल्लोपटक ०६९ मा विभिन्न संघसंस्थालाई जग्गा भाडामा दिइएको थियो । विद्यालयको १० रोपनी एक आना जग्गा ४४ वर्षका लागि 'भ्याली कन्स्ट्रक्सन'ले भाडामा लिएको थियो । विद्यालयले प्रतिरोपनी मासिक ३५ हजार तिर्ने गरी भाडामा दिएको थियो । तर, अब सम्झौता नै रद्द गर्ने गरी सर्वोच्चले आदेश दिएको पौडेलले बताए ।

दरबार टोल विकास समितिले ०७५ मा दायर गरेको रिटमा १३ भदौ ०८१ मा सर्वोच्चले सम्झौता रद्द गरी विद्यालयको नाममा जग्गा संरक्षण गर्न फैसला गरेको हो । फैसलामा कुनै पनि सामुदायिक विद्यालयको जग्गा भाडामा दिन नहुने र नलगाउनसमेत निर्देशन दिएको छ । 'अब विद्यालयको जग्गामा शैक्षिक क्रियाकलाप हुन्छन्, ठाउँको अभाव पनि थियो,' पौडेलले भने, 'अब यसरी भाडामा दिँदैनौं ।'

भक्तपुरका ३५ सामुदायिक विद्यालयमध्ये ६ वटा विद्यालयले सटर भाडामा दिएको नगर शिक्षा शाखाले जनाएको छ । भाडामा दिनेमध्ये श्रीपद्म मावि, विद्यार्थी निकेतन, वागिश्वरीलगायत छन् । श्रीपद्म माविले पाँचवटाभन्दा बढी सटर भाडामा दिएको छ । विद्यार्थी निकेतनले पनि सातवटा सटर भाडामा लगाएको छ । भक्तपुर नगरपालिकाका मेयर सुनील प्रजापतिले कुन तरिकाले भाडामा लगाइएको हो भन्नेबारे आफूलाई स्पष्ट नभएको बताए । 'केही विद्यालयले सटर तथा जग्गा भाडामा लगाएका छन्, त्यो आवश्यकता हो वा होइन भन्नेबारे खोज्दै छौं, भाडा उठाएको रेकर्ड पनि माग गरिरहेका छौं,' उनले भने । भक्तपुर च्यामासिंहमा रहेको बागेश्वरी माविको आन्तरिक आम्दानीको स्रोत सटर भाडा नै हो । ६ वटा सटर भाडामा लगाएको विद्यालयले मासिक झन्डै डेढ लाख आम्दानी गर्छ । यही स्रोतबाट २० जनाभन्दा बढी शिक्षक राखेर पठनपाठन गराउँदै आएको छ ।

चाडबाडलक्षित बिदापछि खुले शैक्षिक संस्था

काठमाडौं/ चाडपर्वलक्षित एक महिना लामो बिदापछि देशभरका शैक्षिक संस्था शुक्रबारदेखि खुलेका छन् । केही शैक्षिक संस्थाले दसैं-तिहारबिचमा पठनपाठन सञ्चालन गरे पनि अधिकांश बन्द थिए । लामो बिदापछि खुलेका कतिपय शैक्षिक संस्थामा भने तत्काल पठनपाठन गर्न सक्ने अवस्था छैन । असोज दोस्रो साता आएको बाढीपहिरोले क्षति पुऱ्याएका विद्यालयमा कसरी पठनपाठन जारी राख्ने भन्ने अन्योल छ । कतिपय विद्यालयमा बाढी पसेको थियो भने कतै पहिरोले पुरेको अवस्था छ ।

बाढीपहिरोका कारण ललितपुरको कोन्ज्योसोमस्थित ज्ञानज्योति आधारभूत विद्यालयको संरचना ध्वस्त बनेको छ । विद्यालय भवन तहसनहस भएपछि पठनपाठन रोकिने अवस्था छ । अस्थायी टहरा (अस्थायी सिकाइ केन्द्र) निर्माण गरेर पठनपाठन गर्ने गरी गाउँपालिकाले तयारी गरिरहेको छ ।

काभ्रेको कालिकादेवी माविमा पनि बाढी पसेपछि विद्यालय संरचना ध्वस्त भयो । यो विद्यालयमा पनि अस्थायी संरचनाबाट पठनपाठन गरिँदै छ भने काभ्रेकै नवज्योति सिमभञ्ज्याङ आधारभूत विद्यालय, पञ्चकन्या माध्यमिक विद्यालय, भुमेस्थान मावि, फुल्चोकी, बाल कल्याण, ग्रामोदय आवासीय विद्यालय, भालेश्वर मावि र कौशिक वैदिक गुरुकुल विद्यालयले पनि अस्थायी संरचनाबाट पठनपाठन सुरु गर्दै छन् । यी विद्यालयको स्थायी संरचना कहिले बन्ने भन्ने टुंगो भने लागेको छैन ।

शिक्षा मन्त्रालयले ४ कात्तिकसम्म बाढीपहिरो प्रभावित स्थानीय तहलाई विद्यालय भवनमा पुगेको क्षति मर्मत वा पुनर्निर्माणमा लाग्ने लागतसहित विवरण पठाउन निर्देशन दिएको थियो । विद्यालयहरूले विवरण पठाए पनि स्टिमेट र पुनर्निर्माण योजना अझै सुरु भएको छैन । कम क्षति भएका कतिपय विद्यालयको पुनर्निर्माण भने स्थानीय तहले नै गर्दै छन् । शिक्षा मन्त्रालयका सूचना अधिकारी नारायणप्रसाद पोखरेलका अनुसार लागत माग भएअनुसार स्टिमेट तयार गरिएको छ ।

कतिपय ठाउँमा केन्द्र सरकारको आवश्यकता नपर्ने भएपछि स्थानीय तहहरूले नै विद्यालय बनाउने तयारी गरेका छन् । धेरैले बजेट र योजना माग गरेका छन् । मन्त्रालयले क्षति पुगेका विद्यालयको वर्गीकरण गर्न सकेको छैन । कुन विद्यालय केन्द्र सरकारले बनाउने, कुन प्रदेशले बनाउने, कुन स्थानीय तहले बनाउने र कुन विद्यालयले नै मर्मतसम्भार गर्न सक्छ भन्ने विवरण मन्त्रालले तय गरेको छैन । मन्त्रालयका अनुसार बाढीपहिरोका कारण शैक्षिक संरचनामा पाँच अर्बभन्दा बढीको क्षति पुगेको छ । बाढीपहिरोमा परी १८ जना विद्यार्थीले ज्यान गुमाएका थिए भने देशभर दुई सयवटा विद्यालयमा क्षति पुगेको थियो । बाढीपहिरोले पुनर्निर्माण गर्नुपर्ने गरी २४ विद्यालयमा क्षति पुऱ्याएको छ । यी विद्यालयलाई अस्थायी संरचनाबाट भए पनि पठनपाठन सुरु गर्न मन्त्रालयले निर्देशन दिएको छ ।

संक्षेप

हात भाँचिएकी बालिकाको मृत्यु, तीन चिकित्सक पक्राउ

धनगढी/ हात भाँचिएर उपचारका लागि अस्पताल भर्ना भएकी एक बालिकाको उपचारका क्रममा मृत्यु भएको छ । भाँचिएको हातको शल्यक्रिया गर्नुअघि बेहोस पारिएकी बालिकाको मृत्यु भएपछि उपचारमा संलग्न तीन चिकित्सकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । घरमा खेल्ने क्रममा लडेर बायाँ हात भाँचिएर घाइते भएकी डोटीको दिपायल-सिलगढी नगरपालिका- ३ की नौ वर्षीया रजनी भुलको राजपुरस्थित सुजंग अस्पतालमा मंगलबार भर्ना गरिएको थियो । आफन्तका अनुसार बुधबार बेलुकी करिब ८ बजेतिर हातको शल्यक्रिया गर्न उनलाई बेहोस बनाइएको थियो । सोही क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक सूर्यप्रकाश भट्टले उपचारमा संलग्न डा. राजमणि यादव, सुरेन्द्रकुमार चौधरी र अभिषेक यादवलाई नियन्त्रणमा लिएको जानकारी दिए । चिकित्सकलाई कारबाहीको माग गर्दै मृतकका आफन्तले शव उठाएका छैनन् । रोजगारीको सिलसिलामा भारतमा रहेका मृतकका बुबा फर्केपछि शव उठाउने र घटनाको थप अनुसन्धान अगाडि बढाइने प्रहरी निरीक्षक भट्टले बताए ।

करेन्ट लागेर एक सैनिकको मृत्यु

मकवानपुर/ भीमफेदी गाउँपालिकामा करेन्ट लागेर बिहीबार नेपाली सेनाका लेसनायकको मृत्यु भएको छ । दुईजना घाइते भएका छन् । मृत्यु हुनेमा भीमफेदी गाउँपालिका- ८ दोभानस्थित फास्ट ट्र्याक सडक निर्माण कार्यदल सिस्नेरी बेस क्याम्पमा कार्यरत डडेल्धुराको गन्याधुरा गाउँपालिका- १ घर भएका लेसनायक २९ वर्षीय पदमबहादुर दियाल छन् । उनको घटनास्थलमै मृत्यु भएको मकवानपुर प्रहरीले जानकारी दिएको छ । घाइते हुनमा डडेल्धुराकै अमरगढी नगरपालिका- २ का २९ वर्षीय लेसनायक विनोद केसी र पाल्पाको रामपुर नगरपालिका- ६ का सिपाही २१ वर्षीय युवराज कुमाल छन् । उनीहरूको काठमाडौंस्थित छाउनी अस्पतालमा उपचार भइरहेको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक ठाकुरप्रसाद सापकोटाका अनुसार बिहीबार बिहान सञ्चार उपकरणको पाइप गाड्ने क्रममा पाइपले हाइटेन्सन बिजुलीको तारमा छुँदा उनीहरूलाई करेन्ट लागेको थियो । घाइते दुवैलाई नेपाली सेनाको हेलिकोप्टरमार्फत छाउनी अस्पताल पुऱ्याइएको प्रहरी निरीक्षक सापकोटाले बताए ।

बस दुर्घटनामा दुई घाइते

कास्की/ दाडबाट भ्रमणका लागि पोखरा आएको बस दुर्घटना हुँदा बिहीबार दुईजना घाइते भएका छन् । घाइते हुनेमा दाङ तुल्सीपुर उपमहानगरपालिका- ४ बस्ने वर्ष १७ की सन्ध्या रसाइली र १९ वर्षीया मनीषा रसाइली रहेको कास्कीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक श्यामबाबु ओलियाले जानकारी दिए । पोखरा महानगरपालिका- २२ शान्ति स्तुपानजिकै पुम्दीकोटबाट छोरेपाटनतर्फ आउँदै गरेको रा.१ख २१०६ नम्बरको मिनीबस दुर्घटना भएको हो । नवयुग डान्स क्लब दाडबाट भ्रमणका लागि आएको बस चालकले नियन्त्रण गुमाई सडकछेउमा रहेको भिरको तिदुको रुखमा अड्किएको थियो । बसमा सात महिला र १७ पुरुष गरी २४ जना रहेको ओलियाले बताए । घाइतेको पोखराको एक अस्पतालमा उपचार भइरहेको छ ।

१० दिनको शिशु झाडीमा फाल्ने आमा पक्राउ

मकवानपुर/ थाहा नगरपालिकामा सार्वजनिक शौचालयनजिकै झाडीमा १० दिने शिशु फाल्ने महिलालाई प्रहरीले नियन्त्रणमा लिएको छ । झापाको अर्जुनधारा नगरपालिका- ६ घर भई हाल काठमाडौं बस्दै आएकी २८ वर्षीया मेनुका धिताल पक्राउ परेकी हुन् । उनले थाहा नगरपालिका धारापानीस्थित दिदीको घरमा आएका वेला आफ्नो १० दिने शिशु बालकलाई झाडीमा फालेको स्वीकार गरेको प्रहरीले जनाएको छ । गत मंगलबार साँझ झाडीबाट शिशु रोएको आवाज आएपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । इलाका प्रहरी कार्यालय पालुङबाट खटिएको प्रहरी निरीक्षक सबिनबाबु अर्याल नेतृत्वको प्रहरी टोलीले घटनास्थलबाट शिशुको उद्धार गरेको थियो । शिशु फाल्ने महिलाको खोजतलासका क्रममा स्थानीयले दिएको जानकारीअनुसार शिशुकी आमा धिताललाई उनको दिदीको घरमा फेला पारेको प्रहरी निरीक्षक अर्यालले जानकारी दिए ।

माओवादीले उपनिर्वाचनलाई भ्रष्टाचारविरुद्धको अभियानका रूपमा अघि बढाउने

काठमाडौं/ माओवादीले स्थानीय तह उपनिर्वाचनलाई भ्रष्टाचारविरुद्धको अभियानका रूपमा अघि बढाउने भएको छ । सुशासनलाई केन्द्रमा राखेर भ्रष्टाचारविरुद्ध खरो रूपमा उत्रिने माओवादीले जनाएको छ । उपनिर्वाचन हुने पालिका र वडाका कमिटी तथा उम्मेदवारलाई सुशासनलाई मुख्य एजेन्डा बनाएर प्रस्तुत हुन अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले निर्देशन दिएको माओवादी उपमहासचिव हरिबोल गजुरेलले जानकारी दिए ।



● **हरिबोल गजुरेल**, उपमहासचिव, माओवादी

माओवादी सरकारमा हुँदा अगाडि बढाएको सुशासन, सामाजिक न्याय र समृद्धिको एजेन्डा लिएर जनतामा जान्छौं । स्थानीय तहको उपनिर्वाचनलाई भ्रष्टाचारविरोधी अभियानकै निरन्तरताका रूपमा अघि बढाउनेछौं ।

'माओवादी सरकारमा हुँदा अगाडि बढाएको सुशासन, सामाजिक न्याय र समृद्धिको एजेन्डा लिएर जनतामा जान्छौं । स्थानीय तहको उपनिर्वाचनलाई भ्रष्टाचारविरोधी अभियानकै निरन्तरताका रूपमा अघि बढाउनेछौं,' उनले भने । भ्रष्टाचारको अन्त्य नभएसम्म देश विकास हुन नसक्ने र जनताले परिवर्तनको महसुस नगर्ने माओवादीको निष्कर्ष छ । भ्रष्टाचारविरोध अभियान तीव्र भइरहेका वेला बिचौलिया र भ्रष्ट मिलेर प्रचण्ड नेतृत्वको सरकार ढालेको दाबी माओवादीले गर्दै आएको छ । सुशासनको पक्षमा माओवादीले गरेको कामबाट जनतामा राम्रो सन्देश गएको भन्दै सो पार्टीका नेताहरूले निर्वाचनमा त्यसको प्रभाव पर्ने बताएका छन् । माओवादीले काग्रेस र एमालेबाहेकका दलहरूसँग स्थानीय आवश्यकताका आधारमा सहकार्य हुन सक्ने जनाएको छ । तर, काग्रेस र एमालेसँग भने उपनिर्वाचनमा सहकार्य नहुने माओवादीले स्पष्ट पारेको छ । आगामी १६ मंसिरमा हुने उपनिर्वाचनका लागि माओवादीले २६ कात्तिकसम्म उम्मेदवार चयन गरिसक्ने जनाएको छ । काठमाडौंको कीर्तिपुरको मेयरमा प्राध्यापक शिवशरण महर्जनलाई अघि सारेको माओवादीले अन्य रिक्त स्थानमा पनि उम्मेदवार छनोटको क्रम जारी रहेको जनाएको छ ।

उपनिर्वाचनका लागि रास्वपाले सातै प्रदेशमा पठायो केन्द्रीय प्रतिनिधि

काठमाडौं/ राष्ट्रिय स्वतन्त्र पार्टीले १६ मंसिरमा हुने स्थानीय तह उपनिर्वाचनको तयारीका लागि सातवटै प्रदेशमा केन्द्रीय प्रतिनिधि परिचालन गरेको छ । केन्द्रीय निर्वाचन संयोजन समितिले सबै प्रदेशमा निर्वाचन परिचालनका लागि जिम्मेवारी तोकिएको संयोजक गणेश पराजुलीले जानकारी दिए । उनका अनुसार कोशी प्रदेशमा सचेतक निशा डाँगी, मधेशमा डा. चन्दा कार्की, बागमतीमा शिशिर खनाल, गण्डकीमा विन्दवासिनी कंसाकारलाई परिचालन गरिएको छ । लुम्बिनीमा केन्द्रीय सदस्य कुसुम महर्जन, कर्णालीमा केन्द्रीय कोषाध्यक्ष लिमा अधिकारी र सुदूरपश्चिममा केन्द्रीय सदस्य विष्णुकुमार श्रेष्ठलाई परिचालन गरिएको संयोजक पराजुलीले बताए ।



रास्वपाले स्थानीय तहमा उम्मेदवारी दिने उम्मेदवार चयन गर्न प्रारम्भिक निर्वाचन सञ्चालन गर्ने भएको छ । यसका लागि केन्द्रीय निर्वाचन संयोजन समितिले कार्यतालिका सार्वजनिक गरेको छ । प्रारम्भिक निर्वाचनका लागि २२-२५ कात्तिकमा उम्मेदवारी दर्ताको समय छ । २७ गते उम्मेदवारसँग छलफल गरेर अन्तिम नामावली प्रकाशन गरिनेछ । २८ गते मतदान हुनेछ भने २९ गते नतिजा प्रकाशनको कार्यतालिका छ । निर्वाचित उम्मेदवार नै उपनिर्वाचनको आधिकारिक उम्मेदवार हुने संयोजक पराजुलीले बताए ।

■ बुटवल-गोरुसिंगे सडक

वन्यजन्तुमैत्री बनाइँदै, सडक खण्डमा १९ वटा अन्डरपास बन्ने

बुटवलमा **विष्णु घिमिरे**

बुटवल-गोरुसिंगे सडकखण्ड वन्यजन्तु तथा वातावरणमैत्री बनाउने गरी निर्माण कार्य अगाडि बढाइएको छ । पूर्व-पश्चिम राजमार्गअन्तर्गतको ५० किलोमिटर लामो सडक विस्तारका लागि दुई खण्डमा गरी १३ अर्ब ५५ करोड ६५ लाख ९६ हजार ४ सय ४१ रुपैयाँको ठेक्का सम्झौता भई काम अगाडि बढाइएको छ ।

अहिले सडक विस्तारका लागि अतिक्रमण हटाउनेदेखि रुख तथा बिजुलीका पोल हटाउन थालिएको छ । दसैं-तिहारको आसपासबाट निर्माण व्यवसायीले काम सुरु गर्नेछन् । काम सुरु गरेको तीन वर्षभित्र योजना सम्पन्न गर्ने गरी चिनियाँ कम्पनी सान्सी कन्स्ट्रक्सन इन्जिनियरिङ ग्रुप र आशीष निर्माण सेवा नेपाल जेभीसँग सम्झौता भएकाले कामले गति लिने सडक विस्तार आयोजनाले जनाएको छ ।

यो सडक खण्डमा वनक्षेत्र पनि पर्ने भएकाले वन्यजन्तुमैत्री बनाउने गरी सडक विस्तार गर्न लागिएको छ । सडकखण्ड वातावरणमैत्रीसँगै वन्यजन्तुमैत्री सडक बन्ने बुटवल-गोरुसिंगे-चन्द्रौटा सडक योजना कार्यालय प्रमुख इन्जिनियर कुशलता न्यौपानेले बताइन् । कपिलवस्तुको चन्द्रौटासम्म विस्तार गर्ने योजना छ । गोरुसिंगे-चन्द्रौटा सडक खण्ड १९ किलोमिटरका लागि डिजाइनको काम भइरहेको छ । बुटवल-गोरुसिंगे सडक खण्ड वनक्षेत्रमा २४ मिटरदेखि सहरी क्षेत्रमा ५० मिटरसम्मको बनाइँदै छ ।

यो सडकअन्तर्गत सालझन्डी-पिपरा खण्डमा जंगल क्षेत्र छ । बनगाई-गोरुसिंगे सडक खण्डमा पनि जंगल क्षेत्र छ । पूर्व-पश्चिम राजमार्गको उत्तर तथा दक्षिण क्षेत्रमा जंगल पर्ने भएकाले वन्यजन्तुमैत्री सडक बनाउन लागिएको योजनाले जनाएको छ ।



■ सात हजार रुख काटिँदै, ७२ हजार रोप्न चार करोड खर्च गरिँदै

सडक विस्तार गर्दा सात हजार एक सय ७५ रुख हटाउनुपर्ने भएपछि ती रुख काट्ने तयारी गरिएको छ । ती रुख काट्दा वातावरणमा हुने नोक्सानी कम गर्न १० गुणा बढी बिरुवा रोप्ने तयारी पनि गरिएको छ । ७२ हजार बिरुवा रोप्न र ती बिरुवा हुर्काउन चार करोड रुपैयाँ खर्च गरिँदै छ । यसका लागि वन विभागसँग आवश्यक सहकार्य अगाडि बढाइएको छ । योजना कार्यालयका लेखा अधिकृत राजेन्द्रप्रसाद आचार्यले बिरुवा रोप्न चार करोड रुपैयाँ पठाउने तयारी भएको बताए । कार्यालयले रकम उपलब्ध गराउने र वनले बिरुवा रोप्ने तथा हुर्काउने जिम्मा लिनेछ ।

विस्तारपछि सडक फराकिलो हुने र सवारीसाधनको गति पनि बढी हुने हुँदा वन्यजन्तु आवतजावत गर्दा अवरोध नहोस् र उनीहरूलाई कुनै प्रकारको क्षति नहोस् भनेर अन्डरपाससहित सडक विस्तार गर्न लागिएको न्यौपानेले बताइन् । यस सडक खण्डको आसपासमा पर्ने जंगलमा ठुला जनावर भने नदेखिएको उनको भनाइ छ । जंगल क्षेत्रमा १९ जटा अन्डरपास बनाइने भएको छ । आयोजनाका इन्जिनियर किसनप्रसाद गैरेले १९ मध्ये सालझन्डी पिपरा खण्डमा चारवटा बनाइने बताए । कोइली बनगाई-गोरुसिंगे जंगलमा १० वटा अन्डरपास बनाइनेछ ।

■ सडक खण्डमा ३० वटा पुल, १४९ कल्भर्ट बन्ने

यो सडक खण्डमा ३० वटा पुल बन्नेछन् । बजार क्षेत्रमा सडक पार गर्न सहजताका लागि ओभरहेड ब्रिज पनि बन्ने इन्जिनियर गैरेले बताए । सडक खण्डमा १४९ कल्भर्ट तथा ६ अन्डरपास बन्नेछन् । सडकको विस्तारको काम गर्दा सवारी आवागमनमा अवरोध नहुने गरी अगाडि बढाउने योजना कार्यालयको छ । पुल, ऋसिङदेखि सर्भिस लेनको काम गरेपछि बिचको सडक भत्काउने र बनाउने काम अगाडि बढाइने भएको छ । सडक विस्तारको काम सुरु गरेपछि बिचसडकको काम नथाल्दै सडकमा खाल्टाखुल्टी परेमा मर्मत-सम्भारको काम पनि निर्माण व्यवसायीले गर्ने आयोजनाले जनाएको छ । कार्यालय प्रमुख इन्जिनियर न्यौपानेका अनुसार यसो गर्दा सडक विस्तारको काम सहज रूपमा यातायात सञ्चालनको व्यवस्था मिलाउन सहज हुनेछ ।

विस्तार गर्न लागिएको सडक खण्ड रुपन्देही र कपिलवस्तु जिल्लामा पर्दछ । सडक विस्तारका क्रममा सडक अतिक्रमण हटाउने क्रममा रुपन्देहीमा मात्रै ८९ घरपरिवारको संरचना हटाइएको छ । सडक क्षेत्रमा पर्ने घरहरू हटाउँदा मात्रै मुआब्जा दिने प्रावधानअनुसार यहाँ हालसम्म ८९ जनालाई दिनुपर्ने देखिएको छ । मुआब्जा निर्धारणका लागि जिल्ला प्रशासन कार्यालय रुपन्देहीले बनाएको समितिले एक करोड ४३ लाख ७१ हजार ७ सय ७६ रुपैयाँ दिनुपर्ने भएको छ । योजना कार्यालयका लेखा प्रमुख आचार्यका अनुसार गत आर्थिक वर्षको असार मसान्तसम्ममा ५६ लाख ३३ हजार २ सय ४५ रुपैयाँ वितरण गरिएको थियो । यो आर्थिक वर्षमा १३ लाख २९ हजार ८२ गरी हालसम्म जम्मा ६९ लाख ६२ हजार ३ सय २७ रुपैयाँ वितरण गरिएको छ ।

राजनीतिमा स्वच्छन्दतावादको सम्बन्ध

राष्ट्रघाती सन्धि, सम्झौता, सामाजिक अन्तरविरोध, बढ्दो आयात, प्राकृतिक विनाशजस्ता विषयलाई बहसमा नल्याउनु राजनीतिक स्वच्छन्दतावाद हो



● प्राडा पारसनाथ यादव

अग्रलेख

फ्रान्सेली क्रान्ति : राजनीतिक स्वच्छन्दतावादको सम्बन्ध फ्रान्सेली क्रान्तिसँग जोडिएको छ। सन् १७८९ को आरम्भ फ्रान्सेली क्रान्तिको समय थियो। यस क्रान्तिमा विद्रोहीपन, जोस, विश्वासघात, हिंसा र आरक्षणजस्ता पक्षको अभिलेखन देखिन्छ। फ्रान्सेली क्रान्तिकारीको योगदानले नै विश्वव्यापी रूपमा मानव अधिकारको खोजी भएको थियो। यो क्रान्ति फ्रान्सको जहानियाँ सामन्ती राजतन्त्रको अन्त्यसँगै सम्पन्न भएको थियो। यसका कारण विभिन्न देशमा राजनीतिक भूदृश्य परिवर्तन भएको थियो। यसैले, यो युरोप र फ्रान्सको इतिहासमा मात्र नभई संसारभरि प्रभाव पारेको क्रान्ति हो भन्न सकिन्छ। फ्रान्समा राष्ट्रिय झन्डामार्फत यो क्रान्ति आजसम्म पनि जीवन्त रहेको देखिन्छ। यो क्रान्ति राष्ट्रिय स्वतन्त्रता दिवस, स्वतन्त्रता, समानता, भ्रातृत्वका आधारमा सबै जनतामा राष्ट्रियगानका रूपमा अहिलेसम्म स्मरणीय छ। यसै क्रान्तिमार्फत मुस्लिम र यहुदीले नागरिक अधिकार प्राप्त गर्नुका साथै चर्चको प्रभुत्वबाट भिन्न भई युरोपमा सर्वप्रथम राज्यको आधार तय भएको हो। यस क्रान्तिपछि नै फ्रान्समा पहिलोपटक पारिवारिक कानुन परिमार्जन गर्दै महिला र पुरुषबिच वंशीय समानता, विवाहको स्वतन्त्रता र सम्बन्धविच्छेदको अनुमति प्रदान गरेको हो। यसबाट महिलाविरुद्धको हिंसालाई अपराधीकरण गर्दै समाजमा नयाँ बहस देखापरेको हो। यहींबाट सीमित मात्रामा भए पनि सामाजिक कल्याणका कार्य र अवकाश वृत्तिको आरम्भ पनि भएको हो। सबैलाई शिक्षा भन्ने आधार पनि तय यसैबाट भएको हो। समाजमा सांस्कृतिक, आर्थिकलगायत विविध पक्षको पुनः संरचनामा यसको जोड रहेको देखिन्छ।

सन् १७८९ अघि राजा लुई सोह्रौँको समयमा गरिब जनतामा चर्को कर लादेको र धनी भने करको दायरामा मुस्किलले पर्ने गरेको सामाजिक भेद थियो। यस क्रान्तिपछि पश्चगामी अर्थात् प्रतिगामी शक्ति र क्रान्तिकारीबिच चर्को संघर्ष भएको पाइन्छ। नयाँ स्वच्छ समाज या राज्य निर्माण गर्न क्रान्तिपछि नयाँ राजनीति, मानव अधिकारप्रति समर्पित संगठित रूपले संस्थागत सिद्धान्तको विकासमा जोड दिएको पाइन्छ। आफ्नो जीवन पद्धति र बचाइको आधार आफैँले सिर्जना गर्ने मूल मान्यता पनि देखिन्छ। यसले गर्दा विश्वव्यापी संघर्षको मार्ग निर्माण भयो। यसको स्पष्ट मार्ग र आदर्श भने विकास हुन नसक्दा यो स्वच्छन्दतामा सीमित हुन गयो। राजनीतिक यात्रामा आज केही स्वच्छन्दतावादको आधार देखिएको छ। धेरैजसो विचार सन् १९६० को दशकपछि स्वच्छन्दतावादसँग जोडिएर त्यस किसिमका संघर्ष देखिएका छन्।

स्वच्छन्दतावाद : स्वच्छन्दतावाद कला साहित्यमा सञ्चालन गरिएको आन्दोलन हो। यो नवशास्त्रीयतावादविरुद्ध अठारौँ शदीको अन्त्य र उन्नाइसौँ शदीको आरम्भमा विकास भएको हो। जर्मन कवि फ्रेडरिक स्लेगललाई सर्वप्रथम स्वच्छन्द भन्ने शब्द प्रयोग गर्ने जस दिइएको छ। यस सिद्धान्तमा साहित्य आवेगको वस्तु हो, जो कल्पनाद्वारा प्रदत्त हुने भनी बताइएको छ। आवेग, स्वतन्त्रता, रहस्य र कल्पना स्वच्छन्दतावादले केन्द्रित गरेका मुख्य मान्यता हुन्। यसका मान्यताका क्रममा आत्मपरकता र व्यक्तिवादिता पनि थपिएका छन्। यो स्वस्फुर्तमा जोड दिने र नियममा भन्दा व्यक्ति स्वतन्त्रता खोज्ने मान्यता भएको पनि बताइएको छ। सामाजिक सक्रिय जीवनभन्दा एकान्तको जीवन रोजाइमा पर्नु पनि यसको मान्यता हो। स्वच्छन्दतावादमा अतीतसँगै कल्पनाको उडान नै सुन्दरताको आधार बनेको हुन्छ।

यसैले अठारौँ शताब्दीमा फ्रेन्च क्रान्ति हुँदा स्वच्छन्द विचार विस्तार भयो। यस समयमा पुरानो राज्य प्रणाली या अतीत राम्रो र विशुद्ध थियो भन्ने आधार पनि विकास भएको पाइन्छ। स्वतन्त्रता र स्वायत्तताको वकालत गर्ने कलाकार र दार्शनिकरूले संसारलाई हेर्ने दृष्टिकोणमा 'च्यालेन्ज' भएकाले नै व्यक्तिगत मान्यतामा जोड दिँदै ती सिद्धान्तलाई एकीकृत गरी अघि बढेको देखिन्छ। यसपछि नै स्वच्छन्दतावादले अभिव्यक्तिको नयाँ मार्ग प्राप्त गरेको पनि पाइन्छ। यस मान्यताअनुसार जीवनको आदर्श नै स्वतन्त्रता तथा उदारता भएको र विश्व यसैका आदर्शमा गतिवान भएको आधार निर्माणमा जोड दिइएको छ। आरम्भमा स्वच्छन्दतावाद शास्त्रीयतावादको विरोधी धाराका रूपमा देखापरेको हो। सचेतताका कारण जीवन परिवर्तनशील देखिन्छ। यस मान्यतामा विश्वलाई हेर्ने निश्चित आधार तथा अनुभव भने आन्दोलनसँगै सँगालेको पाइन्छ। स्वच्छन्दतावादको योगदानमा राष्ट्रवादको उदय पनि पर्छ। स्वच्छन्दतावादले केही मात्रामा उदारवादको विकासमा पनि योगदान पुऱ्याएको छ।

राजनीतिक स्वच्छन्दतावाद : बृहत्तम रूपमा युरोपमा राजनीतिक स्वच्छन्दतावादको पहिलो परम्परा फ्रेन्च क्रान्ति नै हो। यसपछि अठारौँ शताब्दीमा कार्ल स्मित (१८००-१९८५) को लेखन राजनीतिक स्वच्छन्दतावादमा उल्लेख गरिएको पाइन्छ। स्मितले स्वच्छन्दतावादले ठोस रूपमा केन्द्रविरुद्धको संघर्ष फरक ढंगले लिएको देखिन्छ। राजनीतिक उदारतालाई स्वैरकल्पनाभन्दा फरक ढंगले लिएको पनि पाइन्छ। यीबाहेक स्वच्छन्द विषयले स्पष्ट निर्णयलाई निषेध गर्छ। राजनीतिक उदारवादले उनाइसौँ शताब्दीको आन्दोलनलाई निर्देश गर्छ। यसको जोड तथ्यपरकताभन्दा आवेग र उदारताको राजनीतिक सोचमा रहेको देखिन्छ। राजनीतिक स्वच्छन्दतावादलाई एकतर्फी प्रेम सम्बन्ध भएजस्तै राजनीतिक सन्दर्भमा हेर्न सकिन्छ। जसरी यस्तो प्रेम सम्बन्ध आवेग र व्यक्तिगत अनुभूतिमा केन्द्रित हुन्छ, त्यसरी नै राजनीतिक स्वच्छन्दता या उदारताले पनि राजनीतिमा जोस र उदारतासँगै वैयक्तिकतालाई नै जोड दिन्छ। स्वच्छन्दतावाद या उदारवादको मुख्य मान्यता राष्ट्रवादको मान्यता नै हो। यो स्वच्छन्दता कला र राजनीतिको केन्द्रीय विचार पनि हो। यस आन्दोलनको आरम्भदेखि नै राष्ट्रिय भाषा, लोकवाङ्मयको विकास, स्थानीय मान्यता, रीतिरिवाज र परम्परामा जोड दिइएको पाइन्छ। यस आन्दोलनका कारण युरोपको नक्सा पुनः कोरिएको भन्ने गरिन्छ। आत्मनिर्णयको अधिकार, जनजातीय अधिकारलगायत राष्ट्रवाद नै यसको एक मात्र साँचो हो। रुसोद्वारा प्रस्तुत उदारतासम्बन्धी दृष्टिकोण पनि यस सन्दर्भमा बिर्सन मिल्दैन। यस मान्यतालाई अघि बढाउँदै हार्डरले मानिसको भौगोलिक रहनसहन, प्राकृतिक अर्थ व्यवस्था, परम्परा र समाजको आकारमा ध्यान दिएको पाइन्छ।



स्वच्छन्द राष्ट्रवाद : राष्ट्रवादका आधारमा राज्यले राजनीतिक 'लेजेटिमेसी'को सचेतन शासन खोजी गर्छ। यसले भाषा, वंश, जनजाति, धर्म, रीतिस्थितिजस्ता पक्ष समावेश गर्छ। यी पक्ष संस्कृतिबाटै विकास भएका हुन्। यसको प्रयोग जनजातिगत राष्ट्रवाद तथा नागरिक राष्ट्रवादका रूपमा गर्न सकिन्छ। स्वच्छन्द राष्ट्रवाद साम्राज्यको प्रभुसत्ताका कारण विकास भएको हो। यसको राज्यगत मुख्य मान्यता माथिदेखि तल भन्ने देखिन्छ। यसमा मुख्य या शिरमा राजतन्त्र र यससँग सम्बद्ध अन्य शक्ति रहन्छन्। यसले नै अस्तित्वको निर्धारण गर्छ। त्यसकारण प्रायजसो राष्ट्रवाद पनि स्वच्छन्द नै देखिन्छ। मुख्य रूपले राष्ट्रवादको आधार वंशगत, जाति र धार्मिक मत या दृष्टिकोणसँग सम्बद्ध देखिन्छ। यसले राज्यको रूपान्तरणकारी या क्रान्तिकारी आधार तय गर्दैन। तर, यसबाट राज्यको स्वच्छन्द राजनीतिक आधार भने तय हुन्छ। स्वच्छन्द राष्ट्रवादले निश्चित मात्रामा उदारताको कुरो गर्छ। साहस र समृद्धिको परम्परागत पक्षमा जोड दिन सक्छ। सरकारले अनुशासनको मात्रा शासकका आदरका लागि तोक्न सक्छ। सामाजिक संस्कारको मानसिक निर्मलीकरण स्वच्छन्द उदारवादीको मुख्य पक्ष मानिन्छ। स्वच्छन्द उदारवादीको मुख्य नीतिगत समस्या भनेकै आफूलाई अरूभन्दा भिन्न र उच्च रहेको ठान्नु हो। मातृभाषीको आडमा यो चिन्तन कत्तिको फलदायी छ भन्ने नसोची या आत्मसात् नगरी अरूलाई सामान्य देख्नु डरलाग्दो पक्ष हो। सामान्य अनुभवकै भरमा निष्कर्षमा पुग्नु र सन्तुलित सामाजिक कार्यका लागि स्पष्ट नभएको राजनीतिक स्वच्छन्दता काव्यिक राजनीति हो। यसले उत्तेजनाको पर्व मात्र पर्खिरहेको हुन्छ। सबैजसो उदारताको आदरपूर्ण रूपमा कुरो त गर्छन्, तर स्वच्छन्द राजनीति तिनीहरूको भावनात्मक सन्तुष्टि या तुष्टिबाहेक केही होइन। स्वच्छन्दतावाद प्रभावित राजनीतिमा गरिब र गरिबीको काव्यिक उठान भए पनि सामाजिक प्रगतिका लागि यसले खोजी गरेको मार्ग उपयुक्त नभएको निष्कर्षमा आउन सक्छ।

> राजनीतिक स्वच्छन्दता या उदारताले राजनीतिमा जोस र उदारतासँगै वैयक्तिकतालाई नै जोड दिन्छ। स्वच्छन्दतावाद या उदारवादको मुख्य मान्यता राष्ट्रवादकै मान्यता हो। यस्तो स्वच्छन्दता कला र राजनीतिको केन्द्रीय विचार पनि हो।

नेपालको सन्दर्भ : स्वच्छन्दतावादलाई नेपालको सन्दर्भमा दार्शनिक रूपले क्रान्तिकारी तर असंख्य सम्भावनालाई निषेध गर्ने यथार्थभन्दा पनि व्यक्तिको प्रवृत्तिले अर्कै दिशा समातेको रूपमा लिइएको छ। यसमा नेपालको कम्युनिस्ट आन्दोलनभित्रका केही पक्षलाई उदाहरणका रूपमा लिन सकिन्छ। समाज परिवर्तन गरी न्यायपूर्ण समाजवादी व्यवस्था स्थापना गर्न निम्न मध्यम र मध्यम वर्गीय बुद्धिजीवीले स्थापना गरेको कम्युनिस्ट पार्टीले साढे सात दशक पार गर्दा वर्ग उत्थानको साधन, राष्ट्रवादको जामामा सम्राज्यवादी दलाल अन्तर्राष्ट्रिय शक्तिको नीति लागू गर्ने साधन बनेको छ। झन्डै दुईतिहाइ जनमत कम्युनिस्ट पार्टीमा आस्था राख्ने भएर पनि, सोही अनुपातमा निम्नवर्गीय गरिब, शोषित पीडितको संख्या भएर पनि विचारधाराका नाममा दर्जनौँ पार्टी र समूहमा रहनु झन्डै दुईतिहाइ वर्ग पक्षधरलाई संगठित गर्नुपर्नेमा आफ्नै पार्टीभित्रका तुलनात्मक जनपक्षीय बोली भएका नेतालाई पाखा लगाउने अवस्था सिर्जना गर्नेहरू नेतृत्वमा रहेका छन्। आ-आफ्नो पार्टी, गुट, समूहलाई सही देखाउने, नीतिगत ढंगमा मिल्न सक्ने अधिकतम विषयलाई पन्छाएर नमिल्ने झिनामसिना इगोका विषयलाई मुख्य बनाएर आफ्नै गुटमा रमाई बृहत् एकतालाई मृगमरिचिका बनाउने काम भएको छ। कम्युनिस्ट पार्टीका नेताहरूको जीवनशैली पनि यसको अर्को महत्त्वपूर्ण पक्ष भएको छ। महलमा बस्ने, गाडीमा रमाउने र विगत बिर्सिने गरेका छन् र आफ्नो गुटका व्यक्तिको वर्ग उत्थान गर्नुमै सीमित छन्। समाजवादका नाममा दलाल पुँजीपतिलाई बलियो नबनाएर उनीहरूको वर्ग उत्थानको माध्यम पनि सत्ता र दलाल पुँजीपति नै हुन्। समाजवादको लक्ष्य लिएर विकास भएको नेपाली कांग्रेसले देशमा स्थापित उद्योगलाई ०४६ सालपछि निजीकरण गरेर दलाल पुँजीवादलाई मलजल गऱ्यो। कुनै पनि सामाजिक व्यवस्थाको परिवर्तन उत्पादक शक्तिको परिवर्तनपछि मात्र सम्भव छ भन्ने वैज्ञानिक तथ्यलाई समेत नजरअन्दाज गरे। भुटानी शरणार्थी घटना, ललिता निवास घटना, सुनकाण्ड, गिरिबन्धु टी स्टेट घटनामा उच्च तहको संलग्नताले नेपाली राजनीतिमा राजनीतिक स्वच्छन्दतावाद मौलाएको दर्साउँछ।

नेपालको बदलिँदो वर्ग र समाजलाई विश्लेषण गरी सुहाँउदो सिद्धान्तको विकास, नीति र कार्यक्रमसहित बृहत् अभियान सञ्चालनको सट्टा समाजवादको रटान र समाजवादलाई भोट मग्ने साधनमा सीमित गरिएको छ। दार्शनिक पक्ष शून्य भएका व्यक्तिहरू राजनीतिक नेतृत्वमा उदाउनु, एकातर्फ राष्ट्रियताको जप र अर्कातर्फ राष्ट्रघाती सन्धि, सम्झौता, बढ्दो सामाजिक अन्तरविरोध, बढ्दो आयात, प्राकृतिक विनाशजस्ता विषयलाई बहसमा नल्याइनुले 'पोलिटिकल रोमान्टिसिज्म'लाई थप पुष्टि गर्छ।

(यादव त्रिविको रसायन शास्त्र विभागका प्राध्यापक हुन्)

---

३ प्रश्न

कांग्रेस प्रचार विभाग प्रमुख **मीन विश्वकर्मा**लाई



उपनिर्वाचनलाई कांग्रेसले प्रतिष्ठाका रूपमा लिएको देखिन्छ नि ?

स्वाभाविक रूपमा कुनै पनि राजनीतिक दलका लागि जुनसुकै तहको निर्वाचन भए पनि त्यो महत्त्वपूर्ण हुने नै भयो। अहिले उपनिर्वाचन हुन लागेकामध्ये अधिकांश विगतमा हामीले जितेका स्थान छन्। डेलिभरीमा जनतासित प्रत्यक्ष जोडिने स्थानीय तहको निर्वाचनलाई कसैगरी कम आँक्न मिल्दैन। कांग्रेसले पनि उपनिर्वाचन त हो भनेर यसलाई कम आँक्ने कुरै हुँदैन। त्यसैले, हामीले सबै आधार र सम्भावित कोणबाट विश्लेषण गरी आवश्यक तयारी गरिरहेका छौँ।

पार्टीको प्रतिष्ठा जोगाउन आसन्न उपनिर्वाचनको तयारी कसरी गर्दै हुनुहुन्छ ?

हामी यसअघि जितेका स्थानीय तहमा पुरानै परिणाम दोहोऱ्याउने र अन्य स्थानमा पनि जित हासिल गर्ने गरी सघन तयारीमा लागेका छौँ। पार्टीले आन्तरिक तयारी गरिरहको छ। तीनै तहका पार्टी संरचनालाई निर्वाचनकेन्द्रित गरेका छौँ। प्रक्रियागत रूपमा हुनुपर्ने काम भइरहेका छन्। रणनीतिक विषय बनाउन केन्द्रमा रहेका समितिदेखि सबै तहमा छलफल र तयारी भइरहेको छ।

गठबन्धन नगर्ने भएपछि एक्लै परिणाम ल्याउन के-कस्तो तयारी छ त ?

निर्वाचनमा गठबन्धन नगर्ने नीति बनेपछि हामीले पहिलोपटक उपनिर्वाचनको सामना गर्दै छौँ। हामी पार्टीको नीतिअनुसार एक्लै परिणाम ल्याउन आवश्यक तयारी गरिरहेका छौँ। उम्मेदवार छनोटदेखि प्रचारप्रसारसम्मका सबै विषयमा हामीले सोहीअनुसार तयारी गरिरहेका छौँ। पार्टीका सम्पूर्ण जिम्मेवार पदाधिकारी, नेता, कार्यकर्ता, भ्रातृ तथा शुभेच्छुक संघसंस्थासमेत यसको तयारीमा आ-आफ्नो तहबाट जुटिसक्नुभएको छ।

प्रेरक प्रसंग

तालको जून

एकपटक एक व्यक्ति एक सन्तको आश्रममा पुगे। सन्तको पाउमा परेर उनले भने- गुरुदेव, मलाई जीवनको पूर्ण सत्यको ज्ञान पनि छ। मैले शास्त्रको ध्यानपूर्वक अध्ययन पनि गरेको छु। तैपनि, मेरो मन कुनै पनि काममा लाग्दैन। जब म कुनै काम गर्न लाग्छु, तब मेरो मन भड्किन थाल्छ र त्यो काम छाडिदिन्छु। यस्तो अस्थिरताको कारण के हो ? कृपया मेरो यस समस्याको समाधान गरिदिनुपऱ्यो हजुरले।



सन्तले उनलाई रातिसम्म प्रतीक्षा गर्न भने। राति भएपछि सन्तले उनलाई एउटा तालको नजिक लगे। पूर्णिमाको रात थियो। जून टहटह लागिरहेको थियो। तालको पानीमा जूनको प्रतिबिम्ब टल्किरहेको थियो। त्यसैलाई देखाएर सन्तले भने- त्यता हेर त, एउटा जून तालमा र अर्को जून आकाशमा देखिन्छ। तिम्रो मन तालको जूनजस्तै हो। तिमीसँग जुन ज्ञान छ, त्यसको उपयोग गर्नुको साटो तालको जूनजस्तै तिमी खालि मनमा मात्र लिएर बसेका छौ।

तालको जून भ्रम हो। त्यसैले, काममा मन लाग्नका लागि तिमी आकाशको जूनजस्तो बन्नुपर्छ। तालको जून पानी हल्लाउँदा या ढुंगाले हिर्काउँदा हल्लिन थाल्छ, जसरी तिम्रो मनससाना कुरामा पनि भड्किन थाल्छ। अब तिमीले आफ्नो ज्ञान र विवेकलाई जीवनमा नियमपूर्वक प्रयोगमा ल्याउनुपर्छ। आफ्नो जीवनलाई जति सक्छौ सार्थक बनाउन र लक्ष्य हासिल गर्ने बाटोमा लगाउनुपर्छ। आफूलाई आकाशको जून बनाउने क्रममा केही समस्या आए पनि बिस्तारै त्यो नै तिम्रो जीवनको सहज पाटो बन्न पुग्छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

छठ पर्वको शुभकामना

विशेषगरी नेपालको तराई, मधेशमा धुमधामसाथ मनाइने छठ पर्व हिजो (बिहीबार) अस्ताउँदो सूर्यलाई अर्घ्य दिई सुरु भएको थियो भने आज (शुक्रबार) बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिई व्रत समाप्त गरिँदै छ। विगतका दिनमा छठ मधेशमा मधेसी समुदायले मात्र मनाउने चाडका रूपमा चिनिन्थ्यो। तर, अहिले यो पर्व पहाडी क्षेत्रमा पनि मनाउन थालिएको छ। यसमा मधेसी समुदायबाहेक अन्य समुदायको समेत सहभागिता हुन थालेको छ। तराई, मधेशमा मुस्लिम समुदायको समेत यस पर्वमा सहभागिता हुन थालेको पाइन्छ। त्यसैले, छठ पर्वको महत्त्व व्यापक रूपमा बढेर गएको छ। छठ पर्वको सबैमा हार्दिक शुभकामना !

● **सुन्दर यादव**, गौरीघाट, काठमाडौं

ऋणको पासो नबनोस्

'बिआरआई सम्झौतामाथि बहस' शीर्षकको लेखमा एकीकृत समाजवादीका नेता प्रमलकुमार खनालको लेख पढेपछि केही लेख्न मन लाग्यो। विगतदेखि नै बिआरआई सम्झौता विवादित रहँदै आएको छ। खासगरी बिआरआई सम्झौतामार्फत आउने चिनियाँ लगानी ऋणका रूपमा रहने हुनाले यो भविष्यमा हाम्रा लागि ऋणको पासो बन्ने खतरा छ। त्यसैले, कुनै निर्णयमा पुगेर यसलाई कार्यान्वयन गर्नुभन्दा पहिलो बहुपक्षीय, सर्वदलीय बहस जरुरी छ। सरकारको ध्यानमा त्यता जाओस्।

● **सुदीपा महर्जन**
कीर्तिपुर, काठमाडौं

शिक्षामा अन्योल किन ?

त्रिभुवन विश्वविद्यालयले कहिले स्नातक तह तीनवर्षे, कहिले चारवर्षे त कहिले फेरि फर्केर तीनवर्षेमै झार्ने हल्ला चलेको पनि धेरै नै भइसक्यो। तर, त्रिवि अहिलेसम्म यस विषयमा कुनै नतिजामा पुग्न सकेको छैन। यसले आमविद्यार्थीमा कति असर पर्छ, उनीहरूको पठनपाठनमा कति नकारात्मक प्रभाव पर्छ भन्ने विषयमा त्रिविका पदाधिकारीले कुनै चासो दिएको देखिन्न। के उनीहरूलाई यसबारे केही पत्तो हुँदैन हो ? यसरी शिक्षामा अन्योल किन ?

● **मृदुला मगर**
बल्खु, काठमाडौं

किन हुन्छ नेताविरुद्ध नाराबाजी ?

खरो वक्ता र अरूको चर्को आलोचना गर्ने पात्रका रूपमा चित्रित एमाले अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली पछिल्लो समय निष्क्रियजस्तै देखिन्छन्। यसअघि प्रधानमन्त्री हुँदा होस् या विपक्षी दलका नेता हुँदा होस्, ओलीका निकै कडा अभिव्यक्ति आइरहेका हुन्थे। जब उनी पछिल्लोपटक प्रधानमन्त्री भए, त्यसपछि उनमा एकाएक शिथिलता देखा परेको हो। उनले प्रधानमन्त्री पद सम्हालेको डेढ महिना पुग्दा नपुग्दै गत १० भदौमा राजधानीको टुँडीखेलमा गौरा पर्व मनाउन पुगेका ओली र सत्ता गठबन्धनको मुख्य घटक कांग्रेसका सभापति शेरबहादुर देउवाविरुद्ध सर्वसाधारणका तर्फबाट चर्को नाराबाजी भयो।

ओली प्रधानमन्त्री भएपछि नै बंगलादेशमा राजनीतिक घटनाक्रम परिवर्तन भयो। त्यहाँकी प्रधानमन्त्री शेख हसिनाले देश छाडेर भारतमा शरण लिनुपऱ्यो। बंगलादेशमा विकसित राजनीतिक परिस्थिति र नेपालमा पनि प्रधानमन्त्री र पूर्वप्रधानमन्त्रीविरुद्ध सार्वजनिक रूपमै नारा लाग्नुले पनि ओली केही हच्किएका हुन् कि ? त्यति मात्रै होइन, संयुक्त राष्ट्र संघको महासभामा भाग लिन अमेरिका पुगेका ओलीसामु पनि त्यँहाका नेपालीले चर्को नाराबाजी गरेका कारण उनले कतिपय कार्यक्रम नै स्थगित गर्नुपऱ्यो। महिला फुटबलको फाइनल हेर्न जाँदा काठमाडौंको दशरथ रंगशालामा पनि ओलीविरुद्ध नाराबाजी दोहोरियो। यसरी आफ्नै नागरिक आफूविरुद्ध नाराबाजीमा उत्रिने अवस्था आउनु पक्कै पनि नेताहरूका लागि शुभ संकेत होइन। त्यसैले, अबका दिनमा नेताहरूले आफ्ना काम, बोली र व्यवहारले जनतामा आक्रोश पैदा नगरोस् भन्नेतर्फ विशेष सचेत हुनुपर्ने देखिन्छ।

● **सुजन देवकोटा**, पालुङ्टार-४, गोरखा
sddevkota778@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

ट्रम्पको पुनरागमनबाट युक्रेन, मध्यपूर्व र चीनमा पर्न सक्ने प्रभाव

युरोपको सीमित प्रतिरक्षा क्षमता र अमेरिकी आणविक छाताको घट्दो विश्वसनीयताले पुटिनलाई ट्रम्पसँगको सम्भावित सम्झौतापछि थप महत्त्वाकांक्षी बनाउन सक्छ



देश/विदेश

● स्टेफन वुल्फ

अमेरिकी सिनेटमा रिपब्लिकन पार्टीको नेतृत्वसहित जनवरी २०२५ मा ह्वाइट हाउसमा डोनाल्ड ट्रम्पको पुनरागमनलाई लिएर अमेरिकाका केही विरोधीले खुसी मनाउँदै गर्दा यसका अन्तर्राष्ट्रिय साझेदारबिच चिन्ता फैलिएको छ। युक्रेन युद्धका सन्दर्भमा ट्रम्पले वर्तमान भूअवस्थामै किभ र मस्कोबिच युद्धविरामका लागि दबाब दिने सम्भावना छ। ट्रम्पको आगामी प्रशासनले सन् २०१४ मा कब्जा गरिएको क्रिमिया र फेब्रुअरी २०२२ देखि भएको आक्रमणपछि ओगटेका क्षेत्रसहित रुसको क्षेत्रीय लाभलाई मान्यता दिने दीर्घकालीन सम्झौताको नेतृत्व गर्न सक्छ। ट्रम्पले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको युक्रेनलाई नेटो सदस्यता नदिइनुपर्ने मागलाई पनि सम्भवतः स्विकार्नेछन्। नेटोप्रति ट्रम्पको पहिलेदेखिकै विरोधलाई ध्यानमा राख्दा अमेरिकाले किभका युरोपेली साझेदारमाथि दबाब थप्नेछ। ट्रम्पले युक्रेनबारे पुटिनसँगको सम्झौतालाई समर्थन गर्न युरोपेली राष्ट्रलाई बाध्य पार्न नेटो गठबन्धनबाट बाहिरिने धम्की पनि दिन सक्छन्।

ट्रम्पले ऐतिहासिक रूपमा इजरायल र साउदी अरबलाई समर्थन गर्दै आएका छन्। र, इजरायली प्रधानमन्त्री नेतन्याहुको प्राथमिकतासँग मिल्ने गरी इरानप्रति सख्त रबैया लागू गर्दै यो अडानलाई थप सुदृढ पार्ने सम्भावना छ। नेतन्याहुले इरानका छद्म सहयोगी हमास, हेजबुल्लाह र हुथीलाई सिध्याउने र इरानको क्षमतालाई कमजोर पार्ने लक्ष्य राखेका छन्। गाजा रणनीतिको विरोध गरेका इजरायली रक्षामन्त्री योभ ग्यालन्टको हालैको बर्खास्तीले प्यालेस्टाइन द्वन्द्व जारी नै रहने संकेत गर्छ।

ट्रम्पको आगामी प्रशासन लेबनानप्रति आक्रामक हुन सक्छ र इजरायलतर्फ कुनै अर्को इरानी आक्रमण भएमा इरानमा सम्भवतः महत्त्वपूर्ण हमला गर्न सक्छ। ट्रम्प निर्वाचित हुनुले वास्तवमा नेतन्याहुलाई थप बलियो बनाउनेछ। र, यसले युक्रेन युद्धका लागि इरानको समर्थनमा भर परेका पुटिनका अगाडि ट्रम्पको स्थितिलाई पनि बलियो बनाउनेछ। ट्रम्पले युक्रेनमा सम्झौता सुरक्षित गर्न पुटिनसँग भविष्यमा नेतन्याहुको प्रभावलाई रोक्न सक्ने दाउ पनि अघि सार्न सक्छन्। युक्रेन र मध्यपूर्वले महत्त्वपूर्ण परिवर्तनको अनुभव गर्न सक्छ, तर अमेरिका-चीन सम्बन्धले परिवर्तनभन्दा बढी निरन्तरता पाउने सम्भावना देखिन्छ। चीनलाई प्रमुख रणनीतिक चुनौतीका रूपमा लिएर ट्रम्पले आफ्नो पहिलो कार्यकालदेखि नै चीनलाई तारो बनाउन आयात शुल्क बढाउने नीतिलाई निरन्तरता र तीव्रता दिनेछन्। यद्यपि ट्रम्पले अझै पनि राष्ट्रपति सी जिनपिङसँग व्यावहारिक लेनदेन सम्झौता लागू गर्न सक्छन्। नेटो र युरोपेली साझेदारप्रतिको आफ्नो बदलिएको प्रतिबद्धताको झल्को दिने गरी ताइवान, फिलिपिन्स, दक्षिण कोरिया र सम्भवतः जापानजस्ता एसियाली साझेदारको रक्षाबारे ट्रम्पको प्रतिबद्धता अनिश्चित छ। सुरक्षा प्रत्याभूतिमा ट्रम्पको अडान भरपर्दो देखिँदैन।

यद्यपि ट्रम्पको पहिलो कार्यकालले तनावलाई युद्धको नजिक पुऱ्याएको थियो। अर्थात्, सन् २०१७ मा उत्तर कोरियाको अन्तरमहादेशीय ब्यालिस्टिक मिसाइल परीक्षणपछि अमेरिका झन्डै युद्धतर्फ अग्रसर भएको थियो। प्योङयाङको अप्रत्याशित अवस्थालाई ध्यानमा राख्दै अर्को यस्तै घटना हुन सक्ने सम्भावनालाई नकार्न सकिँदैन। ट्रम्पको अस्थिर प्रवृत्ति हेर्दा उनको प्रशासनले आणविक हतियारयुक्त उत्तर कोरियालाई रुससँगको बृहत्तर सम्झौताको हिस्साका रूपमा स्विकार्न सक्छ। अर्थात्, किम जोङ उनको शासनसँग ट्रम्पको सम्बन्ध बलियो पनि हुन सक्छ। यो कदमले रुस-उत्तर कोरियाको गहिरो सम्बन्धलाई लिएर चिन्तित चीनसामु ट्रम्प बलिया देखिनेछन्। साझेदार र विरोधी पक्षले ट्रम्पको फिर्तीका



तस्बिर : ली जिन मान/एपी

लागि बाँकी महिनामा आफ्नो स्थितिलाई बलियो बनाउन र उद्देश्य पूरा गर्न प्रयोग गर्नेछन्। किनभने, उनको ह्वाइट हाउस प्रवेशपछि यो काम गाह्रो हुन सक्छ। युक्रेन र मध्यपूर्वमा युद्ध अन्त्य गर्न ट्रम्पको कदमको अनुमान गर्दै विभिन्न पक्षले अनुकूल यथास्थिति सुरक्षित गर्ने प्रयास गर्दा लडाइँ बढ्ने सम्भावना पनि छ। यसले दुवै क्षेत्रमा पहिल्यैदेखि देखा परेको मानवीय संकटलाई थप खराब बनाउन सक्छ। कोरियाली प्रायद्वीप वरपर तनाव बढ्न सक्छ। प्योङयाङले सम्भवतः थप मिसाइल वा आणविक परीक्षण सञ्चालन गर्न सक्छ। युरोप, मध्यपूर्वमा बढ्दो द्वन्द्व र एसियामा बढेको तनावले तीनवटै क्षेत्रमा आफ्ना सहयोगीसँग अमेरिकाको सम्बन्ध थप तनावपूर्ण हुन सक्छ।

युरोपलाई ट्रम्पले रुससँग सम्झौता गर्न सक्ने डर छ। ट्रम्पले युरोपियन युनियन र नेटो साझेदारलाई उपेक्षा गर्ने र परित्याग गर्ने धम्की दिँदै आएका छन्, जसले मस्कोसँग हुने कुनै पनि युक्रेनी वा युरोपेली सम्झौतालाई कमजोर बनाउनेछ। युरोपको सीमित प्रतिरक्षा क्षमता र अमेरिकी आणविक छाताको घट्दो विश्वसनीयताले पुटिनलाई ट्रम्पसँगको सम्झौतापछि थप महत्त्वाकांक्षा बढाउन हौसला दिन सक्छ। मध्यपूर्वमा नेतन्याहुले कुनै प्रतिबन्धको सामना गर्नुपर्नेछैन र केही अरब सत्ताले इरान र यसका छद्म शक्तिविरुद्ध इजरायलले उठाएका कदमलाई समर्थन गर्न सक्छन्। तर, यी अरब राज्य प्यालेस्टिनी मुद्दामा आउने प्रतिक्रियालाई लिएर चिन्तित भने हुन सक्छन्। अर्थात्, प्यालेस्टाइनको मूल मुद्दालाई सम्बोधन नगरी क्षेत्रीय स्थायित्व र शान्तिको सम्भावना देखिँदैन।

एसियामा जोखिम भनेको अमेरिकी फिर्ती नभई यसले गर्ने अप्रत्याशित युद्ध हो। ट्रम्पले चीनसँगको 'थुसाइडाइड्स ट्र्याप'बाट बच्न संघर्ष गर्नेछन्। अर्थात्, उनी कमजोर भइरहेको बलियो शक्ति अमेरिका र चुनौती दिने राष्ट्र चीनबिचको युद्धबाट बच्ने प्रयास गर्नेछन्। यसले अमेरिकी गठबन्धनको भविष्यबारे चिन्ता बढाउँछ, किनभने इन्डोनेसिया वा भारतजस्ता देश चीनसँग मिल्न पनि सक्छन्। नतिजा, ठूलो अस्थिरता निम्तिन सक्छ। परिस्थिति बिग्रिएमा उनले औँल्याउने गरेको कमजोरी उनकै कमजोरी हुनेछ। घरजग्गा व्यापार र भूराजनीतिक जटिलता समाधानमा धेरै भिन्नता छ, अर्थात् बाइडेन र ह्यारिसलाई लगाएको दोष आफ्नै कार्यकालमा निम्तिन सक्छ।

(वुल्फ बर्मिंघम विश्वविद्यालयका अन्तर्राष्ट्रिय सुरक्षाका प्राध्यापक हुन्)
द कन्भर्सेसनबाट

ट्रम्पको जितलाई किन बेवास्ता गर्दै छन् पुटिन ?



सन् २०१६ मा ट्रम्पलाई जितका लागि बधाई दिने पहिलो विश्वनेता थिए पुटिन । तर, यसपटक फ्रान्सेली राष्ट्रपति म्याक्रोंदेखि चिनियाँ राष्ट्रपति सी जिनपिङसम्मका विश्वनेताले ट्रम्पलाई बधाई दिइसक्दा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले जाँगर देखाएका छैनन् ।

सन् २०१६ को चुनाव जितेर डोनाल्ड ट्रम्पले पहिलोपटक संयुक्त राज्य अमेरिकाको राष्ट्रपति पद ग्रहण गर्दा मस्कोमा अर्बपतिबाट राजनीतिज्ञ बनेका ट्रम्पप्रति रुसी चासो मित्रवत् हुने आशा थियो । तर, अहिले मस्कोले ठ्याक्कै त्यस्तो अपेक्षा गरेको छैन । क्रेमलिनले ट्रम्पको पक्षमा चुनावमा प्रभाव पार्ने प्रयास गरेको आरोपबिच उनका सहयोगीले मस्कोविरुद्ध प्रतिबन्ध तीव्र पारे र जेभलिन मिसाइलका साथ युक्रेनको रक्षात्मक क्षमता बढाए ।

आठ वर्षपछि ट्रम्पले यस हप्ता उपराष्ट्रपति कमला ह्यारिसलाई पराजित गरेर राष्ट्रपतिको दौडमा विजय हासिल गरेपछि पनि क्रेमलिन अहिलेसम्म मौन छ । फ्रान्सेली राष्ट्रपति इम्यानुएल म्याक्रोँ र इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुदेखि नाटो प्रमुख मार्क रुटे र चिनियाँ राष्ट्रपति सी जिनपिङसम्म विश्वनेताले ट्रम्पलाई बधाई दिएका छन् । तर, रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले बधाई दिने जाँगर देखाएनन् । रुसको यो रबैया सन् २०१६ को अमेरिकी राष्ट्रपति निर्वाचनको नतिजाविपरीत छ । त्यतिबेला पुटिन ट्रम्पलाई उनको चुनावी जितका लागि बधाई दिने पहिलो विश्वनेता बनेका थिए ।

क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले बुधबार बिहान पत्रकारलाई भने, 'हामी एक अमित्र देशका बारेमा कुरा गरिरहेका छौँ, जुन हाम्रो राज्यविरुद्धको युद्धमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा संलग्न छ भन्ने कुरा नबिर्सनुहोस् ।' पेस्कोभले पुटिनले ट्रम्पलाई बधाई दिने कुनै योजना नभएको बताए । निकट भविष्यमा रुसी प्रशासन क्रेमलिनले कसरी प्रतिक्रिया जनाउँछ भनेर हेर्न पनि बाँकी नै छ ।

'एकपटक अमेरिकी राष्ट्रपतिको कार्यालय ओभल अफिसमा कथनहरूले कहिलेकाहीँ फरक टोन लिन सक्छन् । यसैले हामी भन्छौँ कि हामी सबै कुरा होसियारीपूर्वक विश्लेषण गर्दै छौँ । सबै कुराको अनुगमन गर्दै छौँ र हामी निश्चित शब्द र ठोस कार्यबाट निष्कर्ष निकाल्नेछौँ,' पेस्कोभले भने । यसको विपरीत युक्रेनी राष्ट्रपति भ्लोदिमिर जेलेन्स्कीले तुरुन्तै ट्रम्पलाई 'प्रभावशाली' विजयका लागि बधाई दिए ।

मस्कोस्थित सेन्टर फर इन्टरनेसनल इन्टरेक्सन एन्ड को-अपरेसनका संस्थापक तथा डिगोरिया एक्सपर्ट क्लबका सदस्य एलेक्सी मालिनिनका अनुसार ट्रम्पको जित अमेरिकी मतदाताले विश्व राजनीतिभन्दा घरेलु समस्या समाधानमा बढी चासो राखेको प्रमाण हो । 'तर, अवश्य पनि कसैले पनि ट्रम्पले विदेश नीतिका मुद्दा त्यागेको आशा गर्दैन,' मालिनिनले अल जजिरालाई भने, विश्लेषकको भनाइमा क्रेमलिनले युक्रेनलाई हतियार र आर्थिक सहयोग जारी राख्ने अपेक्षा गरिएको ह्यारिसको अधीनमा भन्दा ट्रम्पसँग अलि बढी लचिलोपनको आनन्द लिन सक्छ । ह्यारिसले आफू राष्ट्रपतिमा निर्वाचित भएमा युक्रेनलाई हतियार र आर्थिक सहयोग दिने प्रतिबद्धता जनाएकी थिइन् । अर्थात्, उनले रुसविरुद्ध युक्रेनलाई सहयोगको निरन्तरता दिने अठोट गरेकी थिइन् । यस हिसाबले उनको पराजयले मस्कोलाई केही हाइसन्चो भएको छ ।

'ट्रम्पको एउटा गुण छ, जुन हाम्रा लागि उपयोगी छ, मुख्य रूपमा एक व्यापारीको रूपमा उनले मूर्ख सहयोगीमा, मूर्ख परोपकारी परियोजनामा र लोभी अन्तर्राष्ट्रिय संस्थामा पैसा खर्च गर्न मन पराउँदैनन्,' आक्रामक मानिने पूर्वराष्ट्रपति दिमित्री मेदभेदेवले टेलिग्राममा लेखे । 'विषाक्त युक्रेन त्यही पंक्तिमा उभिएको छ । प्रश्न यो छ कि उनीहरूले ट्रम्पलाई युद्धका लागि कति दिन बाध्य पार्छन् भन्ने हो । ट्रम्प जिद्दीवाल छन् तर प्रणाली बलियो छ ।'

मेदभेदेवले दोस्रो विश्वयुद्धमा नाजी जर्मनीसँग गठबन्धन गरेका र अहिले युक्रेनमा नायक भएका युक्रेनी अतिराष्ट्रवादी स्टेपान बान्डेरालाई उल्लेख गर्दै थिए । राजनीतिक सल्लाहकार इल्या गाम्बासिडजेले मेदवेदेवको भनाइलाई प्रतिध्वनि गर्दै राष्ट्रपति निर्वाचित 'उत्कृष्ट' व्यापारीलाई युद्धमा भन्दा व्यापारमा चासो बढी भएको बताए ।

'धेरै मानिसले ट्रम्प रुस समर्थक राष्ट्रपति वा पुटिनका साथी पनि भन्छन्,' गाम्बासिद्जेले अल जजिरालाई भने, 'तर हामीलाई त्यो भूमिकामा उनको आवश्यकता छैन । हामी उनी रुसको मित्र हुने आशा गर्दैनौँ ।'

अलजजिराबाट

बढ्दो घनिष्टताबिच रुसले अन्तरिक्ष पुऱ्यायो इरानी भूउपग्रह



मस्को/ इरानका दुई भू-उपग्रहसहित दर्जनौँ भूउपग्रह बोकेको रुसी रकेट अन्तरिक्ष प्रक्षेपण भएको रुसको रोस्कोसमोस अन्तरिक्ष एजेन्सीले बतायो । मस्को र तेहरानबिच बढ्दो घनिष्टतालाई प्रतिबिम्बित गर्ने यस कदममा सोयुज-२.१ नामक अन्तरिक्षयान निर्धारित समयमा सुदूरपूर्वी रुसको भोस्टोच्नी कोस्मोड्रोमबाट प्रक्षेपण भएको थियो ।

प्रक्षेपणको नौ मिनेटपछि मंगलबार नै रकेटले आफूले बोकेको भूउपग्रहरूलाई तोकिएको कक्षमा राखेको पनि रोस्कोसमोसले जनाएको छ । रोस्कोसमोसका अनुसार दुई रुसी र इरानका दुईसहित ५३ स-साना भूउपग्रहलाई सफलतापूर्वक कक्षमा राखिएको थियो । ५३ वटा साना भूउपग्रहमध्येका दुई इरानी उपग्रहमा नाम कोसर (उच्च रिजोलुसनको तस्बिर खिच्ने उपग्रह) र होदहोद (सञ्चार उपग्रह) रहेको छ ।

यी उपग्रह देशको निजी क्षेत्रले बनाएर प्रक्षेपण गरिएको पहिलो चरणका उपग्रह हुन् । यसलाई ओमिदफाजा कम्पनीले निर्माण गरेको इरानी सरकार समाचार एजेन्सी आइआरएनएले बतायो । कम्पनीले सन् २०१९ मा उपग्रह डिजाइन सुरु गरेको थियो ।

रुसी रकेटले यसअघि सन् २०२२ मा पनि खयाम नामक इरानको पृथ्वी अवलोकन उपग्रह प्रक्षेपण गरेको थियो । त्यसलाई तेहरानको अनुरोधमा रुस आफैँले निर्माण गरिदिएको थियो । रुसले यही वर्ष फेब्रुअरीमा पनि पार्स-१ नामक अर्को इरानी उपग्रहलाई अन्तरिक्ष कक्षमा राखेको थियो । पार्स-१ इरानको भूसतहको स्क्यान गर्ने अनुसन्धान उपग्रह रहेको इरानी सरकारी सञ्चारमाध्यमले त्यसबेला रिपोर्ट गरेका थिए ।

रुस र इरानबिच विभिन्न क्षेत्रमा सम्बन्ध विस्तार भइरहँदा अन्तरिक्षमा समेत त्यसको असर देखिएको छ । यसअघि तेहरानले युक्रेनी लक्ष्यमा आक्रमण गर्न मस्कोलाई ड्रोन उपलब्ध गराएको युक्रेन र पश्चिमले आरोप लगाउँदै आएका छन् ।

इतिहासमा आज



सन् २०१६ : भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले आकस्मिक टिभी सम्बोधनमार्फत देशमा चल्तीमा रहेका ५०० र हजारका नोट सोही दिन मध्यरातबाट नचल्ने घोषणा गरे । भ्रष्टाचार रोक्न भन्दै चालिएको यस कदमले देशमा प्रयोगमा रहेका ८६ प्रतिशत नोट निष्प्रभावी बनाइदियो ।

सन् १८८९ : मोन्टाना अमेरिकाको ४१औँ राज्य बन्यो ।

सन् १८९५ : जर्मन भौतिकशास्त्री विल्हेम कोनराड रोन्टजनले एक्सरेको आविष्कार गरे, जुन आविष्कारका लागि उनी भौतिकशास्त्रतर्फको पहिलो नोबेल पुरस्कार जित्न सफल भए ।

सन् १९३९ : जर्मनीका तानाशाह एडोल्फ हिटलरको असफल हत्या प्रयास भयो । म्युनिखस्थित बियर हलमा सम्पन्न कार्यक्रममा भाग लिन आएका हिटलरलाई मार्न जर्ज एलसरले टाइम बम राखेका थिए । तर, सो बम हिटलर कार्यक्रमस्थलबाट बाहिरिएको १३ मिनेटपछि मात्र पड्किँदा हिटलर बाँचे । तथापि, आठजनाको ज्यान गयो ।

सन् १९६० : अमेरिकामा भएको राष्ट्रपतीय निर्वाचनमा डेमोक्रेटिक पार्टीका उम्मेदवार जोन एफ केनेडीले तत्कालीन उपराष्ट्रपति रिचर्ड निक्सनलाई पराजित गरे ।

सन् २००२ : संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्ले सर्वसम्मत रूपमा 'रिजोलुसन १४४१' पारित गऱ्यो । यसले इराकलाई निशस्त्रीकरणका लागि अन्तिम अवसर दिएको थियो । त्यो पालना नभए गम्भीर परिणाम भोग्नुपर्ने चेतावनी दिइएको थियो ।

सन् २००५ : लाइबेरियामा आजकै दिन भएको निर्वाचनमा एलेन जोनसन-सरलिफ निर्वाचित भइन् । उनी अफ्रिकी महादेशकी पहिलो महिला राष्ट्रपति हुन् ।

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीहरूलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/०७/२३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट तपसिलमा उल्लिखित ऋणीहरुले उपभोग गर्नु भएको ऋण/कर्जा निज ऋणीले बैंकसँग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासँग सम्बन्धित सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तर ताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत/संस्थागत/धितो जमानतकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी कर्जाको सम्पूर्ण बाँकी साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नु होला । अन्यथा यस बैंकसँग भए गरेको सम्झौता तथा लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना/बाँकी बक्यौता रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको एककृत निर्देशन, परिपत्र, सूचना अनुसार सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ ।

साथै सुरक्षण बापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण बाँकी बक्यौता लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानतकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

चौतारा शाखा, सिन्धुपाल्चोक

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण		
चन्द्र बहादुर ठकुरी ना.प्र.नं. ३३४६६, जारी मिति २०४३/०२/०५ जि.प्र.का. सिन्धुपाल्चोक बाबुको नाम : अमृत बहादुर ठकुरी बाजेको नाम : मकर बहादुर ठकुरी स्थायी ठेगाना : चौतारा साँगाचोकगढी न.पा. -१०, सिन्धुपाल्चोक **कर्जा शिर्षक : कृषि आवधिक कर्जा**	**ज्ञानी कुमारी शाही** ना.प्र.नं. १४/११४२४ जारी मिति २०४५/०२/१९ जि.प्र.का. सिन्धुपाल्चोक बाबुको नाम : राम बहादुर शाही पतिको नाम : चन्द्र बहादुर ठकुरी ससुराको नाम : अमृत बहादुर ठकुरी स्थायी ठेगाना : बाडेगाउ -१, सिन्धुपाल्चोक	**सुभाष ठकुरी** ना.प्र.नं. २४१०५४/८८ जारी मिति २०६७/०१/१५ जि.प्र.का. सिन्धुपाल्चोक बाबुको नाम : चन्द्र बहादुर ठकुरी बाजेको नाम : अमृत बहादुर ठकुरी स्थायी ठेगाना : चौतारा साँगाचोकगढी न.पा. -१०, सिन्धुपाल्चोक	**सुमन ठकुरी** ना.प्र.नं. २४-०१-७४-०१४६६ जारी मिति २०७४/०३/०७ जि.प्र.का. सिन्धुपाल्चोक बाबुको नाम : चन्द्र बहादुर ठकुरी बाजेको नाम : अमृत बहादुर ठकुरी स्थायी ठेगाना : चौतारा साँगाचोकगढी न.पा. -१०, सिन्धुपाल्चोक

कोहलपुर मेन बजार शाखा, बाँके

ऋणीको विवरण		
१. नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, नेपालगंज, बाँकेमा प्रा.फ.र.नं. १७२९३ अन्तर्गत मिति २०६५/०५/०३ मा दर्ता कायम भएको **जय श्री राम स्टोर्स** फर्म दर्ता ठेगाना : कोहलपुर -३, बाँके स्थायी लेखा नं. ३००३७७३६७, मिति २०५८/०६/१० **प्रोप्राइटर : मदन कुमार आचार्य** **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	२. नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, नेपालगंजमा प्रा.फा.र.नं. १७८७४/०६५/०६६ अन्तर्गत मिति २०६५/१०/०८ मा दर्ता कायम भएको **जय श्री लक्ष्मी स्टोर्स** फर्म दर्ता ठेगाना : कोहलपुर -३, बाँके स्थायी लेखा नं. ३०२०५१९४२, मिति २०६२/०६/०७ **प्रोप्राइटर : लक्ष्मी पौडेल** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा सवारी साधन कर्जा**	३. **मदन कुमार आचार्य** **कर्जा शिर्षक : सवारी साधन कर्जा**

व्यक्तिगत जमानत दिनेको विवरण		संस्थागत जमानत दिनेको विवरण
मदन कुमार आचार्य ना.प्र.नं. १०५३/७१९ (बाग्लुङ्ग) जारी मिति २०४८/११/१३, ई.प्र.का. कोहलपुर, बाँके बाबुको नाम : भोलानाथ आचार्य बाजेको नाम : मोती लाल आचार्य स्थायी ठेगाना : कालिका -९, बाग्लुङ्ग हालको ठेगाना : कोहलपुर न.पा. -३, बाँके	**लक्ष्मी पौडेल** ना.प्र.नं. १५२६, जारी मिति २०५२/०२/०५, जि.प्र.का. रुपन्देही बाबुको नाम : कलाधर शर्मा (जैसी) पतिको नाम : मदन कुमार आचार्य ससुराको नाम : भोलानाथ आचार्य स्थायी ठेगाना : केरबानी -५, रुपन्देही हालको ठेगाना : कोहलपुर न.पा. -३, बाँके	१. ऋणी जय श्री लक्ष्मी स्टोर्सका लागि जय श्री राम स्टोर्सको संस्थागत जमानत रहेको । २. ऋणी मदन कुमार आचार्यका लागि जय श्री लक्ष्मी स्टोर्सको संस्थागत जमानत रहेको ।

सेतोपुल धनगढी शाखा, कैलाली

ऋणीको विवरण	
१. नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय धनगढी, कैलालीमा प्रा.फ.र.नं. २८४२१/०७६/७७ अन्तर्गत मिति २०७६/१२/०३ मा दर्ता कायम भएको **श्री मेमा ट्रेडिङ्ग** फर्म दर्ता ठेगाना : धनगढी उ.म.न.पा. -४, कैलाली स्थायी लेखा नं. ३०१७१००८०, मिति २०७६/१२/०३ **प्रोप्राइटर : शिव वराल** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा**	२. नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय धनगढी, कैलालीमा प्रा.फ.र.नं. १७६११/०६९/७० अन्तर्गत मिति २०६९/०८/२६ मा दर्ता कायम भएको **वेष्टर्न ट्रेडर्स एण्ड सप्लायर्स** फर्म दर्ता ठेगाना : धनगढी उ.म.न.पा. -४, कैलाली स्थायी लेखा नं. ६००९२२९७५, मिति २०६९/०८/२७ **प्रोप्राइटर : धनमाया पौडेल** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा**

व्यक्तिगत जमानत दिनेको विवरण	
शिव वराल ना.प्र.नं. १४३५३९, जारी मिति २०६०/०९/२०, जि.प्र.का. कास्की बाबुको नाम : हरि प्रसाद वराल बाजेको नाम : कर्णाखर वराल स्थायी ठेगाना : पुम्दीभुम्दी -३, कास्की हालको ठेगाना : धनगढी उ.म.न.पा. -४, कैलाली	**धनमाया पौडेल** ना.प्र.नं. ९२१५, जारी मिति २०५५/०४/२७, जि.प्र.का. नवलपरासी बाबुको नाम : मनिराज पौडेल पतिको नाम : शिव वराल ससुराको नाम : हरि प्रसाद वराल स्थायी ठेगाना : डेढगाउ -६, नवलपरासी हालको ठेगाना : धनगढी उ.म.न.पा. -४, कैलाली

पुष्पलालचोक नेपालगंज शाखा, बाँके

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
१. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौँमा दर्ता नं. २७५०३७/०७८/०७९ अन्तर्गत मिति २०७८/०७/०३ मा दर्ता कायम भएको **सार्क हर्बल एण्ड एग्रो प्रा.लि.** कम्पनी दर्ता ठेगाना : जानकी गा.पा. -६, बाँके स्थायी लेखा नं. ६१०१२७१५९, मिति २०७८/१२/१४ **संचालक : नारद गिरी** **कर्जा शिर्षक : ओभरड्राफ्ट कर्जा**	**नारद गिरी** ना.प्र.नं. ४३३/५९१ (सल्यान) जारी मिति २०४६/०२/२४, जि.प्र.का. बाँके बाबुको नाम : किर्ति बहादुर गिरी बाजेको नाम : जसमान गिरी स्थायी ठेगाना : मर्मपरिकाँडा -९, सल्यान हालको ठेगाना : नेपालगंज उ.म.न.पा. -२, बाँके	**शिखर गिरी** ना.प्र.नं. ६६१०२९ ३६३ जारी मिति २०६८/०६/३०, जि.प्र.का. बाँके बाबुको नाम : नारद गिरी बाजेको नाम : किर्ति बहादुर गिरी स्थायी ठेगाना : खासकारकादी -५, बाँके हालको ठेगाना : नेपालगंज उ.म.न.पा. -२, बाँके

व्यक्तिगत जमानत दिनेको विवरण		
निरुता गिरी ना.प्र.नं. २५१६२ जारी मिति २०६०/०२/१३, जि.प्र.का. सल्यान बाबुको नाम : कुबेर नाथ योगी पतिको नाम : नारद गिरी ससुराको नाम : किर्ति बहादुर गिरी स्थायी ठेगाना : मर्मपरिकाँडा -९, सल्यान हालको ठेगाना : नेपालगंज उ.म.न.पा. -२, बाँके	**कामना गिरी** ना.प्र.नं. ६६-०१-७७-००४७२ जारी मिति २०७७/०४/०५, जि.प्र.का. बाँके बाबुको नाम : नारद गिरी बाजेको नाम : किर्ति बहादुर गिरी स्थायी ठेगाना : नेपालगंज उ.म.न.पा. -२, बाँके	**करीष्मा गिरी** ना.प्र.नं. ६६-०१-७४-०५८१७ जारी मिति २०७४/०७/२४, जि.प्र.का. बाँके बाबुको नाम : नारद गिरी बाजेको नाम : किर्ति बहादुर गिरी स्थायी ठेगाना : नेपालगंज उ.म.न.पा. -२, बाँके

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
२. **नारद गिरी** ना.प्र.नं. ४३३/५९१ (सल्यान), जारी मिति २०४६/०२/२४, जि.प्र.का. बाँके बाबुको नाम : किर्ति बहादुर गिरी बाजेको नाम : जसमान गिरी स्थायी ठेगाना : मर्मपरिकाँडा -९, सल्यान हालको ठेगाना : नेपालगंज उ.म.न.पा. -२, बाँके **कर्जा शिर्षक : घर तथा शैक्षिक आवधिक कर्जा**	**निरुता गिरी** ना.प्र.नं. २५१६२ जारी मिति २०६०/०२/१३, जि.प्र.का. सल्यान बाबुको नाम : कुबेर नाथ योगी पतिको नाम : नारद गिरी ससुराको नाम : किर्ति बहादुर गिरी स्थायी ठेगाना : मर्मपरिकाँडा -९, सल्यान हालको ठेगाना : नेपालगंज उ.म.न.पा. -२, बाँके

सानो गौचरण शाखा, काठमाडौँ

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
किमन थापा ना.प्र.नं. ७९३१, जारी मिति २०४७/०२/०८ जि.प्र.का. काठमाडौँ बाबुको नाम : मकर ध्वज थापा बाजेको नाम : सुर ध्वज थापा स्थायी ठेगाना : डाँछी -१, काठमाडौँ **कर्जा शिर्षक : घर कर्जा**	**मिना थापा** ना.प्र.नं. १७७४/४४१८१, जारी मिति २०५५/०५/०२ जि.प्र.का. काठमाडौँ बाबुको नाम : ओशक कुमार सिंह पतिको नाम : किमन थापा ससुराको नाम : मकर ध्वज थापा स्थायी ठेगाना : डाँछी -१, काठमाडौँ	**दिप्त ध्वज थापा** ना.प्र.नं. २७-०२-७१-००१७४ जारी मिति २०७१/०२/११, जि.प्र.का. काठमाडौँ बाबुको नाम : किमन थापा बाजेको नाम : मकर ध्वज थापा स्थायी ठेगाना : डाँछी -१, काठमाडौँ

नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालय : कमलादी, काठमाडौँ
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००

Kushma Municipality
Office of the Municipal Executive
Kushma, Parbat
Gandaki Province, Nepal

INVITATION FOR BIDS

Date of publication: 2081/07/23 B.S. (8th November, 2024)

Kushma Municipality, Office of the Municipal Executive, Kushma, Parbat invites electronic bids from Nepalese eligible bidders for the procurement of works which are mentioned on the following table under National Competitive Bidding. All other information and bid documents can be downloaded from PPMO's website **www.bolpatra.gov.np/egp.** All eligible bidders are requested to submit E-Bid only as per instructions within the mentioned period.

S. No.	Description of works	Contract No.	Estimated Amount (Without Vat and Contingency)	Bid Doc. Fee NRs.	Minimum Bid Security Amount in NRs.
1.	Construction & Upgrading Works of Naromto - Cacharichwok - Bharatikhor - Lampata Sadak	KM/W/NCB/ PAR/01(081/82)	41,88,377.98	3000.00	1,200,00.00
2.	Construction & Upgrading Works of Padhale Chwok - Lamichhane Kul Mandir Sadak	KM/W/NCB/ PAR/02(081/82)	41,78,785.76	3000.00	1,200,00.00
3.	Construction & Upgrading works of Cyclechowk- harharedil- Modibeni Sadak	KM/W/NCB/ PAR/03(081/82)	41,50,367.85	3000.00	1,200,00.00
4.	Construction & Upgrading Works of Bhirmuni- Rimal Chowk Sadak	KM/W/NCB/ PAR/04(081/82)	41,91,842.44	3000.00	1,200,00.00

Information to deposit the cost of bidding document in Bank.

Name of the Bank : Nepal Bank Limited, Kushma
Name of the Office : Kushma Municipality, Office of the Municipal Executive, Kushma, Parbat
Office Account No. : 06603000001001000001
Office Account Name : Kushma Nagarpalika aantarik raajashwo khata

Further details can be received on **www.kushmamun.gov.np** or on the call to the office.

Chief Administrative Officer

अर्थ पत्रिका

नयाँ पत्रिका
शुक्रबार २३ कार्तिक ०८१

चाडपर्वलक्षित सुपथ पसलबाट ४७ करोडको कारोबार

चाडपर्वमा हुन सक्ने कृत्रिम मूल्यवृद्धि नियन्त्रण गर्न सञ्चालन गरिएको सुपथ पसलमा सामान्य अवधिको तुलनामा तीन-चार गुणा बढी बिक्री भएको संस्थानहरूको दाबी



साल्ट ट्रेडिङद्वारा सात करोड ४८ लाखको कारोबार, तेल र चिनी धेरै बिक्री



खाद्य कम्पनीद्वारा ४० करोडको खाद्यान्न बिक्री गर्दा डेढ करोड छुट



फाइल तस्बिर : नयाँ पत्रिका

अजित अधिकारी/नयाँ पत्रिका

चाडपर्वमा खाद्यान्न खरिदमा उपभोक्तालाई सहुलियत दिने गरी सञ्चालन गरिएको सुपथ पसलमा ४७ करोड ४८ लाख रुपैयाँको कारोबार भएको छ।

देशभर सुपथ पसल सञ्चालन गरेका साल्ट ट्रेडिङ कर्पोरेसन र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले मंगलबारसम्म सो कारोबार गरेका हुन्। साल्ट ट्रेडिङले सात करोड ४८ लाख र खाद्य कम्पनीले ४० करोड रुपैयाँबराबरको खाद्यान्न बिक्री गरेको जनाएका छन्। खाद्य कम्पनीले ३ असोजदेखि सुरु गरेको सुपथ पसल १ माघसम्म सञ्चालन गर्ने जनाएको छ भने साल्ट ट्रेडिङले छठसम्मका लागि ७ असोजदेखि सुपथ पसल सुरु गरेको थियो।

साल्ट ट्रेडिङका सहायक महाप्रबन्धक कुमार राजभण्डारीले अन्य समयको तुलनामा सुपथ पसलमा उपभोक्ताको उत्साहजनक उपस्थिति दिएको बताए। 'सुपथ पसलमा छुटसहित खाद्यान्न बिक्री गरिएकाले तुलनात्मक रूपमा धेरै कारोबार भयो,' उनले भने, 'साल्ट ट्रेडिङले देशभर ३८ भन्दा बढी स्थानमा राखेको सुपथ पसलबाट तेल र चिनीको बिक्री धेरै भयो।' उनका अनुसार अन्य दैनिक उपभोग्य वस्तुहरूको बिक्री पनि सामान्य अवधिको तुलनामा तीन-चार गुणा बढी भएको छ।

खाद्य कम्पनीकी बिक्री प्रबन्धक अम्बिका पौडेलले छठसम्मको कारोबारबाट एक करोड ५५ लाख रुपैयाँबराबरको छुट मूल्यका खाद्यान्न बिक्री गरेको जानकारी दिइन्। सबैभन्दा धेरै ३० हजार क्विन्टल चामल बिक्री भइसकेको उनले जानकारी दिइन्। खाद्यले ५० हजार क्विन्टल चामल सुपथ मूल्यमा बिक्री गर्ने लक्ष्य राखेको छ। त्यस्तै, सात हजार पाँच सय लिटर तेल र एक हजार किलो दाल तथा गेडागुडी बिक्री भएको उनले बताइन्। खाद्य कम्पनीले ६३ स्थानमा सुपथ पसल सञ्चालन गरेको छ।

पाँच करोडभन्दा बढी मूल्यका खसी-बोका र च्यांग्रा बिक्री भएको उनले जानकारी दिइन्। कम्पनीले तीन सय च्यांग्रा र १५ सय खसी-बोका ल्याएर बिक्री गरेको जनाएको छ। प्रतिकिलो १० रुपैयाँ छुट दिएर जिउँदो खसी-बोका प्रतिकिलो ६ सय ६० रुपैयाँ र च्यांग्रा प्रतिकिलो १२ सय २० रुपैयाँ मूल्य निर्धारण गरिएको थियो।

चाडपर्वमा छुट मूल्यमा खाद्यान्न बिक्री गर्न सरकारले साल्ट ट्रेडिङलाई ८० लाख र खाद्य कम्पनीलाई तीन करोड रुपैयाँ अनुदान छुट् याएको थियो। सुपथ पसलमा चामल प्रतिकेजी पाँच रुपैयाँ तथा तेल, गेडागुडी, पिठो, मैदा, चिउरा, चिनी, क्वाँटी, कर्णालीको सिमी-गेडागुडी, फापर दाना, चिनो, कागुनो, उवा र जुम्ली मार्सीमा प्रतिकिलो सात रुपैयाँ छुट दिइएको थियो। चिनीमा पनि प्रतिकिलो पाँच रुपैयाँ छुट राखिएको थियो।

चाडपर्वमा सुपथ मूल्य पसल सञ्चालन गर्दा कृत्रिम मूल्यवृद्धि नियन्त्रणमा सघाउ पुग्ने गरेको उपभोक्ता अधिकारकर्मी माधव तिमिल्सिना बताउँछन्। 'सरकारले बर्सेनि चाडपर्वको अवसर पारेर सुपथ मूल्यमा खाद्यान्न बिक्री गर्ने गरेको छ। उपभोक्ता हितका दृष्टिकोणले यो सकारात्मक कदम हो,' उनले भने, 'आगामी वर्षमा पनि यो कामले निरन्तरता पाउनुपर्छ।'

ट्रम्पको पुनरागमनले विश्व अर्थतन्त्रमा हलचल



■ कति धनी छन् ट्रम्प ?

अमेरिकी पुँजीपति ट्रम्प फेरि एकपटक ह्वाइट हाउस प्रवेश गर्दै छन्। फोर्ब्स बिलिनियर रिपोर्टका अनुसार ट्रम्पसँग करिब ६.६ अर्ब डलरबराबरको सम्पत्ति छ। पहिलोपटक राष्ट्रपति निर्वाचन लड्ने घोषणा गर्दा सन् २०१६ मा ट्रम्पसँग ४.५ अर्ब डलर सम्पत्ति थियो।

एजेन्सी

अमेरिकाको ४७औँ राष्ट्रपतिमा डोनाल्ट ट्रम्पको विजयले विश्व अर्थतन्त्र तरंगित भएको छ। पुँजीपति ट्रम्पको पुनरागमलाई अमेरिकासँगै युरोप र एसियाका सेयर बजारले सकारात्मक प्रतिक्रिया दिएका छन्। कच्चा तेलको र सुनको भाउ भने खस्किएको छ।

ट्रम्प 'संरक्षणवादी नीति' अख्तियार गर्छन्। उनले पहिलो कार्यकालमा सुरुवात गरेको 'ट्यारिफ वार'ले विश्व व्यापार संगठनका प्रावधानलाई भत्काउने काम गरेको थियो। अमेरिकी कम्पनीहरूको रक्षा गर्ने नाममा अघिल्लो कार्यकालमा ट्रम्पले विभिन्न मुलुक विशेष गरी चीनसँग व्यापार युद्ध (ट्रेड वार) नै सुरु गरे। तर, नयाँ अमेरिकी राष्ट्रपतिका रूपमा डोनाल्ड ट्रम्पको पुनरागमनलाई विश्वका इक्विटी बजारहरूले स्वागत गरेका छन्।

ट्रम्पको पुनरागमनमा सबैभन्दा उत्साही बिटक्वाइन देखिन्छ। राष्ट्रपतिमा ट्रम्पको पुनरागमन निश्चित भएपछि ८ प्रतिशतले बढ्दा बिटक्वाइनको मूल्यले नयाँ कीर्तिमान कायम गर्न पुग्यो। बिटक्वाइनको मूल्य एकै दिन ६६ सय डलरभन्दा बढीले वृद्धि भएर ७६ हजार डलरनजिक पुगेको छ। अन्य क्रिप्टोमा पनि लगानीकर्ताको मनोबल उच्च देखिएको छ।

अमेरिकालाई 'विश्वको बिटक्वाइन महाशक्ति' बनाउने ट्रम्पले बाचा पनि गरेका छन्। उनी विभिन्न क्रिप्टो कम्पनीमाथि कानुनी कारबाही चलाएको नियामक निकाय सेक्युरिटिज एन्ड एक्सचेन्ज कमिसनका अध्यक्ष गारी गेन्सलरप्रति खुसी छैनन्। उनले चुनावी अभियानका क्रममा गारीलाई बर्खास्त गर्ने बताइसकेका छन्। अधिल्लो महिना मात्रै आफ्नो प्रशासनले डिजिटल मुद्राअनुकूल नियमनको वातावरण मिलाउने र बाइडेन प्रशासनको क्रिप्टोमाथिको युद्ध अन्त्य गर्ने घोषणा गरेका थिए। बिटक्वाइनमा ट्रम्पका चुनावी अभियन्ता इलोन मस्कको ठुलो लगानी छ। मस्क र उनको कम्पनी टेस्लाले सन् २०२१ मा बिटक्वाइनमा डेढ अर्ब अमेरिकी डलर लगानी गरेको थियो।

अमेरिकाको सेयर बजारमा 'स्मल-क्याप (थोरै पुँजी) कम्पनीहरूको कारोबार हुने 'इन्डेक्सरसेल २००० इन्डेक्स'ले सबैभन्दा सकारात्मक प्रतिक्रिया जनाएको छ। यो इन्डेक्स ६ प्रतिशतको हाराहारीमा वृद्धि भयो, जुन यसको दुई वर्षयताको सबैभन्दा ठूलो एक दिवसीय वृद्धि हो।

'हाम्रो प्लेटफर्मले असाधारण प्रतिक्रिया साक्षात्कार गरेको छ। दैनिक कारोबारको भोल्युममा सात गुणाले वृद्धि भयो। साइनअप गर्नेको संख्या ३० प्रतिशतले वृद्धि हुँदा दैनिक सक्रिय प्रयोगकर्ताको संख्यामा ५० प्रतिशतको उछाल देखियो। यसले ट्रम्पको जितप्रति लगानीकर्ताको उत्साहलाई नै प्रतिबिम्बित गर्छ,' इकोनोमिक्स टाइम्सले अमेरिकी बजारमा भारतीय लगानीकर्तालाई सघाउने 'इन्भेस्टमेन्ट प्लेटफर्म 'भेस्टेड फाइनान्स'का सिइयो भिराम साहलाई उद्धृत गर्दै भनेको छ। ट्रम्पले आयातीत मालवस्तुमा उच्च महसुल लगाउँदा घरेलु कम्पनीहरू लाभान्वित हुने अपेक्षामा 'स्मल क्याप'का लगानीकर्ता उत्साहित देखिएका हुन्।

एसएन्डपी ५०० इन्डेक्समा २.५३ प्रतिशतको वृद्धि हुँदा एसएन्डपी ५०० बैंक इन्डेक्स सबैभन्दा बढी १०.६८ प्रतिशतले उचालिएको छ। अमेरिकाका ठुला कर्पोरेट क्षेत्र वेल्स फर्गो, सिटी ग्रुप, बैंक अफ अमेरिकाले प्रि-मार्केट ट्रेडिङमा ८ प्रतिशतको वृद्धि साक्षात्कार गरे भने जेपिमोर्गान र मोर्गान स्ट्यान्लेको सेयरमा ७ प्रतिशतको वृद्धि भयो। डाउ जोन्स इन्डस्ट्रियल एभरेज ३.५७ प्रतिशत, एसएन्डपी साढे २ प्रतिशतभन्दा बढेर नास्डाक कम्पोजिट इन्डेक्स २.९५ प्रतिशतले बढेको छ।

रुसमा उत्साह चीनमा निराशा



युरोपेली बजार सामान्य रूपमा सकारात्मक देखिए। एसियाली मुलुक जापानको बेन्चमार्क निकेई २२५ इन्डेक्स (२.६ प्रतिशत)ले वृद्धि भयो। चिनियाँ इक्विटी बजारले भने भयमिश्रित प्रतिक्रिया जनाएको छ। मुख्यभूमि चीनको सांघाई कम्पोजिटमा ०.१ प्रतिशतको गिरावट देखियो भने हङकङको हाङसेङ २.६ प्रतिशतले नकारात्मक रह्यो। चीनको सबैभन्दा ठूलो इभी निर्माता बिवाइडीको सेयर मूल्य ३.६ प्रतिशतले घटेको छ।

रुसी एसेस्ट मार्केटले भने सकारात्मक प्रतिक्रिया जनाएको छ। ट्रम्पले रुसमाथिको अमेरिकी प्रतिबन्ध खुकुले बनाउने विश्वास रुसी लगानीकर्तामा बलियो देखिन्छ। 'मस्को स्टक एक्सचेन्ज (एमओइएक्स) ३.३ प्रतिशतले वृद्धि भएको छ। युरोपका सेयर बजारहरूमा भन्दा मस्को स्टक एक्सचेन्जमा बढी उत्साह देखिन्छ।

अमेरिकाको प्रमुख व्यापार साझेदार जर्मनीको बजारमा पनि निराशा नै बढी देखियो। जर्मनीका प्रतिष्ठित कार निर्माता पोर्से, बिएमडब्लू, मर्सिडिज र फक्सवागनको सेयर मूल्यमा क्रमश ६.५ प्रतिशत, ६.४ प्रतिशत, ५ प्रतिशत र ४.९ प्रतिशतको गिरावट आयो।

■ नयाँ उचाइमा डलर

ट्रम्पको जितपछिको कारोबारमा डलरको विनिमय दर पाउन्ड, युरो एवं जापानी ऐनलगायत अन्य मुद्राहरूको तुलनामा १.६५ प्रतिशतले बलियो भएको छ। डलरको तुलनामा पाउन्ड १.१६ प्रतिशतले खस्कियो भने युरो १.८९ प्रतिशतले कमजोर भयो। कोभिड-१९ महामारीको समय सन् २०२० को मार्चमा सुरक्षित बजार खोज्दै लगानीकर्ता डलरतर्फ झुम्मिँदाजस्तै ट्रम्पको जित सुनिश्चित भएपछि पनि युरोमा हतास देखियो।



पोखरामा छैटौँ अन्तर्राष्ट्रिय उडान

कास्की/ सञ्चालनको २२ महिना पूरा हुँदा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा भर्खर छैटौँ चार्टर उडान भएको छ। विमानस्थलमा पहिलो अन्तर्राष्ट्रिय उडान गरेको चीनको सिचुवान एयरलाइन्सले १७ महिनापछि आफ्नो दोस्रो तथा विमानस्थलमा छैटौँ उडान गरेको हो।

यसअघि ६ असार ०८० मा सिचुवानले पोखरामा पहिलो अन्तर्राष्ट्रिय उडान भरेको थियो। कुनमिङ विमानस्थलबाट आएको सिचुवानको एयर बस ३१९ बिहीबार दिउँसो १४:०० बजे पोखरामा अवतरण गरेको थियो। चालक दलबाहेक एक सय २० जना यात्रु लिएर आएको सो विमान १५:४० बजे पोखराबाट काठमाडौंका लागि उडेको विमानस्थलकी सूचना अधिकारी जसोदा सुवेदीले जानकारी दिइन्।

२४ कात्तिकमा पोखरामा हुने तेस्रो संस्करणको 'पोखरा अन्तराष्ट्रिय पर्वतीय क्रस कन्ट्री दौड प्रतियोगिता'मा सहभागी हुन आएका हुन्। विमानस्थल सञ्चालनमा आएको आठ महिना सात दिन अर्थात् २३ भदौ ०८० मा भुटानको 'ड्रुक एयर'ले भुटानको पारो अन्तर्राष्ट्रिय विमानस्थलबाट चार्टर उडानसँगै पोखराबाट पहिलो व्यावसायिक अन्तर्राष्ट्रिय उडान गरेको थियो।

२२ कात्तिक ०८० मा चिनियाँ जनमुक्ति सेनाका दुई कार्गो विमानले पोखरामा क्रमशः तेस्रो र चौथो चार्टर उडान गरेका थिए। सो दुई विमानले भूकम्पप्रभावितलाई राहत लिएर आएका थिए। यसैगरी ७ मंसिर ०८० मा चीनको कुनमिङ सहरबाट हिमालय एयरलाइन्सको विमानले पोखरामा चार्टर उडान गरेको थियो।

छठमा स्वदेशी केराको खपत उच्च



महोत्तरीमा **रञ्जन भण्डारी**

शुक्रबारबाट बिधिवत समापन हुने छठ पर्वमा केराको खपत बढेपछि स्थानीय कृषक प्रसन्न भएका छन्। बिगतका आयातित केरामा निर्भर हुँदै आएको बजार स्थानिय केराले पनि लिन थालेको सम्सी गाउँपालिका- ४, गैढा भेटपुरका माँ वैष्णोदेवी कृषि फार्मका सञ्चालक रामध्यान मण्डलले बताए। तीन बर्षदेखि तीन बिघा जमिनमा केरा खेती गर्दै आएका उनले एक सिजनमा दुइ सय ५० मेट्रिक टन केरा स्थानीय बजारमा पठाएका छन्। प्रतिबिघा पाँच लाख लगानी गएको केरा खेतीबाट एक सिजनमा करिब नौ लाख आम्दानी भएको उनले बताए। 'केराले राम्रो आम्दानी दिन थालेपछि विस्तार गरी थप पाँच बिघामा झन्डै १० हजार बोट लगाएको छु,' उनले भने, 'सोही बोटले अर्को वर्ष उत्पादन दिन थाल्छ।'

कृषि ज्ञान केन्द्रले समेत केरालगायतका अन्य फलफूल खेतीमा कृषकलाई सघाउन केही बजेटसमेत छुट्याइएको कृषि ज्ञानकेन्द्र महोत्तरीका निमित कार्यालय प्रमुख मनीष पालले बताए। यस क्षेत्रको जलवायुसमेत अनुकूल भएकाले केराखेती गर्ने कृषक हरेक वर्ष बढ्दै गएको उनको भनाइ छ। 'हामीले आफ्नै उत्पादनलाई प्राथमिकता दिनुपर्छ,' पालले भने, 'कृषकले उत्पादन गरेको केरालगायतका विभिन्न फलफूल तथा खाद्य सामग्री किनिदिए उनीहरूको हौसला बढ्ने र उत्पादनले बजार पनि पाउँछ।' जी-९ जातको केरा गुलियो र रोगमुक्त हुने भएकाले स्थानीयहरूले समेत नेपाली उत्पादन मन पराउन थालेको मण्डललको भनाइ छ।

सुशिल कोइराला प्रखर क्यान्सर अस्पताल
खजुरा-७, बाँके

बोलपत्र स्विकृत गर्ने आशय सम्बन्धी सूचना

प्रकाशित मिति : २०८१/०७/२३

यस अस्पतालबाट मिति २०८१/०६/०९ गतेको राष्ट्रिय दैनिक तथा इजिपी पोर्टलमा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना बमोजिम रितपूर्वक दाखिला हुन आएका बोलपत्रहरु मध्ये न्युनतम् मुल्याङ्कित सारभुतरुपमा प्रभावग्राही तपसिल बमोजिमको बोलपत्र स्वीकृतिका लागि छनौट गरिएकाले सार्वजनिक खरिद ऐन, २०६३ (संसोधन सहित) को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो आशय सूचना प्रकाशित गरिएको छ।

तपसिल

ठेक्का नं.	कामको नाम	बोलपत्रदाताको नाम	कबोल अंक (मु.अ.क. बाहेक)
SKPCH/NCB/ WORKS/07/2081/082	Construction Work Of Steel Structure For Pharmacy & Laboratory At Sushil Koirala Prakhar Cancer Hospital	Prabhu Development Builders, Banke	37,33,642.25
SKPCH/NCB/ WORKS/08/2081/082	15 Bed Building Construction Work	Rachna Construction, Bardiya	19,81,294.76
SKPCH/NCB/ WORKS/09/2081/082	Canteen Building Construction Works	Maansi & Purvanshi Construction, Banke	13,23,436.89

चितवन फूड इण्डष्ट्रिज लिमिटेडद्वारा प्रस्तावित चितवन फूड इण्डष्ट्रिजको प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मितिः २०८१/०७/२३

बागमती प्रदेश चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं-०९ मा चितवन फूड इण्डष्ट्रिज लिमिटेडद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

प्रस्तावकको नाम र ठेगाना	चितवन फूड इण्डष्ट्रिज लिमिटेड खैरहनी नगरपालिका-९, सिमलटाँडी, चितवन फोन नं: ०५६-५८३६६८ ईमेलः **info@bigindustriesnepal.com**
प्रस्तावको व्यहोरा	चितवन फूड इण्डष्ट्रिज लिमिटेडद्वारा बागमती प्रदेश चितवन जिल्ला,खैरहनी नगरपालिका-९, सिमलटाँडीमा कित्ता नं ८९५,११८७ को ४९८९.९१ वर्ग.मि. जम्मा क्षेत्रफल दैनिक ७०० देखि ८०० लिटर तोरीको तेल उत्पादन गर्ने उद्देश्यले तोरी पेल्ने चितवन फूड इण्डष्ट्रिज सञ्चालन गर्न लागेको हो।
प्रभाव पर्न सक्ने क्षेत्र	चितवन जिल्ला, खैरहनी नगरपालिका र खैरहनी नगरपालिका वडा नं.-९

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिन हुन हार्दिक अनुरोध गरिन्छ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः

प्रस्तावकको नाम र ठेगाना	चितवन फूड इण्डष्ट्रिज लिमिटेड खैरहनी नगरपालिका-९, सिमलटाँडी, चितवन फोन नं: ०५६-५८३६६८ ईमेलः **info@bigindustriesnepal.com**
परामर्शदाताको नाम र ठेगाना	बिग ईण्डष्ट्रिज लिमिटेड काठमाडौं महानगरपालिका-०३, रानीवारी, काठमाडौं फोन नं.: ०१-४९५३८४६ ईमेलः **bigltd2021@gmail.com**

दुबईको भिसा त्यागेर ड्रागन खेती

वैदेशिक रोजगारीमा जान ठिक्क परेका कमलबहादुर राना अहिले आफ्नै बारीमा ड्रागन खेती गरेर मनग्यै आम्दानी गर्दै छन्, सुरुमा खिसीट्युरी गर्ने छिमेकी र आफन्त पनि उनको पौरख देखेर दंग छन्

बाँकेमा **विश्वराज पछ्लडङ्गया**

वैदेशिक रोजगारीका लागि दुबईको भिसासमेत लगाएर बसेका जानकी गाउँपालिका- ४ नहरपुर्वाका कमलबहादुर राना एक दिन युट्युबमा आएका भिडियो मोबाइलमा हेरिरहेका थिए। त्यही वेला ड्रागन खेतीको बजार र उत्पादनबारे विस्तृत जानकारीसहितको भिडियो हेर्न पुगे। भिडियो हेरिसकेपछि उनले विदेश जाने भिसा रद्द गरेर तत्कालै ड्रागन खेती थाल्ने निर्णय लिए।

'विदेश जानुभन्दा स्वदेशमै केही गरौं भन्ने भावना पहिलेदेखि नै थियो। युट्युबमा हेरेको एउटा भिडियोले मेरो जिन्दगीमा नयाँ आयाम थपिदियो,' उनले भने। युट्युबमा हेरेको भिडियोबाट प्राप्त जानकारीअनुसार उनले आफ्नो १० कट्ठा जमिनमा पाँच सय बोट ड्रागन फ्रुटका बिरुवा रोपेका छन्। सुरुवातमा छिमेकी र आफन्तले कृषि गरेको देखेर हँसीमजाक गरेको उनले विगत सम्झिए। 'टन्टलापुर घाममा ड्रागनको बोट लगाएको देखेर धेरैले खिसीट्युरी गरे। कतिपयले त बहुलायोसमेत भनेर गिज्याए,' कमलले भने।

तर, उनले हिम्मत हारेनन्। बरु, वैदेशिक रोजगारीमा रहेकाहरूको भन्दा बढी प्रगति गरेर देखाउने अठोट गरेका कारण अहिले सफलता मिलेको उनले बताए, 'चर्को घाममा ड्रागनको ससाना टुप्पा मात्र देखिन्थ्यो। देख्नेहरूले हाँसीमजाक गर्थे। ड्रागनको फूल फुलेपछि भने सुन्दर देखियो। मन आनन्दित भयो,' उनले भने, 'वरपरका छिमेकी खेतमै आएर हेर्न थाले र बिस्तारै तारिफ गर्न थाले।' परिश्रमले फल दिन ,थालेपछि



बारीमा फलेको ड्रागन फ्रुट देखाउँदै जानकी गाउँपालिका- ४, नहरपुर्वाका कमलबहादुर राना।

■ २० लाखको लगानी दुई वर्षमै उठ्यो, अहिले प्रतिफल लिँदै

■ अर्काको देशमा श्रम गर्न जान लागेका रानाले अहिले आफ्नै बारीमा दिइरहेका छन् ६ जनालाई रोजगारी

विगतको हेपाहा प्रवृत्ति र दुःख सबै बिर्सिएको उनले सुनाए।

उनले ड्रागन खेती थालेको तीन वर्ष पुगिसकेको छ। यो अवधिमा करिब २० लाख रुपैयाँ खर्च भए पनि दुई वर्षमै लगानी उठिसकेको छ। अहिलेसम्म तीनपटक ड्रागन टिपिसकेका छन्। प्रतिकिलो चार सय रुपैयाँका दरले हालसम्म २५ क्विन्टल बिक्री गरिसकेको उनले जानकारी दिए। 'लगानी उठिसक्यो, अब कमाइखाने वेला भएको छ,' उनले खुसी हुँदै भने।

वैदेशिक रोजगारीमा जाने सोच बनाएका उनले बारीमा ६ जनालाई रोजगारी दिएका छन्। अन्यत्रभन्दा बढी ज्यालासमेत दिएको उनको भनाइ छ। बिचौलियाका कारण उपभोक्ता मारमा परेको बताउँदै उनले व्यापारीलाई भन्दा सर्वसाधारणलाई प्राथमिकता दिएर ड्रागन फ्रुट बिक्री गरिरहेको बताए। 'मसँग चार सय रुपैयाँ प्रतिकेजी किनेर व्यापारीले ग्राहकसँग सात सय रुपैयाँमा बिक्री गर्छन्। म त व्यापारीलाई भन्दा सीधै किसानलाई बेच्छु। पाक्नेबित्तिकै सर्वसाधारण किन्न पनि आउँछन्,' उनले भने।

ड्रागन फ्रुट तीन प्रकारको भएको बताउँदै उनले रातो रङ भएको पहिलो श्रेणी र खाँदा पनि स्वादिलो हुने जानकारी दिए।

उनले ड्रागनको बोटनजिक सिमेन्टको पिलर गाडेर त्यसको माथि मोटरसाइकलको टायर बाँधेका छन्। त्यही टायरमा ड्रागनको बोट चारैतिर फैलिएको छ। प्रतिटायर ५० रुपैयाँका दरले खरिद गरेको उनले बताए। विदेश जाने युवालाई स्वदेशमै रोजगारी गर्न पनि उनले सुझाव दिए।

हुन्डाई आयोनिक ५ इभी १०० किलोवाटमा पनि उपलब्ध हुने

काठमाडौं/ हुन्डाईको इलेक्ट्रिक कार आयोनिक ५ अब १०० किलोवाट मोटरमा उपलब्ध हुने भएको छ। नेपालमा हुन्डाईको आधिकारिक वितरक लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले उपलब्ध गराउने भएको हो। १०० किलोवाट क्षमताको आयोनिक ५ इभीको मूल्य ९२ लाख ९६ हजार रुपैयाँ हुनेछ। सन् २०२२ फेब्रुअरीमा आयोनिक ५ नेपाल आएको थियो।



आयोनिक ५ मा ५८ किलोवाट क्षमताको ब्याट्री जडान गरिएको र यसले तीन सय ७५ किलोमिटरसम्मको रेन्ज दिने दाबी गरिएको छ। आयोनिक ५ ले २०२२ को विश्व कार अफ दी इयर, विश्व इलेक्ट्रिक कार अफ दी इयर र विश्व कार डिजाइन अफ दी इयरजस्ता सम्मान प्राप्त गरेको छ।

अन्तर्राष्ट्रिय रूपमा समेत चर्चा पाइसकेको हुन्डाई आयोनिक सबैभन्दा बढी सजावटयुक्त र प्रिमियम इलेक्ट्रिक कार मान्न सकिन्छ। यो निकै नै स्टाइलिस र फ्युचरिस्टिक मोडेलमा उपलब्ध छ, जसमा भएको प्यारामेट्रिक पिक्सेल हेडल्याम्प, क्लाम सेल हुड र पिक्सेल टेललाइटले लोभ्याउने कम्पनीको भनाइ छ। आयोनिक ५ इभीको मोटर पावर फरक भए पनि सो इभीले दिने रेन्ज र अन्य स्पेक भने एक सय २५ किलोवाटको जस्तै हुनेछ।

करिब एक महिनाभित्रै सो नयाँ गाडी नेपाली बजारमा उपलब्ध हुने १०० किलोवाटको आयोनिक ५ खरिद गर्न चाहने ग्राहकले आजबाटै सोरुममा बुक गर्न सक्नेछन्।

प्रिमियम फिचर, भविष्यउन्मुख डिजाइन र उत्कृष्ट रेन्ज दिने आयोनिक ५ लग्जरी क्रसओभर सेग्मेन्टमा बिक्री हुँदै आएको विद्युतीय कार हो। हुन्डाईले यसलाई आठ सय भोल्ट इलेक्ट्रिकल आर्किटेक्चरमा तयार गरेको हो। आयोनिक ५ नेपालमा उपलब्ध अहिलेसम्मकै छिटो चार्ज हुन सक्ने इभी हो। यसले तीन सय ५० किलोवाट क्षमताको डिसी फास्ट चार्जर सपोर्ट गर्छ। उक्त चार्जरले यसलाई १८ मिनेटमा नै १० देखि ८० प्रतिशत चार्ज गर्न सक्ने बताइएको छ।

रुपन्देही व्यापार संघको रजत महोत्सव सुरु

बुटवल/ रुपन्देही व्यापार संघको रजत महोत्सव साताव्यापी कार्यक्रम सुरु भएको छ। कार्यक्रमअन्तर्गत पहिलो दिन बिहीबार संघले मानवसेवा आश्रम बुटवलको सुक्खानगर र तिलोत्तमाको पश्चिम पहुनीमा आश्रित दुई सयजनालाई खाद्यान्न तथा न्यानो कपडा वितरण गरेको छ।

तिलोत्तमाको पश्चिम पहुनीमा रहेको मानवसेवा आश्रममा आयोजित खाद्यान्न तथा न्यानो कपडा वितरण कार्यक्रमको शुभारम्भ गर्दै तिलोत्तमा नगरपालिकाका प्रमुख रामकृष्ण खाणले मानवताको सेवा जीवनको सर्वोत्तम कार्य भएको बताए। उनैले समाजमा हराउँदै गएको मानव सेवाभावलाई जागृत गर्ने गरी आश्रममा रुपन्देही व्यापार संघले गरेको सहयोगको कामले सबैलाई प्रेरणा प्रदान गर्ने विश्वास व्यक्त गरे।

कार्यक्रममा संघका पूर्वअध्यक्ष मोतीलाल पाण्डेले आश्रममा रहेर जीवन बिताउँदै गरेका दिनदुःखीलाई सेवा गर्ने अवसर पाएकोमा खुसी व्यक्त गरे। संघका अध्यक्ष दीपकप्रसाद अधिकारीले संघले यसप्रकारका कार्यक्रम आयोजना गरिँदै आएको उल्लेख गर्दै भोलिका दिनमा पनि मानवसेवा आश्रममा जोडिएर काम गर्ने प्रतिबद्धता जनाए।

Nepal Red Cross Society
National Headquarters, Kathmandu
1st Notice published on 8 November 2024

Calling Proposal for Hiring research Consulting firm for qualitative data collection of Non communicable diseases (NCDs) from Bhajani municipality and Laljhadi rural municipality of Kailali and Kanchapur districts respectively.

Proposals are hereby invited from related firm/company/institutions submit the sealed quotation.

All interested Research consulting firms/companies can purchase the Terms of Reference (ToR) from the Nepal Red Cross Society National Headquarters, Kalimati, Kathmandu during office hours in working days from 8 November 2024 to 22, November 2024 against payment of Rs. 4,000/- (non-refundable).

The bidders should submit **two separate envelopes for financial and technical proposals** during office hours **on or before 22, November 2024** to Nepal Red Cross Society, National Headquarters, Kalimati, and Kathmandu. The bidder should have to submit the VAT/PAN registration and renewal certificate, Tax Clearance Certificate, Company Registration Certificate, Self-Declaration Letter and Other relevant documents (if required) with technical proposal.

The received technical proposal will be opened on **23 November 2024 at 12.30 pm** at Procurement Management Division, Nepal Red Cross Society, National Headquarters, Red Cross Marg, Kalimati, Kathmandu.

The bidder(s) must deposit 2.5% (two and a half percent) including VAT 13% of the total bid amount as Earnest Money in the form of Bank Voucher against cash deposited in account No. 17-0002089-33 of Nepal Red Cross Society at Standard Chartered Bank Ltd., Baneshwor, Kathmandu, or bank guarantee with the validity of at least 90 days at the submission of bids. The successful bidder(s) will have to deposit 10% (ten percent) of the order value including VAT as Performance Security at the time of signing the purchase agreement.

The firm should have completed at least two year this types of work experience.

All the interested firms are requested to submit the required documents as mentioned in the ToR.

NRCS reserves the right to accept or reject in part/or whole of any tender without assigning any reason whatsoever and will not be obligated to accept the lowest offer

Nepal Red Cross Society
National Headquarters
Phone: 015370650

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

तपशिलमा उल्लिखित ऋणीहरूलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मिति २०८१/०७/२३

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

तपशिलमा उल्लिखित ऋणीहरुले यस नेपाल इन्भेष्टमेण्ट मेगा बैंक (साबिक नेपाल ईन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)बाट उपभोग गर्नुभएको कर्जा समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ । अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु/धितो सुरक्षणदाताले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चलअचल सम्पति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको सम्पति लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणी तथा व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/विवरण	क्र.सं.	ऋणी तथा व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/विवरण
१.	**ऋणी : भिमसेन लामा (धितो कर्जा)- शाखा कार्यालय सुर्खेत** (ना.प्र.नं. ६२४८०, मिति २०६१/०८/२४ मा जि.प्र.का. सुर्खेतबाट जारी भएको), ठेगाना : विरेन्द्रनगर न.पा. ०५, सुर्खेत बाबु : कृष्ण बहादुर लामा, बाजे : प्रवलाल लामा **व्यक्तिगत जमानीकर्ता :** **भगवती थापा** (ना.प्र.नं. ६४१०२०/८८७६१, मिति २०६५/१०/०८ मा जि.प्र.का. सुर्खेतबाट जारी भएको) पति : भिमसेन लामा, ससुरा : कृष्ण बहादुर लामा	२.	**ऋणी : राज कुमार साह (लघु आवधिक कर्जा)- शाखा कार्यालय लक्ष्मीनिया**, (ना.प्र.नं. ७५७२२१०७, मिति २०५५/०१/१६ मा जि.प्र.का. धनुषाबाट जारी भएको), ठेगाना : रघुनाथपुर ०६, धनुषा, बाबु : रामेश्वर साह (तेली), बाजे : गणेशी साह (तेली) **व्यक्तिगत जमानीकर्ताहरु :** **१. रामेश्वर साह (तेली)** (ना.प्र.नं. ४०७२१०४२, मिति २०३६/०७/२६ मा जि.प्र.का. धनुषाबाट जारी भएको) बाबु : गणेशी साह (तेली), बाजे : सौदागर साह **२. सुरिता साह** (ना.प्र.नं. १५-०१-७१-०६७४५, मिति २०७१/१२/०४ मा जि.प्र.का. धनुषाबाट जारी भएको) पति : राज कुमार साह, ससुरा : रामेश्वर साह (तेली)
३.	**ऋणी : अग्निराज प्रसाई (आवास कर्जा)- शाखा कार्यालय बिर्तामोड**, (ना.प्र.नं. ०४३५७०४३३१८, मिति २०४२/०६/१२ मा जि.प्र.का. झापाबाट जारी भएको), ठेगाना : बिर्तामोड न.पा. ०४, झापा बाबु : घनपति प्रसाई, बाजे : धर्मानन्द प्रसाई **व्यक्तिगत जमानीकर्ता :** **गंगा देवी सिवाकोटी** (ना.प्र.नं. १९२७१६२४, मिति २०४४/१२/११ मा जि.प्र.का. झापाबाट जारी भएको) पति : अग्निराज प्रसाई, ससुरा : घनपति प्रसाई	४.	**ऋणी : प्रकाश बि.क. (धितो कर्जा)- शाखा कार्यालय भिमाद** (ना.प्र.नं. ४३१०४५/१०१५४४, मिति २०६४/०६/०३ मा जि.प्र.का. तनहुँबाट जारी भएको), ठेगाना : भिमाद न.पा. ०६, तनहुँ बाबु : कुल बहादुर कामी, बाजे : मुक्त बहादुर कामी **व्यक्तिगत जमानीकर्ता :** **अमृता बि.क** (ना.प्र.नं. : ४३१०४५/३४६, मिति २०६८/०४/२६ मा जि.प्र.का. तनहुँबाट जारी भएको) पति : प्रकाश बि.क., ससुरा : कुल बहादुर कामी
५.	**ऋणी : आकाश बादल किराना स्टोर्स (साना तथा मझौला उद्यम व्यवसाय कर्जा)- शाखा कार्यालय भिमाद** प्रा.फ.र.नं. : १९३४/०६९/०७०, ठेगाना : भिमाद ०१, तनहुँ **प्रोपाईटर :** **मिन बहादुर थापा** (ना.प्र.नं. ४५२५, मिति २०४२/०१/३० मा जि.प्र.का. तनहुँबाट जारी भएको) बाबु : तुले थापा, बाजे : अम्बर सिङ थापा **व्यक्तिगत जमानीकर्ताहरु :** **१. जय बहादुर थापा** (ना.प्र.नं. १३२४, मिति २०४४/११/०७ मा जि.प्र.का. तनहुँबाट जारी भएको) बाबु : तुले थापा, बाजे : अम्बर सिङ थापा **२. रुमा थापा** (ना.प्र.नं. ४३३०४४/९२, मिति २०६३/१०/२३ मा जि.प्र.का. तनहुँबाट जारी भएको) पति : मिन बहादुर थापा, ससुरा : तुले थापा **३. आकाश थापा** (ना.प्र.नं. ४३-०१-७२-०८४२५, मिति २०७२/१२/२३ मा जि.प्र.का. तनहुँबाट जारी भएको) बाबु : मिन बहादुर थापा, बाजे : तुले थापा	६.	**ऋणी : माउन्टेन मेटिङ हयाण्डीक्राफ्ट एक्सपोर्ट (चालुपूँजी कर्जा)- शाखा कार्यालय ठमेल**, प्रा.फ.र.नं. : १०७३५१/०६९/०७०, ठेगाना : का.म.न.पा. २९, ठमेल, काठमाडौं **व्यक्तिगत जमानीकर्ताहरु :** **१. सुबाश घिमिरे** (ना.प्र.नं. ३०१०२६/१६५८३६, मिति २०६४/१०/०२ मा जि.प्र.का. काभ्रेपलाञ्चोकबाट जारी भएको) बाबु : कष्ण प्रसाद घिमिरे, बाजे : लक्ष्मी प्रसाद घिमिरे **२. कष्ण प्रसाद घिमिरे** (ना.प्र.नं.१७३२/४७९३, मिति २०४५/०१/०२ मा जि.प्र.का. काभ्रेपलाञ्चोकबाट जारी भएको) बाबु : लक्ष्मी प्रसाद घिमिरे, बाजे : मेघ प्रसाद घिमिरे **३. कृष्ण कुमारी सापकोटा** (ना.प्र.नं.९७९३, मिति २०४५/०२/१२ मा जि.प्र.का. काभ्रेबाट जारी भएको) पति : कष्ण प्रसाद घिमिरे, ससुरा : लक्ष्मी प्रसाद घिमिर **४. बन्दना ढकाल** (ना.प्र.नं. २७१०६०/३९१७४, मिति २०६६/०२/२६ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको) पति : सुबाश घिमिरे, ससुरा : कृष्ण प्रसाद घिमिरे
७.	**ऋणी : कस्केली ट्रेडर्स(विविध कर्जा)- शाखा कार्यालय पर्स्याङ** प्रा.फ.र.नं. : १८५६१/०७६/०७७ ठेगाना : पोखरा म.न.पा. ०५, कास्की **व्यक्तिगत जमानीकर्ताहरु :** **१. रामचन्द्र तिमिल्सीना** (ना.प्र.नं. १२८८८७, मिति २०५२/०५/२१ मा जि.प्र.का. कास्कीबाट जारी भएको) बाबु : खडानन्द तिमिल्सीना, बाजे : भुवानी प्रसाद तिमिल्सीना **२. सिता तिमिल्सीना (भण्डारी)** (ना.प्र.नं. ४६१०२०/१२०, मिति २०६४/०६/२७ मा जि.प्र.का. कास्कीबाट जारी भएको) पति : रामचन्द्र तिमिल्सीना, ससुरा : खडानन्द तिमिल्सीना	८.	**ऋणी : नारायण सिंह बराल (लघु आवधिक कर्जा)- शाखा कार्यालय खुर्कोट**, (ना.प्र.नं. ६०२८/४३०९, मिति २०४२/०८/१३ मा जि.प्र.का. सिन्धुलीबाट जारी भएको) ठेगाना : सुनकोसी ०६, सिन्धुली बाबु : रत्न बहादुर बराल, बाजे : अम्बर बहादुर बराल **व्यक्तिगत जमानीकर्ता :** **सुभद्रा कुमारी बराल (रायमाझी)** (ना.प्र.नं. २०-०१-७१-०४६९०, मिति २०७१/१०/१२ मा जि.प्र.का. सिन्धुलीबाट जारी भएको) पति : नारायण सिंह बराल, ससुरा : रत्न बहादुर बराल
९.	**ऋणी : पार्वती फेशन स्टोर (लघु आवधिक कर्जा)- शाखा कार्यालय कटैया**, प्रा.फ.र.नं. ४५५०७/०७६/०७७ ठेगाना : ओमसतीचा ०१, रुपन्देही **व्यक्तिगत जमानीकर्ताहरु :** **१. किसुन कुमारी थरूनी** (ना.प्र.नं. ६४९, मिति २०४४/११/०५ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको) पति : काशी प्रसाद थारु, ससुरा : राम औतार थारु **२. पार्वती थारु** (ना.प्र.नं.३७-०२-७५-०८४५७, मिति २०७५/१२/१८ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको) बाबु : तुलसी प्रसाद थारु, बाजे : काशी प्रसाद थारु **३. तुलसी प्रसाद थारु** (ना.प्र.नं. ७३३, मिति २०४४/११/०६ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको) बाबु : काशी प्रसाद थारु, बाजे : राम औतार थारु	१०.	**ऋणी : बङ्गलामूखी फेन्सी पसल (महिला उद्यमशीलता कर्जा)- शाखा कार्यालय न्यूरोड**, प्रमाण पत्र नं. : ७८ ठेगाना : टोखा न.पा. ०६, काठमाडौं **व्यक्तिगत जमानीकर्ताहरु :** **१. शशीला शाही** (ना.प्र.नं. ६०३०२७/३५१, मिति २०६५/०१/१२ मा जि.प्र.का. गुल्मबाट जारी भएको) बाबु : नर बहादुर शाही, बाजे : कृष्ण बहादुर शाही **२. गिता देवकोटा** (ना.प्र.प.नं. ६५०४-७५९, मिति २०५२/०९/१७ मा जि.प्र.का. रुकुमबाट जारी भएको) पति : यम प्रसाद देवकोटा, ससुरा : कृष्ण बहादुर देवकोटा **३. यम प्रसाद देवकोटा** (ना.प्र.नं. ७००१/१५२९, मिति २०५२/११/२९ मा जि.प्र.का. रुकुमबाट जारी भएको) बाबु : कृष्ण बहादुर देवकोटा, बाजे : बुद्धराम देवकोटा
११.	**ऋणी : प्यासन कलेक्सन (नगद क्रेडिट कर्जा)- शाखा कार्यालय कुमारीपाटी**, प्रा.फ.र.नं. १४४८२९/०७५/०७६ ठेगाना : ललितपुर म.न.पा. १८, ललितपुर **व्यक्तिगत जमानीकर्ताहरु :** **१. सुशिला दाहाल** (ना.प्र.नं. ३०-०१-०६६-००५१७, मिति २०६६/०८/१८ मा जि.प्र.का. काभ्रेपलाञ्चोकबाट जारी भएको) पति : प्रवीण चौलागाइ, ससुरा : आश्वीन प्रसाद चौलागाई **२. प्रवीण चौलागाई** (ना.प्र.नं. ३०१०४७/१६१९५६, मिति २०६४/०२/२८ मा जि.प्र.का. काभ्रेपलाञ्चोकबाट जारी भएको) बाबु : आश्वीन प्रसाद चौलागाई, बाजे : राम प्रसाद चौलागाई **३. आश्वीन प्रसाद चौलागाई** (ना.प्र.नं.२११२/८०४, मिति २०४४/१२/०१ मा जि.प्र.का. काभ्रेपलाञ्चोकबाट जारी भएको) बाबु : राम प्रसाद चौलागाई, बाजे : चुडामणि चौलागाई **४. निर्मला चौलागाई** (ना.प्र.नं. ७५२७५, मिति २०५४/१२/०६ मा जि.प्र.का. काभ्रेपलाञ्चोकबाट जारी भएको) पति : आश्वीन प्रसाद चौलागाई, ससुरा : राम प्रसाद चौलागाई	१२.	**ऋणी : शुभश्री कृष्ण इन्टरप्राइजेज (विविध कर्जा)- शाखा कार्यालय कुमारीपाटी**, प्रा.फ.र.नं. ८११९४/६४/६५ ठेगाना : का.म.न.पा. ३५, काठमाडौं **व्यक्तिगत जमानीकर्ताहरु :** **१. रामजी बुढा** (ना.प्र.नं.२११०५१/२६८५, मिति २०६४/०७/२७ मा जि.प्र.का. रामेछापबाट जारी भएको) बाबु : पदमबहादुर बुढा, बाजे : भिम बहादुर बुढा **२. सुमित्रा दंगाल** (ना.प्र.नं.२४३०३५/४६८, मिति २०६३/११/०७ मा जि.प्र.का. सिन्धुपाल्चोकबाट जारी भएको) पति : रामजी बुढा, ससुरा : पदमबहादुर बुढा

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिबेक्षण तथा अनुगमन कार्यालय, पोखरा
गोरखा सडक योजना
गोरखा

बोलपत्र स्वीकृतिका लागि आशयको सूचना

प्रकाशित मिति:२०८१।०७।२३

यस गोरखा सडक योजना कार्यालयको मिति २०८१।०४।३२ मा हिमालय टाइम्स दैनिक पत्रिकामा प्रकाशित सूचना नं. T1/081/82 अन्तर्गत पर्न आएका सिलबन्दी बोलपहरूको मूल्याङ्कन गर्दा न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्रहरू देहाय बमोजिम भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ आशयको सूचना प्रकाशित गरिएको छ।

सि. नं.	ठेक्का नं.	योजनाको नाम	ठेक्का स्वीकृत भएको फर्मको नाम	कबोल अंक (मु.अ.कर र पि.एस. समेत)	कैफियत
१.	11CRP/ 33701169-4/ 081/082-01	Upgrading Works at Chhotetar Rampur Khalthok Sanodarbung Jyaaja Langhalichowk, Sadak, Gorkha.	M/S Jaljala Multibigness Construction and Suppliers, Gangadev-05, Rolpa.	62,62,125.90	
२.	11CRP/ 33701169-4/ 081/082-02	Blacktop, Cross-Drainage & Structure Works at Gorkha Campus to Mandredhunga, Gorkha Municipality-07, Gorkha.	M/S Diamond Infra Engineering Pvt.Ltd., Palungtar Municipality-01, Gorkha.	70,75,777.48	
३.	11CRP/ 33701169-4/ 081/082-03	Upgrading Works at Chanaute-Taku-Deurali-Aarupokhari-Aarughat Sadak (Chanaute and Deurali)	M/S Ujjwal Nirman Sewa, Tarkeshwor Municipality-10, Kathmandu.	62,85,076.47	
४.	11CRP/ 33701169-4/ 081/082-04	RCC Pavement & Drain Construction Works at Jyoti Chautara-Belbas-Chaap Bhanjyang-Aappipal Aspatal Sadak, Gorkha.	M/S Unique Nirman Sewa Gorkha Municipality-10, Gorkha.	61,13,019.90	
५.	11CRP/ 33701169-4/ 081/082-05	Upgrading works at Samiphed Dumredanda Pathibhara Hospital Aapipal Bhanjyang Madkilo Katahare Road.	M/S Jaljala Multibigness Construction and Suppliers, Gangadev-05, Rolpa.	61,47,212.40	
६.	11CRP/ 33701169-4/ 081/082-06	Upgrading Works at Phalame Abanda Biruwatar Palungtar Municipality-07, Gorkha Road.	M/S RISING BARYTECH J.V., Lokanthali.	60,84,602.60	
७.	11CRP/ 33701169-4/ 081/082-07	Upgrading Works at BanjaraChowk-Lapsichaur-Thamdanda-Ukhibari-Dhand-Mid Hill Highway-Palungtar, Gorkha Road.	M/S Unique Nirman Sewa Gorkha Municipality-10, Gorkha.	60,39,987.05	
८.	11CRP/ 33701169-4/ 081/082-08	Upgrading Works at Magargaun Sakhra Dumredanda Road, Palungtar.	M/S Rising Construction Company Pvt. Ltd., Lokanthali.	50,88,289.02	
९.	11CRP/ 33701169-4/ 081/082-09	Rigid Pavement, Drainage, Retaining & Sub-base Works at Baghdanda Charghare Lajikot Luitel Bhanjyang Road, Palungtar 10, Gorkha Road.	M/S Chhatreswori-Rising J.V. Lokanthali, Bhaktapur.	1,16,39,803.19	
१०.	11CRP/ 33701169-4/ 081/082-10	Upgrading works at Benighat-Siurintar-Darbungphaat-Dhabey-Majhitar-Ghatbeshi-Arughat Sadak Road, Gorkha.	M/S Prativa Builders, Gandaki Rula Municipality-07, Gorkha.	1,04,93,890.81	
११.	11CRP/ 33701169-4/ 081/082-11	Upgrading Works at Road with Retaining Structrue, Cross Drainage, Rigid Pavement & Sub-base works at Katahre-Madkilo-Nursary-Simpani-Bimire Sadak, Gorkha.	M/S Hansakriti Nirman Sewa Pvt. Ltd., Manahari-05, Makawanpur.	92,86,383.04	
१२.	11CRP/ 33701169-4/ 081/082-12	Upgrading Works at Barpak Larprak Gumda Machhikhola Road, Gorkha.	M/S S.S.A.N. Construction Pvt. Ltd. Bakaiy-07, Adheri, Makwanpur, Hetauda.	55,26,428.48	

योजना प्रमुख

■ यू-१९ विश्वकप एसिया छनोट-२०२४

कुवेतमाथि नेपालको सानदार जित

१३१ रनको लक्ष्य पछ्याएको कुवेतलाई २२ रनमा रोक्दै नेपालले १०८ रनको फराकिलो जित निकाल्यो



कुवेतविरुद्ध विकेट लिएपछि नेपाली खेलाडी

नयाँ पत्रिका

नेपालले युएईमा चलिरहेको आइसिसी यू-१९ महिला विश्वकपअन्तर्गत एसिया छनोटमा बिहीबार कुवेतमाथि १०८ रनको सानदार जित निकालेको छ । नेपालले लगातार दोस्रो खेलमा जित हात पारेको हो । यसअघि पहिलो खेलमा नेपालले थाइल्यान्डलाई ६७ रनले हराएको थियो । लगातार दुई जितपछि नेपालले ४ अंक बटुलेको छ । दुबईस्थित दी सेभेन्स रंगशालामा टस जितेर ब्याटिङ गरेको नेपालले २० ओभरमा आठ विकेट गुमाएर १३० रनको योगफल खडा गऱ्यो । नेपालको कसिलो बलिङ सामना गर्न नसकेको कुवेतले १३ ओभरमा सबै विकेट गुमाएर २२ रन मात्र जोड्यो ।

कसिलो बलिङ

कुवेतविरुद्ध नेपाली युवा बलरले कसिलो बलिङ गरे । सीमा केसीले दुई ओभरमा मेडन राखी दुई विकेट लिइन् । थाइल्यान्डसँगको खेलमा चार विकेट लिएकी रचनाकुमारी चौधरीले कुवेतविरुद्धको प्रतिस्पर्धामा दुई विकेट लिइन् । रचनाले दुई ओभरमा एक मेडन राखी १ रन दिइन् । पूजा महतो, कृष्मा गुरुङ र मनीषाकुमारी उपाध्यायले समान एक विकेट लिए । पूजाले ९, कृष्माले ७ र मनीषाले १ रन दिएका थिए । नेपाली बलरले कुवेतविरुद्ध ६५ डट बल फ्याँकेका थिए । दोस्रोमा नेपालले २ अतिरिक्त रन दिएको थियो । अघिल्लो खेलमा नेपाली बलरले अतिरिक्त रन दिएका थिएनन् ।

कुवेतका ६ खेलाडीको शून्य रन

कुवेतले नेपालसँगको प्रतिस्पर्धामा गतिलो ब्याटिङ प्रदर्शन गर्न सकेन । ओपनर जेफा जिलानीबाहेक अन्य ब्याट्सम्यानले दोहोरो अंकमा रन बनाउन सकेनन् । नेपालको उत्कृष्ट बलिङ स्पेलमा कुवेती खेलाडी रन लिन संघर्षरत थिए । ६ खेलाडीले स्कोर बोर्डमा रन नै बनाउन सकेनन् । क्यान्डिस डिआस, मारिया डी साउजा, मोहन सिंह, अमिसा ओलाची, पिएल सेरेना तथा जाहिर हुसेन डकआउट भएका थिए । सो इनिङ्समा जेफाले १७ बलमा दुई चौकाको सहयोगमा १२ रन बनाइन् । कुवेतले लक्ष्य पछ्याएको इनिङ्समा १.३, १.६ ओभर, ८.३ र ८.५ ओभरमा समान दुई विकेट गुमाएको थियो ।

पूजाले जोडिन् सर्वाधिक रन

नेपालको ब्याटिङमा कप्तान पूजाले सर्वाधिक ३४ रनको योगदान दिइन् । उनले लगातार दोस्रो खेलमा नेपालका लागि सर्वाधिक रन बनाइन् । कुवेतविरुद्ध उनले ३८ बलमा चार चौका प्रहार गरिन् । साना प्रवीणले १८ बलमा पाँच चौकाको महतमा २५ रन जोडिन् । ज्योत्स्निका मरासिनीले १८ बलमा २३ रन बनाइन् । उनले आफ्नो इनिङ्समा एक चौका प्रहार गरेकी थिइन् । यसैगरी अलिषाकुमारीले १० बलमा एक चौकाको सहयोगमा १५ रन बनाइन् । नेपालले कुवेतबाट १६ अतिरिक्त रन पाएको थियो । पाख्रिनलाई गुमाउँदा नेपाल ५६-३ को अवस्थामा थियो । मरासनी र महतोले चौथो विकेटका लागि ४७ रनको साझेदारी गरेका थिए । अब नेपालले आफ्नो तेस्रो खेल शनिबार घरेलु टोली युएईसँग खेल्नेछ ।

■ नेपालले ६ महिनापछि लिग २ खेल्ने

नेपाली राष्ट्रिय क्रिकेट पुरुष टोलीले ६ महिनापछि आइसिसी विश्वकप लिग २ सिरिज खेल्नेछ । यस वर्ष नेपालको कुनै अन्तर्राष्ट्रिय सिरिज छैन । सन् २०२४ को सिजनमा नेपालले लिग २ का तीन सिरिजमा १२ खेलबाट ६ अंक बटुल्यो । नेपाल अंकतालिकाको सातौँ स्थानमा छ । नेपालले सन् २०२५ को मेमा स्कटल्यान्डमा चौथो सिरिज खेल्नेछ । जसमा नेपालले आयोजक राष्ट्रसँगै नेदरल्यान्ड्सविरुद्ध प्रतिस्पर्धा गर्नेछ । विश्वकप लिग २ अन्तर्गत २०२४ देखि २०२६ सम्म आइसिसीको अस्थायी एकदिवसीय (एसोसिएट) आठ राष्ट्रबिच २४ वटा त्रिकोणात्मक एकदिवसीय सिरिज भइरहेको छ । विश्वकप लिग २ आइसिसी एकदिवसीय विश्वकप २०२६ को छनोटको आधार हो । तीन वर्षभित्र प्रत्येक टोलीले समान नौ सिरिज खेल्नेछन् । विश्वकप लिग २ मा प्रत्येक राष्ट्रले ३६ एकदिवसीय खेल खेल्नेछन् । विश्वकप लिग २ रोड म्यापअनुसार एक राष्ट्रले एक वर्षमा तीन सिरिज खेल्नेछ । प्रत्येक राष्ट्रले एक वर्षमा घरमा एक र बाहिर दुई सिरिज खेल्नेछन् । नेपालले यस वर्षको आफ्नो कोटा पूरा गरिसकेको छ ।

नेपालले गत फेब्रुअरीमा त्रिवि क्रिकेट मैदानमा नामिबिया र नेदरल्यान्ड्सविरुद्ध त्रिकोणात्मक एकदिवसीय सिरिजसँग विश्वकप लिग २ को थालनी गरेको हो । घरेलु भूमिपछि नेपालले यो दुई महिनामा क्यानडा र अमेरिकामा विश्वकप लिग २ सिरिजमा सहभागिता जनायो । अब नेपालको २०२५ र २०२६ मा पनि समान तीन सिरिज खेल्ने तालिका छ । विश्वकप लिग २ मा आठ राष्ट्रले समग्रमा १४४ एकदिवसीय खेल्नेछन् । लिग २ मा शीर्ष चारमा पर्ने टोलीको एकदिवसीय मान्यता रक्षा हुनेछ । शीर्ष चार राष्ट्र सीधै विश्वकपमा पुग्नेछन् । बाँकी चार राष्ट्रले विश्वकप क्वालिफायर प्लेअफ खेल्नेछन् । प्लेअफमा विश्वकप च्यालेन्ज लिगबाट आएका चार राष्ट्र सहभागी हुनेछन् । प्लेअफका शीर्ष चार राष्ट्रले एकदिवसीय मान्यता पाउनेछन् ।



क्यानडा र अमेरिकामा मौका गुमायौँ : कप्तान पौडेल

क्यानडा र अमेरिकामा विश्वकप लिग २ सिरिजमा सहभागी भएर बुधबार स्वदेश फर्किएको नेपाली टोलीका कप्तान रोहित पौडेलले मौका गुमाएको प्रतिक्रिया दिएका छन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कप्तान पौडेलले क्यानडा र अमेरिकामा उद्देश्य पूरा नभएको बताएका हुन् । 'नेपालबाट जुन उद्देश्यका साथ क्यानडा र अमेरिका गएका थियौँ, त्यो लक्ष्य पूरा गर्न सकेनौँ,' उनले भने, 'अंकतालिकामा सुधार गर्ने मौका थियो, नेपालले त्यो अवसर गुमायो ।'

अमेरिकाको तुलनामा क्यानडाको भ्रमण राम्रो नभएको उनको भनाइ छ । 'क्यानडामा नेपालले राम्रो गर्न सक्थ्यो, प्रशिक्षणअनुरूप क्यानडामा नतिजा आउने विश्वास थियो,' उनले भने, 'विशेष गरी क्यानडामा राम्रो भएन, अमेरिकासँग दुई खेल हाऱ्यौँ, भ्रमणलाई समग्रमा मिसआउट गऱ्यौँ ।' आठ खेलबाट ४ अंक बटुलेपछि नेपालको शीर्ष चारभित्रको यात्रा कठिन हुन सक्ने उनको बुझाइ रह्यो । 'यी दुवै राष्ट्रमा भएका खेलमा नेपालले अंक बटुल्न नसक्दा आगामी खेलमा चुनौती हुने देखिन्छ,' कप्तान पौडेलले भने । पछिल्ला दुई सिरिजमा कुल आठमध्ये दुई खेलमा नेपाल विजयी भयो । नेपाल पाँच खेलमा पराजित भयो । दुई खेल वर्षाका कारण रद्द भयो । कप्तान पौडेलले ६ महिनपछि हुने सिरिजका लागि केन्द्रित हुने बताए । 'अब नेपाली ब्याट्सम्यानले ५० ओभरको खेलमा बानी पार्नुपर्नेछ, यो फर्म्याटमा खेलाडी सहज बन्न सकेका छैनन्,' उनले भने, '५० ओभरको खेल अझ बढी खेल्नुपर्छ, हामीले दुई दिवसीय खेल खेल्यौँ भने ५० ओभरमा राम्रो हुन्छ ।'

■ नेपाल प्रिमियर लिग

पोखरामा समर्थक बटुल्दै एभेन्जर्स

कास्कीमा रोहितराज पराजुली

पोखरा एभेन्जर्सले नेपाल प्रिमियर लिग (एनपिएल)मा समर्थन जुटाउने अभियान सुरु गरेको छ । दक्षिण अफ्रिकाका चर्चित क्रिकेटर जोन्टी रोड्सलाई परामर्शदाता र सल्लाहकारका रूपमा भित्र्याएको पोखराले बिहीबार उनको सम्मानमा 'राइड विथ जोन्टी रोड्स' आयोजना गरेको छ । कार्यक्रममा पोखराका विभिन्न नौ संस्थाले सहयोग गरेका छन् । नेपाल र टोलीको लोगोअंकित झन्डासहित रोड्सलाई फिस्टेल गेटदेखि पोखराको विभिन्न चोक परिक्रमा गराइएको थियो ।

पोखरा एभेन्जर्सका अध्यक्ष सुबोध त्रिपाठीले क्रिकेटका लागि रोड्सको आबद्धताले आफूहरू उत्साहित भएको बताए । 'रोड्सलाई भित्र्याउनु टोलीका लागि मात्र नभएर नेपालको क्रिकेटलाई समेत फाइदा पुग्नेछ,' त्रिपाठीले भने । दक्षिण अफ्रिकाका लागि एकदिवसीय तथा टेस्टमा उत्कृष्ट अलराउन्ड प्रदर्शन गरेका रोड्सको अनुभवमा पोखराले एनपिएलमा राम्रो नतिजा निकाल्ने उनको भनाइ छ । 'विश्व क्रिकेटकै एक उत्कृष्ट अलराउन्डरको सहयोगमा एनपिएलमा राम्रो नतिजा निकाल्ने र युवा खेलाडीको क्षमता अभिवृद्धि हुने विश्वास लिएका छौं,' त्रिपाठीले भने ।

१० करोडको बजेट

एनपिएल अक्सनमा पोखरा सबैभन्दा महँगो फ्रेन्चाइज टोली बनेको थियो । टोली बलियो बनाउन राम्रा खेलाडी अनुबन्ध गर्न पोखराले अक्सनमा तीन करोड ५७ लाख खर्च गरेको थियो । लिग सकिँदासम्म १० करोड खर्च हुने अध्यक्ष त्रिपाठीले जानकारी दिएका छन् । 'अक्सनमा खर्चिलो टोली बन्यौँ, अब लिग सकिँदासम्म १० करोड सकिनेछ ।' क्रिकेटलाई आफूहरूले उद्योगका रूपमा विकास गर्न चाहेको उनले बताए । 'युवा खेलाडी उत्पादनसँगै क्रिकेटलाई व्यावसायिक बनाउने उद्देश्यसहित अगाडि आएका छौं,' उनले भने, 'खेललाई नाफा वा घाटाका रूपमा कहिल्यै हेरिनँ ।'


पोखरा रंगशाला देखेर दंग रोड्स



रोड्सले पोखराको सुन्दरता देखेर आफू मोहित भएको बताएका छन् । अर्कोपटक परिवारसहित यहाँ आउने उनले बताए । 'यहाँको वातावरणबाट मोहित भएँ, अर्कोपटक परिवारसँगै आउनेछु,' ऱ्यालीपछि उनले भने, 'पोखराले दिएको माया र सद्भावप्रति कृतज्ञ छु ।' पोखरा रंगशालास्थित क्रिकेट मैदान विश्वमा कतै खोजेर नपाइने उनले दाबी गरेका छन् । 'हिमशृंखला हेरेर क्रिकेट खेल्न सकिने मैदान पोखराबाहेक अन्य स्थानमा छैन,' उनले बयान गरे, 'पोखराको मैदानले मलाई मोहित बनाएको छ, विश्वमा उत्कृष्ट क्रिकेट रंगशाला पोखरामा छ ।'

दक्षिण अफ्रिकाका लागि रोड्सले ५२ टेस्ट र २४५ एकदिवसीय खेलेका थिए । केही वर्षअघि उनले नेपालको राष्ट्रिय टोली र उमेर समूहका टोलीलाई छोटो प्रशिक्षणसमेत दिएका थिए । उनी अहिले इन्डियन प्रिमियर लिगमा लखनउ सुपर जायन्ट्ससँग आबद्ध छन् । उनले जलवायु परिवर्तनका कारण हिमालमा असर परेकाले यसको निराकरणका लागि लाग्नुपर्ने बताए । उनले नेपाली क्रिकेटको भविष्य उज्ज्वल रहेको प्रतिक्रिया दिएका छन् ।

३६औँ ओलम्पिकको दाबी गर्दै भारत



एजेन्सी

भारतको गुजरात सहरले ३६औँ ग्रीष्मकालीन ओलम्पिक खेलकुद प्रतियोगिता आयोजनाको दाबी गरेको छ । भारतीय ओलम्पिक कमिटीले १२ वर्षपछिको ओलम्पिक आयोजनाका लागि अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी)लाई प्रस्ताव पठाएको एजेन्सीले जनाएका छन् । ओलम्पिक खेल आयोजना गर्न भारतबाहेक टर्की, इन्डोनेसिया, चिली, इजिप्ट, दक्षिण कोरिया, कतार, साउदी अरेबिया, हंगेरी, डेनमार्क र क्यानडाले पनि प्रस्ताव राखेका छन् ।

सबै राष्ट्रले ओलम्पिक आयोजना गर्न ठुलो धनराशिको बजेट सार्वजनिक गरिसकेका छन् । चीनको छेन्दुले प्रस्ताव राख्ने जनाए पनि अन्तिम समयमा हात झिक्यो । भारतीय ओलम्पिक कमिटीले गुजरातमा ओलम्पिक खेल आयोजना गर्न ६ वटा स्पोर्टस् कम्प्लेक्स निर्माण गर्न ६ हजार करोड भारु खर्चने बजेट सार्वजनिक गरेको छ । गुजरातको ओलम्पिक गुरुयोजना अहिलेसम्मकै भारतमा उपलब्ध खेल कम्प्लेक्सभन्दा अत्याधुनिक हुने दाबी गुजरात ओलम्पिक आयोजना तथा निर्माण कम्पनीले गरेको छ ।

'ओलम्पिक कमिटी तथा आइओसीलाई सबै प्रस्ताव र गुरुयोजना पठाइसकेका छौं,' निर्माण कम्पनीले जनाएको छ, 'गुरुयोजना तयार पार्न तीन महिना गृहकार्य गरेका थियौं, सरकारका सिनियर अफिसरले पनि यसको तारिफ गरेका छन् ।' अहमदाबादको सरदार भालाभाइ पटेल स्पोर्टस् क्षेत्रमै नयाँ कम्प्लेक्स बन्नेछन् । प्रधानमन्त्री नरेन्द्र मोदीले मंगलबार गान्धीनगरमा यसको शिलान्यास गरेका छन् । यस कम्प्लेक्सभित्र नै ५० हजार दर्शक क्षमताको रंगशाला र १० हजार अट्ने टेनिस सेन्टर हुनेछन् । नारायण स्पोर्टस् कम्प्लेक्स ६१५ करोड भारु खर्चेर पुनर्निर्माण हुनेछ ।

आकर्षक गुरुयोजना

गुजरातले प्रस्तुत गरेको गुरुयोजना आकर्षक रहेको भारतीय मिडियाले जनाएका छन् । गुरुयोजनाअनुसार ८२ हजार ५५७ वर्गमिटर क्षेत्रफलमा फुटबल, हक्की, बास्केटबल, कबड्डी, बक्सिङ, लनटेनिस तथा रनिङ ट्र्याक निर्माण हुनेछन् । पाँच सय एकडको क्षेत्रफलमा ओलम्पिक भिलेज रहनेछ । जहाँ ओलम्पिकमा सहभागी खेलाडीदेखि अफिसियललाई १०-१५ तलाको अपार्टमेन्टमा राखिनेछ ।

भारतबाहेक टर्की, इन्डोनेसिया, चिली, इजिप्ट, दक्षिण कोरिया, कतार, साउदी अरेबिया, हंगेरी, डेनमार्क र क्यानडाको पनि सन् २०३६ को ओलम्पिक आयोजनाको प्रस्ताव

प्रधानमन्त्री मोदीको सपना पनि एकपटक भारतलाई कम्तीमा ओलम्पिक राष्ट्र आयोजक बनाउनु हो । उनको यस सपनामा भारतीय ओलम्पिक कमिटी लागेको छ । अहमदाबाद सहरी विकास योजनाले सन् २०३३ सम्म ओलम्पिकको गुरुयोजनाको भौतिक निर्माण पूरा भइसक्ने बताएको छ ।

'सन् २०३६ को ओलम्पिकका लागि सन् २०३० सम्म पूर्वाधार तयार गर्नेछौं,' सहरी विकास योजनाले जनाएको छ ।

रोनाल्डो र मेसी पछ्याउँदै लेवान्डोस्की

एजेन्सी

युरोपियन च्याम्पियन्स लिगमा क्रिस्टियानो रोनाल्डोको नाममा सर्वाधिक १४० गोल संख्या रहेको छ । रोनाल्डोपछि लियोनल मेसी १२९ गोलका साथ दोस्रो स्थानमा छन् । अहिले यी दुवै खेलाडी युरोपियन फुटलबमा आबद्ध छैनन् । रोनाल्डो साउदी अरेबिया र मेसी अमेरिकामा व्यावसायिक फुटबल खेलिरहेका छन् । बार्सिलोनाका रोबर्ट लेवान्डोस्की दुवै खेलाडीको गोल संख्या पछ्याउँदै छन् । पोल्यान्डका लेवान्डोस्कीले च्याम्पियन्स लिगमा ९९ गोल संख्या पुऱ्याएका छन् ।

बुधबार राति युरोपियन च्याम्पियन्स लिगमा बार्सिलोनाले रेड स्टार बेलग्रेडलाई ५-२ ले हराउँदा लेवान्डोस्कीले दुई गोल गरेका थिए । अब अर्को खेलमा उनले एक गोल गरे च्याम्पियन्स लिगमा सय गोल गर्ने उनी तेस्रो खेलाडी बन्नेछन् । च्याम्पियन्स लिगमा उनले १५२ खेल पूरा गरेका छन् । उनले बोरुसिया डर्टमन्डबाट १७, बायर्न म्युनिखबाट ६९ र बार्सिलोनाबाट १३ गोल गरे । उनको प्रतिखेल गोल औसत ०.८ रहेको छ । च्याम्पियन्स लिगमा सर्वाधिक गोल गर्ने शीर्ष दशमध्ये तीन खेलाडी युरोपियन क्लबमा आबद्ध छन् । लेवान्डोस्कीबाहेक फ्रान्सका केलियन एम्बाप्पे र जर्मनीका थोमस मुलर हुन् । उनी ४९ गोलका साथ नवौं स्थानमा छन् । युक्रेनका एन्ड्रिय सेभचेन्को ४८ गोलका साथ दशौं स्थानमा छन् ।



च्याम्पियन्स लिगमा गोल

सन्	खेलाडी	गोल	सहभागी
२००३-०२२	क्रिस्टियानो रोनाल्डो	१४०	१८३
२००५-०२३	लियोनल मेसी	१२९	१६३
२०११-	रोबर्ट लेवान्डोस्की	९९	१२४
२००५-०२३	करिम बेन्जेमा	९०	१५२
१९९५-०११	राहुल गोन्जालेज	७१	१४२
१९९८-००९	रुडभान निस्टोलरोय	५६	७३
२००९-	थोमास मुलर	५४	१५४
१९९२-०१२	थियरी हेनरी	५०	११२
१९५५-६४	अल्फेडो डी	४९	५८
२०१६-	केलियन एम्बाप्पे	४९	७७

बार्सिलोनाको सानदार जित

स्पेनिस क्लब बार्सिलोनाले च्याम्पियन्स लिगमा जित निकाल्यो । सर्बियाली क्लब रेड स्टार बेलग्रेडविरुद्ध इनिगो मार्टिनेजले १३औँ मिनेटमा बार्सिलोनालाई १-० को अग्रता दिलाए । खेलको २७औँ मिनेटमा बेलग्रेडका सिलसले १-१ को बराबरी गोल फर्काए । १० मिनेटको अन्तरमा लेवान्डोस्कीले दुई गोल गरी बार्सिलोनालाई ३-१ को स्थितिमा राखे । उनले ४३औँ र ५३औँ मिनेटमा गोल गरेका हुन् । खेलको ५५औँ मिनेटमा बार्सिलोनाका कप्तान राफिन्हाले गोल गरे ।

अर्को खेलमा एथ्लेटिको म्याड्रिडले फ्रेन्च क्लब पिएसजीलाई २-१ ले पराजित गरेको थियो । बार्सिलोनाले ४ खेलबाट ९ अंक बनाएको छ । बार्सिलोना छैटौं स्थानमा छ । लगातार चार खेलमा पराजित बेलग्रेड ३५औँ नम्बरमा छ । पिएसजी २५औँ र एथ्लेटिको २३औँ स्थानमा छ । यसैगरी सिरी ए क्लब इन्टर मिलानले आर्सनलमाथि १-० को जित निकाल्यो ।

कीर्तिमानी धाविका सुनमाया फर्किइन्



नयाँ पत्रिका

नेपाल एडभेन्चर रनिङ महासंघले चीनमा भएको दुई अन्तर्राष्ट्रिय ट्रेल रेसमा स्वर्ण पदक जितेकी धाविका सुनमाया बुढालाई बिहीबार स्वागत गरेको छ । सुनमायाले ११ अक्टोबरमा भएको अल्ट्रा ट्रेल निन्घाईमा स्वर्ण जितेकी थिइन् । ६० किलोमिटर दूरीको रेस उनले ५ घण्टा ४० मिनेट ०३ सेकेन्डमा पूरा गरेकी थिइन् । अर्को स्वर्ण उनले २ नोभेम्बरमा भएको साइगु १०० केमा जितिन् । सुनमायाले निर्धारित १०५ किलोमिटर दूरी ९ घण्टा ३२ मिनेट ४७ सेकेन्डमा तय गरेकी थिइन् । दुवै रेसमा सुनमायाले कोर्स रेकर्ड पनि कायम गरेको महासंघकी सदस्य एवं अन्तर्राष्ट्रिय समन्वयकर्ता प्रीति खत्रीले जनाएकी छिन् ।

दुई प्रतियोगितासहित सुनमायाले यस वर्ष नौ अन्तर्राष्ट्रिय रेसमा सहभागिता जनाएकी छिन् । उनले सात रेसमध्ये तीनमा पहिलो स्थान हात पारिन् । उनी एक प्रतियोगितामा तेस्रो भइन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उनलाई महासंघका अध्यक्ष एकेन्द्र कुँवर, वरिष्ठ उपाध्यक्ष राजन खत्रीलगायतले स्वागत गरेका थिए । अध्यक्ष कुँवरले सुनमायाको सफलता र साहसको प्रशंसा गर्दै चाँडै नगद पुरस्कारसहित सम्मान गर्ने प्रतिबद्धता व्यक्त गरे ।

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौं र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com